सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ चैत २०८२, शुक्रबार (20 March 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३० ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ फेक रेस्क्यु प्रकरण

३३ जनाविरुद्ध एक अर्ब ३० करोड बिगो दाबीसहित आज अदालतमा मुद्दा दर्ता हुँदै



नेपाल घुम्न आएका विदेशी पर्यटकको उद्धारपछि उपचार गरेको भन्दै नक्कली कागजात बनाई बिमा रकम ठगी गर्ने घटनामा संलग्नविरुद्धको मुद्दा अदालतमा दर्ता हुने

(विस्तृत पृष्ठ ३)

'गरिबको चमेली' बन्न सक्छ बालेन सरकार



● राजेश विद्रोही

निराशाजनक परिवेशबिच अबका दिनमा बन्ने बालेन सरकारप्रतिको अभूतपूर्व जनविश्वास एउटा नयाँ आशाको संकेत बनेर आएको छ

(पृष्ठ ४)

विश्वकै ठुला ग्यास खानीमा आक्रमणसँगै इरान युद्ध नयाँ चरणमा प्रवेश



साउदी अरबले 'आवश्यक परेमा सैन्य कारबाहीमा उत्रने' चेतावनी दिएसँगै खाडी राष्ट्रसमेत युद्धमा तानिने जोखिम बढेको छ

(विस्तृत पृष्ठ ५)

■ विश्व बैंकको प्रतिवेदन भन्छ-



नेपालको ठेक्का प्रक्रिया दक्षिण एसियाकै ढिलो, औसतमा २३१ दिन लाग्ने

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

१३ चैतमा बालेन सरकार

१२ चैतमा नवनिर्वाचित सांसदहरूको शपथ हुने, त्यसै दिन रास्वपा केन्द्रीय समिति बैठक बसेर बालेनलाई संसदीय दलको नेता चुन्ने क्षेत्राधिकार संसदीय दललाई दिने, दलको नेता चुनिएपछि बालेनले १३ चैतमा प्रधानमन्त्रीको शपथ लिने



● **कवीन्द्र बुर्लाकोटी**, रास्वपा महामन्त्री

१२ चैतमा नवनिर्वाचित सांसदहरूको शपथ हुन्छ। त्यही दिन हाम्रो पार्टीको केन्द्रीय समिति बैठक बसेर बालेनलाई संसदीय दलको नेता चुन्ने क्षेत्राधिकार संसदीय दललाई दिने निर्णय हुन्छ। संसदीय दलले नेता चुन्छ। उहाँ (बालेन)लाई नेता चुन्न विधान संशोधन गर्नुपर्दैन। राजनीतिक सहमतिले नै ओभरलु गर्छ। त्यसपछि १३ गते प्रधानमन्त्रीको शपथ हुन्छ। मन्त्रीहरूले पनि सँगै शपथ लिन्छन्। त्यतिखेरसम्म मन्त्रीहरू पनि छनोट गरिसकिन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभामा झन्डै दुईतिहाइ सिटको जनादेश प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार १३ चैतमा बन्ने भएको छ। बिहीबार साँझ बसेको रास्वपा शीर्ष नेताहरूको बैठकले पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले १३ चैतमा प्रधानमन्त्रीको शपथ लिने तय गरेको हो।

संसद् सचिवालयले १२ चैतको दिउँसो २ बजे सिंहदरबारस्थित नयाँ संसद् भवनको बहुउद्देश्यीय हलमा नवनिर्वाचित सांसदहरूको शपथ राखेको छ। बिहान ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपतिबाट शपथ लिने छन्। दिउँसो अन्य सदस्यहरूलाई केसीले शपथ गराउनेछन्। शपथको भोलिपल्ट १३ चैतमा वरिष्ठ नेता बालेनको नेतृत्वमा नयाँ सरकार गठन हुने रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीले जानकारी दिए। उनी बिहीबार दिउँसो संसद् सचिवालयले बोलाएको सर्वदलीय बैठकमा पनि सहभागी थिए।

'१२ चैतमा नवनिर्वाचित सांसदहरूको शपथ हुन्छ। त्यही दिन हाम्रो पार्टीको केन्द्रीय समिति बैठक बसेर बालेनलाई संसदीय दलको नेता चुन्ने क्षेत्राधिकार संसदीय दललाई दिने निर्णय हुन्छ। संसदीय दलले नेता चुन्छ। उहाँ (बालेन)लाई नेता चुन्न विधान संशोधन गर्नुपर्दैन। राजनीतिक सहमतिले नै ओभरलु गर्छ,' उनले भने, 'त्यसपछि १३ गते प्रधानमन्त्रीको शपथ हुन्छ। मन्त्रीहरूले पनि सँगै शपथ लिन्छन्। त्यतिखेरसम्म मन्त्रीहरू पनि छनोट गरिसकिन्छ।'

» पृष्ठ ९ मा क्रमशः

■ सरकार गठनको निर्णायक 'कोर्स'



१३ चैतमा बालेनको नेतृत्वमा नयाँ सरकार गठन गर्ने निष्कर्ष निकालेको रास्वपा शीर्ष नेताहरूको 'निर्णायक' बैठक। बिहीबार साँझ दरबारमार्गस्थित रोयल सिङ्गी होटेलमा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) तथा उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्लेबिच प्रधानमन्त्रीको शपथ र सरकार गठनबारे छलफल भएको हो। निर्वाचन आयोगले समानुपातिक सांसदलाई पनि प्रमाणपत्र दिएर राष्ट्रपति रामचन्द्र पौडेलले अन्तिम मतपरिणाम प्रतिवेदन बुझाएपछि रास्वपाका शीर्ष नेताहरू सरकार गठनको निर्णायक 'कोर्स'मा प्रवेश गरेका हुन्। उपसभापति वाग्लेले 'राजकाज, आज साँझको छलफल' भन्दै फेसबुकमार्फत तस्बिर सार्वजनिक गरेका थिए। १२ चैतमा नवनिर्वाचित सांसदहरूको शपथपछि सोही दिन पार्टी केन्द्रीय समिति बैठकबाट संसदीय दलको नेता चुन्ने क्षेत्राधिकार संसदीय दललाई दिने र दलको बैठकले बालेनलाई नेता चुन्ने निष्कर्ष शीर्ष नेताहरूले निकालेका छन्। महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार शीर्ष नेताहरूले बाँकी एक साताभित्र मन्त्रीहरू पनि टुंग्याएर प्रधानमन्त्रीमा बालेनसँगै मन्त्रीहरूको पनि शपथ गराउने गरी औपचारिक छलफल थालेका हुन्। सरकार गठनका लागि आवश्यक तयारीबारे अब निरन्तर छलफल हुने रास्वपाका अर्का नेता असिम शाहले बताए।

अन्तिम मतपरिणाम प्रतिवेदन राष्ट्रपतिकहाँ, खुल्यो सरकार गठनको बाटो

अब राष्ट्रपतिले धारा ७६(१) अनुसार बहुमत प्राप्त दलको नेतालाई प्रधानमन्त्रीमा दाबी गर्नका लागि गर्नेछन् आह्वान

निर्वाचन आयोगले २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम प्रतिवेदन राष्ट्रपतिलाई बुझाएको छ। आयोगका पदाधिकारी बिहीबार अपराह्न शीतलनिवास पुगेर राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिवेदन बुझाएका हुन्। राष्ट्रपतिलाई प्रतिवेदन प्राप्त भएसँगै सरकार गठनको बाटो खुलेको छ। आयोगले राष्ट्रपतिलाई प्रतिवेदन बुझाएपछि सरकार गठनको आह्वान हुने संवैधानिक व्यवस्था छ। अब राष्ट्रपतिले धारा ७६(१) अनुसार बहुमत प्राप्त दलको नेतालाई प्रधानमन्त्रीमा दाबी गर्नका लागि आह्वान गर्नेछन्।

संसद् अधिवेशन १६ चैतमा बोलाउने प्रस्ताव

निर्वाचनको अन्तिम परिणाम प्रतिवेदन बिहीबारै संसद् सचिवालयले प्राप्त गरेको छ। प्रतिवेदन प्राप्त भएको ३० दिनभित्र संघीय संसद् अधिवेशन बोलाउनुपर्ने संवैधानिक व्यवस्था छ। अधिवेशन बोलाउने विषयलाई लिएर सचिवालयले बिहीबार सर्वदलीय छलफल गऱ्यो। उक्त सर्वदलीय छलफलमा संघीय संसद्को आगामी अधिवेशन १६ चैतमा बोलाउने प्रस्ताव गरिएको छ। त्यसो त संसद् अधिवेशनको आह्वान मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने संवैधानिक प्रावधान छ। तर, १३ चैतमा बालेनले प्रधानमन्त्रीको शपथ लिएपछि १६ चैतमा संसद् अधिवेशन गर्न असम्भव छैन। सर्वदलीय छलफलमा सहभागी रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीले भने, 'अधिवेशन प्रस्ताव १६ गतेका लागि हुन्छ कि भन्ने कुरा छ, नयाँ सरकारले नै बोलाउने होला।'

सबै राष्ट्रिय दलले पाए संसदीय कार्यालय

यता संसद् सचिवालयले राष्ट्रिय दलहरूलाई संसदीय दलको कार्यालय व्यवस्थापन गरेको छ। प्रवक्ता एकराम गिरीका अनुसार कांग्रेस र एमालेलाई पुरानै कार्यालय व्यवस्थापन गरिएको छ भने रास्वपालाई पहिले माओवादी बसेको कार्यालय उपलब्ध गराइएको छ। त्यस्तै, नेकपा, श्रम संस्कृति र राप्रपालाई गृह मन्त्रालयछेउको भवनमा कार्यालय व्यवस्थापन गरिएको छ। यसपालि ६ दल मात्रै राष्ट्रिय दल बन्न सफल भएका छन्।

■ सभापति थापाले राजीनामा दिए अस्वीकृत गर्ने पार्टीको तयारी



● **विश्वप्रकाश शर्मा**, उपसभापति

नैतिक जिम्मेवारी लिन्छु भन्नु सकारात्मक। तर, यति वेलाको नैतिक दायित्व स्थिति सम्हाल्ने दायित्व हो। बैठकमा प्रारम्भिक समीक्षा, सभापतिको राजीनामा-पत्र र राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस हुनेछ। डढेलो निभाउन पुगेको व्यक्तिलाई आगलागीकै दोष बोकाउनु न्यायसंगत हुँदैन।

आज बस्दै छ कांग्रेस केन्द्रीय कार्यसमिति बैठक

नयाँ पत्रिका

निर्वाचनमा आफू र पार्टी पराजयको नैतिक जिम्मेवारी लिँदै सभापति गगन थापाले दिएको राजीनामालाई कांग्रेसले अस्वीकार गर्ने तयारी गरेको छ। उपसभापति विश्वप्रकाश शर्माका अनुसार शुक्रबार (आज) दिउँसो बस्ने केन्द्रीय कार्यसमिति बैठकमा थापाको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस हुनेछ। थापाले बुधबारै शर्मासमक्ष राजीनामा दिएका थिए।



'नैतिक जिम्मेवारी लिन्छु भन्नु सकारात्मक। तर, यति वेलाको नैतिक दायित्व स्थिति सम्हाल्ने दायित्व हो,' शर्माले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'बैठकमा प्रारम्भिक समीक्षा, सभापतिको राजीनामा-पत्र र राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस हुनेछ।

उपसभापति शर्माले चुनावी परिणामको दोष अहिले सभापति थापालाई मात्रै लगाउनु अन्याय हुने पनि बताएका छन्। उनले अगाडि लेखेका छन्, 'डढेलो निभाउन पुगेको व्यक्तिलाई आगलागीकै दोष बोकाउनु न्यायसंगत हुँदैन।'

२१ फागुनको निर्वाचनमा पार्टीको पक्षमा लज्जास्पद नतिजा आएपछि थापाले २५ फागुनमै शर्मालाई भेटेर राजीनामा दिने बताएका थिए। तर, शर्माले त्यति वेला राजीनामा नदिन सुझाएका थिए।

कांग्रेसले प्रतिनिधिसभामा २७५ सिटमध्ये जम्मा ३८ सिट जितेको छ।

» पृष्ठ ९ मा क्रमशः



आज र भोलि भीषण हावाहुरी र चट्याङसहित असिनापानीको प्रक्षेपण

आज पश्चिम र भोलि पूर्वकेन्द्रित वर्षा तथा हावाहुरी, शनिबार रातिदेखि मौसम सुधार

■ राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अपिल- **विशेष काम नपरी यात्रामा ननिस्कनू**

यम बम/नयाँ पत्रिका

आज (शुक्रबार) र भोलि (शनिबार) देशका अधिकांश ठाउँमा भीषण हावाहुरी र चट्याङसहित असिनापानी पर्ने आकलन गरिएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार यस्तो अवस्था शुक्रबार पश्चिमी क्षेत्रमा र शनिबार पूर्वी क्षेत्रमा हुनेछ। विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि यी दुई दिन सतर्कता अपनाउन अपिल गरेको छ।

पश्चिमी वायु सक्रिय भएका वेला न्यूनचापीय प्रणाली पनि भित्रिएकाले

» पृष्ठ ९ मा क्रमशः

■ पश्चिममा दाङ-नेपालगन्ज र पूर्वमा विराटनगर-धरान-धनकुटा क्षेत्रमा दिउँसोपख प्रतिघण्टा ११९ किलोमिटरका दरले हुरी चल्ने आकलन



गत सोमबार रौतहटको चन्द्रपुर नगरपालिका- ३, गैँडाटारमा हावाहुरीले क्षति पुऱ्याएको केराबारी

जल तथा मौसम विज्ञान विभागका अनुसार हावाहुरी पनि शुक्रबार पश्चिम र शनिबार पूर्वी क्षेत्रमा चल्नेछ। विभागकी प्रवक्ता विभूति पोखरेलका अनुसार शुक्रबार अपराह्नतिर (१-२ बजेतिर) दाङ, बाँकेको नेपालगन्जसहितका क्षेत्रमा तीव्र गतिको हावा चल्ने देखिएको छ। हावाको गति प्रतिसेकेन्ड झन्डै ३३ मिटर (प्रतिघण्टा ११९ किलोमिटर)का दरले चल्ने सम्भावना रहेको उनले बताइन्। यसबाहेक सुदूरपश्चिम र लुम्बिनीका तराईसँगै पहाडी क्षेत्रमा पनि हावाहुरीको सम्भावना छ। हावाहुरी बागमतीमा समेत चल्ने देखिए पनि बाँके र दाङको तुलनामा वेग कम हुने आकलन गरिएको छ।

त्यस्तै, शनिबार पूर्व क्षेत्रका विराटनगर, धनकुटा र धरानआसपासका क्षेत्रमा तीव्र हावाहुरी चल्ने सम्भावना रहेको पोखरेलले बताइन्। शनिबारको हावाको वेग पनि प्रतिघण्टा ११९ किलोमिटरहाराहारी रहनेछ। जल तथा मौसम विज्ञान विभागका अनुसार शनिबार जनकपुर, सिमरा क्षेत्रमा पनि ठुलो हावाहुरीको सम्भावना छ। 'यस्तो हावाहुरीले रुख ढल्ने, कमजोर संरचना र छाना उड्ने, विद्युत् तथा सञ्चार सेवा प्रभावित हुने जोखिम रहन सक्छ,' उनले भनिन्, 'शुक्रबार र शनिबार सजग हुनुपर्ने देखिन्छ।'

Infrastructure Development Office

Khalanga, Jajarkot

Invitation for Bids (IFB No: JKT-14/082/083)

Date of First Publication: 2082-12-06 (20 March,2026)

1. Infrastructure Development Office (IDO), Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

SN	Contract Identification No./Description of works	Estimated Amount with VAT (NRs)	Bid Security Amount (NRs.)	Bid Validity and Bid Security Validity Period	Bid Document Fee (NRs.)
1	IDO/JKT/W/NCB/BLD/66/082-083, Construction of Chandra Jyoti Aa.Bi., Shiwalaya-07, Jajarkot	42,96,721.12	120000.00	90 days and 120 days from bid opening date.	3000.00
2	IDO/JKT/W/NCB/BLD/67/082-083, Construction of Construction of Mahindra ma bi,Junichade-11,Jajarkot	54,13,083.00	155000.00		
3	IDO/JKT/W/NCB/BLD/68/082-083, Construction of Ne Ra Aa.Bi. Building,Junichade-03,Jajarkot	54,13,083.00	155000.00		
4	IDO/JKT/W/NCB/BLD/69/082-083, Construction of Pashupati Aa,Bi. Building,Chhedagad-08,Jajarkot	49,33,235.43	140000.00		
5	IDO/JKT/W/NCB/BLD/70/082-083, Construction of Shiba Ma.Bi. ,Kalegaun,Bheri-01,Jajarkot	41,80,418.22	120000.00		
6	IDO/JKT/W/NCB/BLD/71/082-083, Construction of Aadharbhut Swastha Chauki,Kushe-3,Jajarkot	48,68,206.55	140000.00		
7	IDO/JKT/W/NCB/72/082-083, Construction of Hanuman Aa.Bi. dekhi Laxmi Shaha ko Ghar Hudai Ganeshman BP Smirti Pratisthan RCC Sadak Nirman Bheri-3 Jajarkot	39,45,569.80	115000.00		

2. For more detail visit the PPMO's Website www.bolpatra.gov.np./egp and Office's Website www.idojajarkot.karnali.gov.np.

Office Chief

रिलायन्स फाइनान्स लिमिटेडका
ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८२/१२/०६)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारवाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपशिल

शाखा कार्यालयः टाँडी, चितवन

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत घन जमानी दिनेको विवरण	
१ **ऋणीको नाम : जंग बहादुर तमाङ्ग** ठेगाना- चितवन जिल्ला जगतपुर गा.वि.स. वडा नं. ०७ स्थाइ घर भइ हाल चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ५, नारायणपुर श्रीमती : शान्ता माया तमाङ्ग बाजे : रमन सिंह तमाङ्ग बुवा : भद्र सिंह तमाङ्ग नगरिकता नं. : १४५८ जारी मिति : २०५२/०५/२१ जारि स्थान : चितवन **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**	**जंग बहादुर तमाङ्ग**को नाममा दर्ता कायम रहेको साबिक चितवन जिल्ला कल्याणपुर गा.वि.स. वडा नं. ८/क स्थित कित्ता नं. २०१३ को क्षेत्रफल ज.वि. ०-०-१०.२५ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	**नाम : शान्ता माया तमाङ्ग** ठेगाना : चितवन जिल्ला जगतपुर गा.वि.स. वडा नं.०७ हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०५, नारायणपुर श्रीमान् : जंग बहादुर तमाङ्ग बुवा : शन्त बहादुर लामा बाजे : लालु लामा ससुरा : भद्र सिंह तमाङ्ग नागरिकता नं : २१९३/०६२ जारी मिति :२०६२/०८/२४ जारि स्थान : चितवन	**नाम : संजीवनी तमाङ्ग** ठेगानाः चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २४ बुवा : जंग बहादुर तमाङ्ग बाजे : भद्र सिंह तमाङ्ग आमा : शान्ता माया तमाङ्ग नागरिकता नं :३५-०१-७८-०११६९ जारी मिति : २०७८/०४/१२ जारि स्थान : चितवन

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालयः नारायणगढ, चितवन
फोन नं.: ०५६-५९६९०१/०२

को

शाखा कार्यालय नारायणगढ, चितवनको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१२/०६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय नारायणगढ, चितवनबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धि ऐन, २०७६ बमोजिम मिति २०७६/०३/०८ मा दर्ता नं. १५१२/२०७५/०७६ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ३ स्थित चु के लक्ष्मी ज्वेलर्स प्रोप्राइटर: विष्णु बहादुर सुनार

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. नन्द वीरको नाति, तेज बहादुर कामीको छोरा, गोरखा जिल्ला, घ्याङली गा.वि.स./उ.प.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको विष्णु बहादुर सुनार (ना.प्र.प.नं. ६९८७८, गोरखा)

२. तेज बहादुर कामीको बुहारी, विष्णु बहादुर सुनारको पत्नी, गोरखा जिल्ला, पालुङटार न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको लक्ष्मी सुनार (ना.प्र.प.नं. ३६२०/०६२, गोरखा)

धितोमा रहेको सम्पत्तिको विवरण

१. बिष्णु बहादुर सुनारको नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं. १०७० र १०७१ को क्रमशः क्षेत्रफल ६०९.०७ र १३१.२२ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

२. बिष्णु बहादुर सुनारको नाममा मालपोत कार्यालय, भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला पदमपुर गा.वि.स/न.पा. वडा नं. ५ स्थित कित्ता नं. १६७१ को क्षेत्रफल ६७७.२६ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

२. ऋणीको विवरण

सोम राज श्रेष्ठको बुहारी, सोनु श्रेष्ठको पत्नी, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको देवी श्रेष्ठ (ना.प्र.प.नं ३५३०२५/२८८९, चितवन).....१ तथा इन्द्र प्रसाद खरेलको बुहारी, लोकेश्वर खरेलको पत्नी, चितवन जिल्ला, भण्डारा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको रन्जु थपलिया (ना.प्र.प.नं २०२१/०६२, चितवन).....१ सहित २ जनाको संयुक्त नाममा ।

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मोती कुमार श्रेष्ठको नाति, सोम राज श्रेष्ठको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको सोनु श्रेष्ठ (ना.प्र.प.नं १३६१८/०५५, चितवन)

२. बिष्णु लाल शिवाकोटीको नाति, कापिल मुनी शिवाकोटीको छोरा, चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको ध्रुव कुमार शिवाकोटी (ना.प्र.प.नं २८४९/०४५, चितवन)

३. लिला नाथ खरेलको नाति इन्द्र प्रसाद खरेलको छोरा, चितवन जिल्ला, सैरहनी गा.वि.स./उ.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको लोकेश्वर खरेल (ना.प्र.प.नं १३६३/०४४४५, चितवन)

४. नयन राज श्रेष्ठको नाति, प्रकाश श्रेष्ठको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको सुमन श्रेष्ठ (ना.प्र.प.नं ०४०६५९, चितवन)

धितोमा रहेको सम्पत्तिको विवरण

देवी श्रेष्ठ र रन्जु थपलियाको संयुक्त नाममा मालपोत कार्यालय, सैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कठार गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं. १४ र १७ को क्रमशः क्षेत्रफल ०-५-०-० र ०-३-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८२/१२/०६ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय नारायणगढ, चितवनबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफ्ले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९२३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८२/१२/२० गते शुक्रबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय नारायणगढ, चितवनमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।

६. शिलबन्दी बोलपत्र मिति २०८२/१२/२१ गते शनिबार सार्वजनिक बिदा परेकोले मिति २०८२/१२/२२ गते आइतबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय नारायणगढ, चितवनमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वचंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय नारायणगढ, चितवनबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय नारायणगढ, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१७ मंसिर २०८२ देखि १६ फाल्गुण २०८२ सम्म

१. **निकायको स्वरुप र प्रकृति :**
प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कर्मचारी संख्या २४६६ (स्थायी र करार) रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट https://www.nabilbank.com/branches मा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाईट https://siteadmin.nabilbank.com/assets/backend/uploads/Documents/Standard%20Charge%20Sheets/Standard-Charge-Sheet.pdf मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
श्री गणेश प्रसाद अवस्थी
नायव महाप्रबन्धक
नबिल बैंक लिमिटेड, विनामार्ग, तीनधारा, काठमाण्डौ
फोन नं. ०१-५९७१८७१ ईमेलः coo@nabilbank.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
सूचना अधिकारीको नाम र पद : नामः श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख सञ्चालन अधिकृत
साथै, यस बैंकका शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुख र प्रादेशिक प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी तोकिएको छ ।
प्रवक्ताको नाम र पद : नाम : श्री आदर्श बजगाई
पद : नायव प्रमुख कार्यकारी अधिकृत
प्रमुखको नाम र पद : नामः श्री मनोज कुमार ज्ञवाली
पदः प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, (संशोधन, २०८०)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु तथा परिपत्रहरु आदि ।
१५. बैंकिङ्ग कारोवारको सम्बन्धमा पालन गर्नुपर्ने अन्य प्रचलित नेपाल कानून ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ र बैंकको वेवसाईट www.nabilbank.com मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेवसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**
यस बैंकको वेबसाईट www.nabilbank.com रहेको छ ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण बाहेक अन्य केही नरहेको ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत NABIL SSE कार्यक्रम स्थापना एवं सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको ।
सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
यस अवधिमा सूचनाको लागि दुईवटा निवेदन प्राप्त भएकोमा सो सम्बन्धमा आवश्यक कारवाही भई प्रचलित कानूनको अधिनमा रही सूचना उपलब्ध गराउनु पर्नेमा सूचना उपलब्ध गराईएको ।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाईटमा समेत प्रकाशन गर्दै आएको छ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

■ फेक रेस्क्यु प्रकरण

३३ जनाविरुद्ध एक अर्ब ३० करोड बिगो दाबीसहित आज अदालतमा मुद्दा दर्ता हुँदै

● **रामहरि काफ्ले**, सहन्यायाधिवक्ता
सरकारी वकिल कार्यालय, काठमाडौं



फेक रेस्क्युसँग सम्बन्धित अनुसन्धान प्रतिवेदन हामीकहाँ पेस भएको छ। प्रतिवेदन विस्तृत छ। प्रतिवेदनमाथि मिहिन ढंगले अध्ययन गरेका छौं। हाम्रातर्फबाट गर्नुपर्ने सबै काम सकिएको छ। शुक्रबार अभियोगपत्र अदालतमा पेस हुनेछ।

टेकराज थामी/नयाँ पत्रिका

नेपाल घुम्न आएका विदेशी पर्यटकको उद्धारपछि उपचार गरेको भन्दै नक्कली कागजात बनाई बिमा रकम ठगी गर्ने घटनामा संलग्नविरुद्धको मुद्दा शुक्रबार अदालतमा दर्ता हुने भएको छ। नेपाल प्रहरीअन्तर्गतको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले १ चैतमा घटनासँग सम्बन्धित अनुसन्धान प्रतिवेदन वकिल कार्यालयमा बुझाएको थियो। प्रतिवेदन पेस भएलगत्तै जिल्ला सरकारी वकिल कार्यालय अध्ययनमा जुटेको थियो। प्रतिवेदन विस्तृत र प्राविधिक भएको हुँदा अध्ययन गर्न समय लागेको सरकारी वकिल कार्यालयको भनाइ छ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता रामहरि काफ्लेले प्रतिवेदन अध्ययन भइसकेको र शुक्रबार अदालतमा पेस गर्ने तयारी रहेको बताए। 'फेक रेस्क्युसँग सम्बन्धित अनुसन्धान प्रतिवेदन हामीकहाँ पेस भएको छ। प्रतिवेदन विस्तृत छ। प्रतिवेदनमाथि मिहिन ढंगले अध्ययन गरेका छौं। सम्भवतः शुक्रबार अभियोगपत्र अदालतमा पेस हुनेछ। हाम्रोतर्फबाट गर्नुपर्ने सबै काम सकिएको छ,' उनले भने।

सिआइबीले वकिल कार्यालयमा पेस गरेको प्रतिवेदनअनुसार घटनामा संलग्न ३३ जनाविरुद्ध मुद्दा चलाइएको छ। जसमध्ये १० पक्राउ परेका छन्। बाँकी फरार छन्। प्रतिवेदनअनुसार उनीहरूविरुद्ध करिब एक अर्ब ३० करोड ४२ हजार रुपैयाँको बिगो दाबी गरिएको छ।



जसमध्ये ९४ करोड ८४ लाख ९७ हजार ३९१ नेपाली रुपैयाँ, २९ लाख ९८ हजार ८२३ अमेरिकी डलर र १४ हजार पाँच सय युरो रहेको छ।

सिआइबीले गरेको यो अनुसन्धान सन् २०२२ देखियता भएका फेक रेस्क्यु घटनाको हो। २०२२ जनवरीमा प्रतिअमेरिकी डलर ११८ रुपैयाँ थियो भने प्रतियुरो १३० रुपैयाँ थियो। यसलाई आधार मान्दा पक्राउ प्रतिवादीविरुद्ध बिगो रकमको कुल परिमाण एक अर्ब ३० करोड ४२ लाख ४३ हजार ५०५ रुपैयाँ हुन आउँछ। सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले घटनामा संलग्न ३३ प्रतिवादीविरुद्ध बिगो दाबी गरिएको रकम ठुलो रहेको बताए। 'घटनामा ३३ जनालाई प्रतिवादी बनाइएको छ। त्यसमध्ये १० जना पक्राउ परेका छन्। बाँकी फरार छन्। उनीहरूविरुद्ध नेपाली रुपैयाँ ९४ करोड ८४ लाख ९७ हजार ३९१, अमेरिकी डलर २९ लाख ९८ हजार ८२३ अमेरिकी र युरो १४ हजार पाँच सय बिगो दाबी गरिएको छ,' उनले भने।

सिआइबीका अनुसार घटनामा संलग्नविरुद्ध राष्ट्रहित प्रतिकूलको कसुर, आपराधिक लाभ, लिखतसम्बन्धी कसुर र संगठित अपराध गरी चारवटा संयुक्त कसुरअन्तर्गत मुद्दा चलाउन भनिएको छ। मुद्दा चलाउन सिफारिस गरिएकामध्ये १६ ट्रेकिङ कम्पनी, पाँच रेस्क्यु कम्पनी, तीन अस्पताल, चार हेलिकोप्टर कम्पनी, तीन लोकल एजेन्ट र एकजना स्वतन्त्र गाइड छन्।

सिआइबीले गत ११ माघबाट घटनामाथि अनुसन्धान सुरु गरेको थियो। यस अवधिमा माउन्टेन रेस्क्यु सर्भिस प्रालिका मालिक जयराम रिमाल र म्यानेजर विवेक पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका मालिक रवीन्द्र अधिकारी र म्यानेजर विवेकराज थपलिया, एभरेस्ट एक्सपेरियन्स एन्ड असिस्टेन्स प्रालिका मालिकद्वय मुक्ति पाण्डे र सुभाष केसी पक्राउ परेका छन्। त्यसबाहेक श्रीद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक ४४ वर्षीय डा. गीर्वाणराज तिमिल्सिना, हवाईविज्ञ राजेन्द्रबहादुर सिंह, प्यानरोमा हिमालय ट्रेकिङ एन्ड एक्पेडिसनका सञ्चालक पासाङ शेर्पा र एकजना गाइड पक्राउ परेका छन्।

'घटनामा १६ ट्रेकिङ कम्पनी, पाँच रेस्क्यु कम्पनी, तीन अस्पताल, चार हेलिकोप्टर कम्पनी, तीन लोकल एजेन्ट र एकजना स्वतन्त्र गाइड संलग्न रहेको देखिन्छ। उनीहरू सबैलाई मुद्दामा प्रतिवादी बनाइएको छ। हामीले अनुसन्धान सुरु गरेको ५१ दिनपछि सरकारी वकिल कार्यालयमा पेस गरेका हौं,' सिआइबी प्रवक्ता एसएसपी श्रेष्ठले भने।

सिआइबीका अनुसार पक्राउ परेकाले सन् २०२२ यता मात्रै नक्कली कागजातका आधारमा झन्डै दुई अर्ब ८५ करोड ६२ लाख ५० हजार १६५ रुपैयाँ बिमा दाबी गरेको थिए। २०२२ यता माउन्टेन रेस्क्युले मात्रै एक हजार २४८ विदेशी पर्यटकको रेस्क्यु गरेको तथ्यांक छ। जसमध्ये १७१ पर्यटकको रेस्क्यु नक्कली रहेको देखिन्छ। सोही आधारमा कम्पनीले एक करोड तीन लाख १० हजार २७६ हजार युएस डलर अर्थात् एक अर्ब ४९ करोड ४९ लाख ९० हजार २० रुपैयाँ बिमाबापतको रकम इन्स्योरेन्स कम्पनीमा दाबी गरेका थिए।

यस अवधिमा अर्को रेस्क्यु कम्पनी नेपाल चार्टरले ४७१ पर्यटकको रेस्क्यु गरेको थियो। जसमध्ये ७५ जनाको रेस्क्यु शंकास्पद देखिएको छ। जसबापत उसले बिमा कम्पनीमा ८२ लाख ३४ हजार ०८२ युएस डलर अर्थात् एक अर्ब १९ करोड ३९ लाख ४१ हजार ८९० रुपैयाँ रकम दाबी गरेको थियो। त्यस्तै, एभरेस्ट एक्सपेरियन्सले त्यस अवधिमा ६०१ विदेशी पर्यटकको रेस्क्यु गरेका थिए। त्यसमध्ये ७१ जनाको रेस्क्यु शंकास्पद देखिएको छ। र, बिमाबापत उसले ११ लाख ५३ हजार ९१९ युएस डलर अर्थात् १६ करोड ७३ लाख १८ हजार २५५ रुपैयाँ रकम माग गरेको छ।

सरकारले २ कात्तिक ०८१ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिल सिन्हाको संयोजकत्वमा उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गरेको थियो। सिआइबीले सोही प्रतिवेदनले दिएको सुझावअनुसार घटनाको अनुसन्धान गरेको हो। त्यसबाहेक घटनाका पीडितले पनि इमेलमार्फतबाट जाहेरी प्राप्त दिएको सिआइबी प्रवक्ता श्रेष्ठले बताए। 'मुख्यतः यो अनुसन्धान सरकारले गठन गरेको उच्चस्तरीय अध्ययन तथा सुझाव समितिकै म्यान्डेटअनुसार भएको हो। त्यसबाहेक पीडितले पनि जाहेरी दिएका छन्। केही जेन-जी अभियन्ताको पनि जाहेरी परेको छ। सोही आधारमा घटनाको अनुसन्धान अघि बढाएका हौं,' उनले भने।

लामिछानेको मुद्दामा सोमबार फेरि सुनुवाइ हुने

अभियोगपत्र संशोधनको त्रुटि सच्याइएको टिप्पणी झिकाउन आदेश

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्धको अभियोगपत्र संशोधनको वैधानिकता परीक्षण अझै पनि टुंगिएको छैन। सर्वोच्च अदालतले बिहीबार आदेश दिँदै ९ चैतका लागि पेसी तोकेको छ। सर्वोच्चका न्यायाधीशहरू शारंगा सुवेदी र सुनीलकुमार पोखरेलको इजलासले अभियोगपत्र संशोधनको त्रुटि सच्याइएको टिप्पणी आदेश झिकाउन भनेको छ। महान्यायाधिवक्ता कार्यालयले गत ३० पुसमा भएको आदेशलाई २ माघमा सच्याएको थियो। सोही आदेश झिकाउन सर्वोच्चले भनेको हो।

जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीले सर्वोच्चमा पेस गरेको लिखित जवाफमा त्रुटि सच्याइएको विषय उल्लेख थियो। मातहतका सरकारी वकिलहरूलाई अभियोगपत्र संशोधनका लागि निकास दिने गरी भएको आदेशमा त्रुटि सच्याई विचाराधीन सबै मुद्दाका प्रतिवादीहरूउपरको सम्पत्ति शुद्धीकरण र संगठित अपराधतर्फको अभियोग हटाउने गरी निकास दिइएको थियो। यही निर्णयको व्यहोरा भएको लिखित जवाफ महान्यायाधिवक्ता सविता भण्डारीले पेस नगरेको भन्दै सर्वोच्चले आदेश दिएको हो।

चार दिनदेखि सर्वोच्चले यो रिटको सुनुवाइ हेर्दाहेर्दैमा राखेर गरिरहेको थियो। १ चैतदेखि निवेदक र विपक्षीका साथसाथै जवाफी बहससमेत भइसकेकोमा अन्तिममा इजलासले अन्य आदेश दिएको हो। लामिछानेसमेतका अभियोगपत्र संशोधन गर्ने निर्णयविरुद्ध तीन रिट छन्। युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीसमेत तीनजनाले गत ४ माघमा दर्ता गरेका रिट हाल विचाराधीन छन्।

महान्यायाधिवक्ता भण्डारीले २९ पुसमा पूर्वगृहमन्त्री लामिछानेउपरका दुई अभियोग कायम नरहने गरी अभियोगपत्रहरू संशोधन गर्ने निर्णय गरेकी थिइन्। चितवन जिल्ला अदालतमा विचाराधीन ठगी र सहकारी ठगीका मुद्दाझैं अन्य चार जिल्ला अदालतमा पनि यी दुई मात्र अभियोग कायम राख्ने गरी सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयहरूमा लेखी पठाउने निर्णय भएको थियो।

एकता महाधिवेशनमा जुट्यो नेकपा

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टी चुनावी समीक्षासँगै तल्ला तहको पार्टी एकता हुँदै महाधिवेशनसम्म जाने गरी गृहकार्यमा जुटेको छ। १६५ वटै निर्वाचन क्षेत्रमा निर्वाचनको समीक्षा सुरु भएको छ। निर्वाचन समीक्षासँगै एकता प्रक्रियालाई टुंग्याउने गृहकार्य भइरहेको नेताहरूले बताएका छन्। निर्वाचन क्षेत्रस्तरको समीक्षा प्रतिवेदन केन्द्रमा आइपुगेपछि सचिवालय बैठक बसेर समीक्षा गर्ने र बाँकी एकता प्रक्रिया टुंग्याइने सचिवालयका सचिव प्रमेश हमालले जानकारी दिए। एकताका बाँकी काम छिट्टै टुंग्याउने उनको भनाइ छ। 'एकताको बाँकी काम छिट्टै टुंग्याउने गरी गृहकार्य सुरु भएको छ। निर्वाचनका कारण एकता प्रक्रियाले पूर्णता पाएको छैन। अब पार्टीका तल्ला तह र जनसंगठनहरूको एकता प्रक्रिया अघि बढ्छ,' उनले भने।

तत्कालीन माओवादी, एकीकृत समाजवादीसहित २६ दल र समूह मिलेर नेकपा बनेको हो। गत ०७९ को निर्वाचनमा माओवादीको ३२ र एकीकृत समाजवादीको १० सिट थियो। २१ फागुनको निर्वाचनबाट नेकपा १७ सिटमा सीमित भएको छ। नेकपाले प्रत्यक्षमा आठ र समानुपातिकमा करिब सवा आठ लाख मतसहित नौ सिट जितेको छ।

निर्वाचनमा भावनात्मक विषयले काम गरेकाले नीति, विचार, सिद्धान्त, एजेन्डा र उम्मेदवारको विषय गौण बनेको नेकपाको प्रारम्भिक निष्कर्ष छ। मुख्य शक्ति संगठन, नीति, विचार, सिद्धान्त र एजेन्डा नै भएकाले पार्टी एकतालाई तल्लो तहसम्म पुऱ्याएर संगठनलाई प्रभावकारी बनाउने नेताहरू बताउँछन्। रास्वपाप्रति देखिएको जनलहरका कारण पार्टीले निर्वाचनमा धक्का खाएको विश्लेषण नेताहरूको छ। पार्टी रूपान्तरण, पुनर्गठन तथा विचारको संश्लेषणबारे समीक्षा हुने प्रचार संयोजक अग्नि सापकोटाले बताए। 'मुख्य कुरो संगठन नै हो। संगठनलाई मजबुत बनाउँदै जान्छौं। समाज रूपान्तरणको अभियानमा निरन्तर रहन्छौं। निर्वाचनका कारण बाँकी रहेका एकता प्रक्रियाका काम पनि अब अघि बढ्छन्,' उनले भने।

एकता प्रक्रिया सम्पन्न गरेसँगै तल्लो तहबाट अधिवेशन गर्दै एकता महाधिवेशन गर्ने नेकपाको योजना छ। यद्यपि, एकता महाधिवेशनबारे केन्द्रीय समिति बैठकले निर्णय गर्ने नेताहरू बताउँछन्। नेकपाको केन्द्रीय समिति २५ सयहाराहारीको छ। एकता प्रक्रियामा सहभागी दलका केन्द्रीय कमिटीलाई व्यवस्थापन गर्नुपरेकाले केन्द्रीय कमिटीको संख्या ठुलो भए पनि महाधिवेशनपछि चुस्त कमिटी बन्ने दाबी नेताहरूको छ। यद्यपि, छलफलबाटै कमिटी संख्या, आगामी नीति र रणनीति तय हुने नेताहरू बताउँछन्। नेकपाले नेपाली विशेषताको समाजवादलाई मुख्य विषय बनाएको छ। सुशासन, सामाजिक न्याय र समृद्धि हुँदै समाजवादसम्म पुग्न सकिने नेताहरू दाबी गर्छन्।

सस्तोमा विदेश घुमाउने प्रलोभनमा ३२८ जनामाथि ठगी

काठमाडौं/ सस्तोमा विदेश घुमाउने प्रलोभनमा ठगी गरेको आरोपमा श्रीटेल होलिडेजका सञ्चालक पक्राउ परेका छन्। सप्तरी घर भई भक्तपुर बस्ने २६ वर्षीय विवेक रेग्मी र अन्य ६ भारतीयलाई पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

उनीहरूले विभिन्न मलमा स्टल राखेर चिट्ठा भराउने र सस्तोमा विदेश भ्रमणको चिट्ठा परेको भन्दै झुक्याई पैसा हाल्न लगाउँथे। यसरी धेरै व्यक्तिसँग दुई करोड ७२ लाख रुपैयाँ ठगी गरिसकेको खुलेको छ। विदेश पनि नपठाउने र पैसा फिर्ता माग्दा पनि नदिएपछि पीडितहरूले उजुरी दिएका हुन्। उनीहरूले ३२८ जनालाई ठगी गरिसकेको प्रहरीले जनाएको छ।

पक्राउ पर्ने भारतीयमा हुसेन सैयद, ओमर सैयद, महम्मद इमरान, खालिद हुसेन र रजाक महम्मद छन्।

कम्बोडियाबाट २० नेपालीको उद्धार

काठमाडौं/ कम्बोडियामा अवैध रूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्र तथा क्यासिनोमा अनलाइन ठगी तथा अन्य विभिन्न गैरकानुनी काममा लगाइएका २० जना नेपाली विभिन्न व्यक्तिको प्रलोभनमा परी कम्बोडिया पुगेका थिए भने उनीहरू विनाभिसा बसिरहेका थिए।

'दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार भई गैरआवासीय नेपाली संघ, कम्बोडियाको सहजीकरणमा उनीहरू बिहीबार नेपाल आइपुगेका छन्,' नेपाली दूतावासले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनेको छ, 'अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको छ।' दूतावासले कम्बोडियामा नेपाली नागरिक अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र विनाभिसा वा भिसा अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको जनाएको छ। त्यसरी बसेका नेपालीलाई कम्बोडियाबाट नेपाल फर्कन सहजीकरणका लागि नेपाली दूतावास, बैंकक वा गैरआवासीय नेपाली संघ, कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न बैंककस्थित नेपाली दूतावासले अनुरोध गरेको छ।

'स्क्यामिङ केन्द्रहरूमा काममा लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरैजनाको गुनासो आएको छ,' दूतावासले भनेको छ, 'त्यस्तो अवस्थामा नेपाल फर्किन नेपाली दूतावास बैंककले उद्धार गर्न विनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ।'

नाकामा सशस्त्रका डिएसपीमाथि हातपात

धनगढी/ कैलालीको टीकापुर नगरपालिकास्थित खत्रौला नाकामा रहेको सशस्त्र प्रहरीको सीमा सुरक्षा गुल्मभित्र पसेर स्थानीय केही व्यापारी र युवाले सशस्त्र प्रहरी नायब उपरीक्षक प्रदीप पौडेलमाथि हातपात गरेका छन्। सशस्त्र प्रहरीले ज्यादती गरेको आरोप लगाउँदै टीकापुरका व्यापारी र युवाले पौडेलमाथि बुधबार हातपात गरेका हुन्। हातपातको भिडियो सामाजिक सञ्जालमा 'भाइरल' भएपछि घटना बाहिर आएको हो। भिडियोमा गुल्मभित्र पसेर केही युवाले पौडेललाई हातपात गरेको देखिन्छ। भारतबाट ल्याएको सामान सशस्त्र प्रहरीले बरामद गरेको विषयमा विवाद हुँदा हातपात भएको बताइएको छ।

स्थानीय व्यवसायीका अनुसार टीकापुरमा रहेको एसजिए ट्रेड एन्ड सप्लायर्सले भारतबाट जिएसटी बिलसहित ल्याएको करिब एक लाख मूल्यबराबरको सामान सशस्त्रले मंगलबार बेलुका समातेको थियो। बिल भएको सामान भन्सार नपुग्दै समातेको भन्दै विवाद भएपछि बुधबार दिउँसो टीकापुर उद्योग वाणिज्य संघको टोलीसहित गएर विरोध जनाएपछि सशस्त्रले सामान फिर्ता गरेको थियो। सामान समातेको विषयमा विवाद भएपछि स्थानीय व्यवसायी र केही युवाले हातपात गरेका बताइएको छ। 'भन्सार नपुग्दै समातेको गुनासो व्यापारीबाट आएपछि हामी सशस्त्रको गुल्म गएका थियौं,' टीकापुर उद्योग वाणिज्य संघका महासचिव प्रकाश तिमिल्सिनाले भने, 'सशस्त्रसँगको छलफलपछि वैध रूपमा आएको उक्त सामान भन्सार तिरेर ल्याउने सहमति भएको थियो। पछि यस्तो घटना भएछ।'

एक स्थानीयका अनुसार डिएसपी पौडेलले भारतबाट सामानको अवैध आयात रोक्न नाकामा चेकजाँचमा कडाइ गरेका थिए। त्यही कारण केही व्यवसायी र स्थानीय उनीसँग रुष्ट थिए। सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ वैद्यनाथ बाहिनी अत्तरियाले घटनाको छानबिनका लागि समिति गठन गरेको छ। सशस्त्र प्रहरीले गुल्ममा कार्यरत सबैलाई जिल्लामा तान्ने तयारीसमेत गरेको छ। सशस्त्र प्रहरी उपरीक्षक अनिल कार्कीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरिएको बाहिनीका निमित्त प्रमुख सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिग्विजय सुवेदीले बताए।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२।१२।०६ गते

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।१०।११, २०८२।१०।२७ र २०८२।११।१३ को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस.सहित)
१.	Management of Waste Materials at Landfill Site, Ward No. 11 (RAT/CHITWAN/Works/SQ/13/2082-083)	श्री Prannath Construction Pvt. Ltd., Ratnanagar-10, Chitwan	रू. १३,२०,२७३।९२ (तेह्र लाख बीस हजार दुई सय त्रिहत्तर रुपैंया र पैसा बयानब्बे मात्र)
२.	Construction of Boundary Wall at Aadharbhut School, Ward No. 13 (RAT/CHITWAN/Works/SQ/14/2082-083)	श्री Himal Housing and Construction Pvt. Ltd., Ratnanagar-16, Chitwan	रू. १८,०७,२१५।६७ (अठार लाख सात हजार दुई सय पन्ध्र रुपैंया र पैसा सतसठ्ठी मात्र)
३.	Construction of Culvert, Ward No. 11 (RAT/CHITWAN/Works/NCB/29/2082-083)	श्री Jagadmaba Construction, Bharatpur-11, Chitwan	रू. २८,४९,६९०।०९ (अठ्ठाईस लाख उनान्पचास हजार छ सय नब्बे रुपैंया र पैसा नौ मात्र)

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन धनकुटा

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८२-१२-०६

यस डिभिजनबाट राष्ट्रिय दैनिकको मिति २०८२/१०/०४ को संस्करणमा प्रकाशित Invitation for Bids Notice No.:-०६/२०८२/०८३ को PPMO को E–Procurement Portal मार्फत बोलपत्र आवहान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट E–Bid मार्फत प्राप्त प्राविधिक मिति २०८२/११/०५ गते खोलिएको बोलपत्रदाताहरुका प्राविधिक प्रस्तावहरुको बोलपत्र मुल्याकंन समितिबाट मुल्याकंन सम्पन्न भई मिति २०८२/१२/०५ को निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आर्थिक प्रस्ताव खोलिने मिति :- २०८२/१२/१५ गते, आईतबार, समय :-१३.०० बजे, स्थान : सडक डिभिजन धनकुटा

सि. नं.	ठेक्का नं.	कामको विवरण	प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलापत्रदाताहरुको नामावली र ठेगाना	
१	06/RDDKT 33701138/ 082/083-14	Emergency Road Protection Work along Bhadetar-Patale Khola-Hile road section of Kosi Highway NH- 08 Dhankuta .	1	Y.P.R. Nirman Sewa Pvt.Ltd Dhankuta-7, Dhankuta
			2	SAMALI/AADHUNIK JV Charikot
			3	Kunsaling Construction Pvt.Ltd tahari,Nepal Boudha, Kathmandu Bank road, Bhojpur
			4	Shyam-Awai J.V Chharagaun Ward No.4 Dhankuta
२	06/RDDKT/ 33701138/ 082/083-15	Emergency Road Protection works along Hille-Leguwa-Kewabesi, Hile-Basantapur Tute Deurali Road section NH-08	1	Y.P.R. Nirman Sewa Pvt.Ltd Dhankuta-7, Dhankuta
			2	Laxmi-Gokarna Joint Venture Salleri :4
			3	Kunsaling Construction Pvt.Ltd Itahari, Nepal Boudha, Kathmandu Bank road, Bhojpur
३	06/RDDKT/ 33701138/ 082/083-16	Emergency Road Protection works along Midhill Highway, NH-03 (Basantpur-Myaglung- Halimela, Tamor-Sankranti Road Section)	1	Y.P.R. Nirman Sewa Pvt.Ltd Dhankuta-7, Dhankuta
			2	Ruru Construction Pvt. Ltd. Kathmandu
			3	SAMALI/AADHUNIK JV Charikot

डिभिजन प्रमुख

‘गरिबको चमेली’ बन्न सक्छ बालेन सरकार

निराशाजनक परिवेशबिच अबका दिनमा बन्ने बालेन सरकारप्रतिको अभूतपूर्व जनविश्वास एउटा नयाँ आशाको संकेत बनेर आएको छ



● राजेश विद्रोही

अग्रलेख

आमूल परिवर्तनको खोजीमा युग-युगदेखि नेपाली जनताले आफ्नो त्याग, तपस्या, वीरता र बलिदान प्रस्तुत गर्दै आएका छन्। तर, विडम्बना के छ भने ती परिवर्तन धेरैजसो आमनागरिकको आधारभूत जीवनसम्म पुग्नै सकेनन्। राजनीतिक परिवर्तन त भए, शासन व्यवस्था पनि फेरियो, नयाँ संविधान पनि बने, तर जनताको दैनन्दिन जीवनमा अपेक्षित सुधार भने सधैं अधुरै रहिरह्यो। यतिसम्म कि परिवर्तनका लागि ज्यान अर्पण गर्ने सहिदहरूको परिवारसमेत राज्यको उचित संरक्षण र सम्मानबाट वञ्चित भएका अनेक उदाहरण छन्। संघर्षको मैदानमा जीवन समर्पित गर्ने धेरै मानिसका सपना साकार हुन नपाउँदै उनीहरूले संसार छाडे। उनीहरूले देखेका परिवर्तनका सपना, अनुभव र अनुभूति राज्य र समाज निर्माण प्रक्रियामा प्रभावकारी रूपमा उपयोग हुन सकेनन्।


यस अवस्थाको एउटा प्रमुख कारण नेतृत्वको चरित्र र राजनीतिक संस्कारमा देखिएको विचलन पनि हो। प्रतिशोध र प्रतिस्पर्धाको विकृत राजनीतिले समाजलाई विभाजित बनायो। इमानदार र छलकपट गर्ने, सोझा र षड्यन्त्रकारी सबैलाई एउटै तराजुमा जोख्ने परिस्थिति निर्माण भयो। परिणामस्वरूप समाजमा विश्वासको संकट गहिरिँदै गयो। जनताले राजनीतिक नेतृत्वप्रति विश्वास गुमाउँदै गए। यस्तो निराशाजनक परिवेशबिच अहिले देखिएको बालेन सरकारप्रतिको अभूतपूर्व जनविश्वास एउटा नयाँ आशाको संकेत बनेर आएको छ। देशका करिब तीन करोड जनतामध्ये ठुलो हिस्सा, विशेषगरी गरिब, श्रमिक, दलित, शोषित र उत्पीडित वर्गले नयाँ आशाका साथ यो परिवर्तनलाई हेरिरहेका छन्।

यो विश्वास केवल राजनीतिक नारा वा चुनावी भाषणबाट मात्र बनेको होइन। यसको एउटा गहिरो भावनात्मक आधार पनि छ। बालेन्द्र शाहले गाएको गीत ‘गरिबको चमेली बोल्दिने कोही छैन...’ ले नेपाली समाजका पीडित वर्गको मनलाई गहिरोसँग छोएको छ। धेरै कलाकारले धेरै गीत गाएका छन्, तर यो गीतले जति तीव्र रूपमा आमनागरिकको मनोविज्ञानलाई स्पर्श गऱ्यो, त्यति कमै गीतले गर्न सकेका छन्। यसले गरिब, उपेक्षित र आवाजविहीन नागरिकको पीडालाई शब्द दिएको छ। आज देशको ठुलो जनसंख्या रोजगारीका लागि विदेशतिर भौंतारिरहेको छ। गाउँहरू खाली हुँदै गएका छन्, युवाशक्ति विदेश पलायन भइरहेको छ। देशभित्र रहेका गरिब, दलित, श्रमिक, किसान र सीमान्तकृत समुदाय अझै पनि समान अवसर र न्यायको खोजीमा छन्। आदिवासी-जनजाति, दलित, मुस्लिम, महिला, अल्पसंख्यक तथा पिछडा वर्गजस्ता समुदायले यसपटक विशेष रूपमा बालेनप्रति भरोसा व्यक्त गरेका छन्। त्यसैले आजको मूल प्रश्न यही हो- के बालेन नेतृत्वले ती वर्ग र समुदायको अपेक्षा पूरा गर्न सक्ला ?

इतिहासले देखाएको छ कि परिवर्तनका आन्दोलनमा सबैभन्दा ठुलो बलिदान उनीहरूले नै दिएका छन्, जसलाई देश वास्तवमै चाहिएको हुन्छ। आन्दोलनका अग्रपंक्तिमा धेरैजसो गरिब, विद्यार्थी, श्रमिक र भविष्यको खोजीमा रहेका युवा नै हुने गरेका छन्। काठमाडौंमा पढ्न आएका विद्यार्थीदिखि वैदेशिक रोजगारीको खोजीमा राजधानी पुगेका युवा, जेन-जीलगायत धेरैले परिवर्तनका आन्दोलनमा आफ्नो भूमिका निर्वाह गरेका छन्, बलिदान दिएका छन्। तर, विडम्बना के छ भने कहिलेकाहीं देशका लागि बलिदान दिनेहरू नै पीडित हुन्छन् र देशप्रति उत्तरदायित्व कम भएका शक्तिले राज्यसत्ता सञ्चालन गर्ने अवस्था देखिन्छ। यही ऐतिहासिक विडम्बनाबाट मुक्त हुनु आजको सबैभन्दा ठुलो चुनौती हो।

यदि बालेनको नेतृत्वमा बन्ने सरकार वास्तवमै परिवर्तनको प्रतीक बन्न चाहन्छ भने उसले सबैभन्दा पहिले त्यही वर्गलाई न्याय दिनुपर्छ, जसले परिवर्तनको आशामा उसलाई साथ दिएको छ। गरिब, श्रमिक, किसान, दलित, आदिवासी-जनजाति, महिला, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायको जीवनमा वास्तविक सुधार ल्याउन सके मात्रै यो जनविश्वास टिकिरहनेछ। अन्यथा, इतिहासले फेरि अर्को चक्र दोहोऱ्याउन सक्छ। आशा निराशामा बदलियो भने समाजमा असन्तोष बढ्छ र त्यही असन्तोष कहिलेकाहीं विद्रोहमा परिणत हुन सक्छ। यही पृष्ठभूमिमा पछिल्ला वर्षमा उदाएको नयाँ नेतृत्वप्रति जनताले देखाएको भरोसा विशेष महत्त्वको विषय बनेको छ। खासगरी पछिल्लो समय बालेन शाहप्रति देखिएको जनसमर्थन केवल राजनीतिक लोकप्रियताको परिणाम मात्र होइन, यो लामो समयदेखि सञ्चित असन्तोष र परिवर्तनको आकांक्षाको अभिव्यक्ति पनि हो।

नेपालको सामाजिक-आर्थिक अवस्थालाई हेर्दा यस्तो अपेक्षा किन उत्पन्न भयो भनेर बुझ्न सकिन्छ। विश्व



बैंक र संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडिपी) का विभिन्न अध्ययनका अनुसार नेपालमा अझै पनि उल्लेखनीय संख्यामा मानिस गरिबीको जोखिममा छन्। ग्रामीण क्षेत्रमा आय असमानता उच्च छ भने शिक्षा, स्वास्थ्य र रोजगारीमा समान पहुँचको समस्या व्यापक रूपमा देखिन्छ। यसैगरी, अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का तथ्यांकअनुसार ठुलो संख्यामा नेपाली युवा रोजगारीको खोजीमा विदेश जान बाध्य भएका छन्। वैदेशिक रोजगारी अहिले नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार बनेको छ। नेपाल राष्ट्र बैंकका तथ्यांकअनुसार वैदेशिक रोजगारीबाट आउने विप्रेषण (रेमिट्यान्स) देशको कुल गार्हस्थ उत्पादनको झन्डै एकचौथाइभन्दा बढी हिस्सा ओगट्ने अवस्थामा पुगेको छ। यसले देशभित्र रोजगारी सिर्जनाको कमजोरी स्पष्ट देखाउँछ।

> बालेनको नेतृत्वमा बन्ने सरकार वास्तवमै परिवर्तनको प्रतीक बन्न चाहन्छ भने उसले सबैभन्दा पहिले त्यही वर्गलाई न्याय दिनुपर्छ, जसले परिवर्तनको आशामा उसलाई साथ दिएको छ

यस्तो सामाजिक-आर्थिक पृष्ठभूमिमा गरिब, श्रमिक, किसान, दलित, आदिवासी-जनजाति, महिला तथा अन्य सीमान्तकृत समुदायले नयाँ नेतृत्वप्रति आशा राख्नु स्वाभाविक हो। विशेषगरी ‘गरिबको चमेली’जस्तो गीतले समाजका आवाजविहीन वर्गको पीडा अभिव्यक्त गरेका कारण पनि धेरै मानिसले बालेनलाई आफ्ना प्रतिनिधिका रूपमा हेर्ने गरेका छन्। तर, लोकप्रियता र जनविश्वास मात्र परिवर्तनका लागि पर्याप्त हुँदैन। इतिहासले देखाएको छ कि नेतृत्व परिवर्तन मात्रले संरचनात्मक समस्या समाधान हुँदैन। त्यसका लागि संस्थागत सुधार, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ। नेपालको राजनीतिक इतिहास स्वयं परिवर्तनको निरन्तर खोजीको इतिहास हो। २०४६ पछि बहुदलीय लोकतन्त्र पुनःस्थापित भयो र त्यसपछि सत्ता सञ्चालनको जिम्मा मुख्यतः पुराना राजनीतिक दलले नै सम्हाल्दै आए। ०६२/६३ को लोकतान्त्रिक आन्दोलनले पनि राजनीतिक संरचनामा महत्त्वपूर्ण परिवर्तन ल्यायो। तर, यी परिवर्तनपछि पनि राज्य सञ्चालनको शैली, प्रशासनिक संस्कार र विकासको गति अपेक्षाअनुसार रूपान्तरण हुन सकेन भन्ने आलोचना निरन्तर हुँदै आयो। यसै सन्दर्भमा अहिले देखिएको नयाँ राजनीतिक परिस्थिति महत्त्वपूर्ण मोडका रूपमा देखा परेको छ। यदि बालेन नेतृत्वले सत्ता सञ्चालन गर्ने अवसर प्राप्त गर्छ भने उनको मुख्य चुनौती लोकप्रियतालाई परिणाममा रूपान्तरण गर्नु हुनेछ। अनुसन्धानहरूले देखाउँछन् कि सुशासन र विकासका लागि तीनवटा आधारभूत पक्ष महत्त्वपूर्ण हुन्छन्, पारदर्शिता, उत्तरदायित्व र संस्थागत दक्षता।

भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाह सुधार र कानुनी शासनको सुदृढीकरणजस्ता विषय नेपालमा लामो समयदेखि चुनौतीका रूपमा रहेका छन्। यदि यी क्षेत्रमा सुधार गर्न सकियो भने राज्यप्रतिको नागरिक विश्वास उल्लेखनीय रूपमा बढ्न सक्छ। पूर्वाधार विकास पनि आर्थिक रूपान्तरणको प्रमुख आधार हो। एसियन विकास बैंकका अध्ययनअनुसार सडक, ऊर्जा, यातायात र सहरी पूर्वाधारमा गरिएको लगानीले दीर्घकालीन आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्यायो। नेपालमा अझै पनि धेरै क्षेत्रमा आधारभूत पूर्वाधारको अभाव देखिन्छ, जसले उत्पादन र बजार पहुँच दुवैलाई सीमित बनाएको छ।

डिजिटल प्रविधिको प्रयोगले पनि शासन प्रणालीलाई प्रभावकारी बनाउन सक्छ। इ-गभर्नेन्स प्रणालीमार्फत प्रशासनिक सेवा छिटो, पारदर्शी र सहज बनाउन सकिन्छ। विभिन्न देशका अनुभवले देखाएका छन् कि डिजिटल सेवा विस्तारले भ्रष्टाचार घटाउन र सेवा प्रवाहलाई सरल बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ। शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारविना दीर्घकालीन विकास सम्भव हुँदैन। विश्व स्वास्थ्य संगठनका अनुसार प्रभावकारी स्वास्थ्य प्रणालीले सामाजिक र आर्थिक स्थायित्वमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। नेपालमा स्वास्थ्य सेवा पहुँचमा अझै पनि क्षेत्रीय असमानता देखिन्छ। त्यस्तै, शिक्षा प्रणालीलाई अनुसन्धानमुखी, सीपमूलक र जीवन-व्यवहार केन्द्रित बनाउन सके मात्र युवाशक्तिलाई राष्ट्रिय विकासमा प्रयोग गर्न सकिन्छ। कृषि क्षेत्र नेपालको अर्थतन्त्रको परम्परागत आधार भए पनि उत्पादनशीलता कम हुनु, सिँचाइ र भण्डारणको अभाव तथा बजार पहुँचको समस्याजस्ता कारणले किसान अझै कठिन अवस्थामा छन्। आधुनिक कृषि प्रविधि र मूल्य शृंखला विकासमार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन सकिन्छ। यसैगरी, भूमिहीन सुकुम्बासी तथा नागरिकता समस्यालाई पनि दीर्घकालीन रूपमा समाधान गर्नु आवश्यक छ।

पर्यटन क्षेत्र पनि नेपालको दीर्घकालीन सम्भावनाको महत्त्वपूर्ण आधार हो। प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता र हिमाली पर्यटनका कारण नेपाल विश्वव्यापी रूपमा परिचित छ। तर, पर्यटन पूर्वाधार र व्यवस्थापन सुधारविना यसको पूर्ण सम्भावना प्रयोग गर्न सकिन्न। यसैले आजको सबैभन्दा ठुलो जिम्मेवारी बालेन नेतृत्वको काँधमा आएको छ। जनताले दिएको यो विश्वासलाई केवल राजनीतिक विजयका रूपमा होइन, एउटा ऐतिहासिक जिम्मेवारीका रूपमा बुझ्नुपर्छ। त्यसैले ‘गरिबको चमेली बोलिदिने कोही छैन’ भन्ने पीडादायी अनुभूति अबको शासनकालमा पुनः दोहोरिनुहुँदैन। बरु त्यो गीतले व्यक्त गरेको पीडा इतिहासको स्मृतिमा सीमित होस्, वर्तमानको यथार्थ नबनोस्। यदि बालेन नेतृत्व साँच्चै जनताको पक्षमा उभिन सफल भयो भने त्यही गीतको भावनालाई व्यवहारमा रूपान्तरण गर्ने ऐतिहासिक अवसर यही हो।

---

३ प्रश्न

अर्थशास्त्री **डा. डिल्लीराज खनाल**लाई



बैंकमा साढे ११ खर्ब कर्जायोग्य रकम मौज्दात हुनुले के संकेत गर्छ ?

हाम्रो मौद्रिक नीति अत्यन्त शास्त्रीय मान्यतामा आधारित छ। ‘सप्लाई’ स्वयंले माग सिर्जना गर्छ भन्ने शास्त्रीय मान्यताले मौद्रिक नीतिमा निरन्तरता पाउँदै आएको छ। कोभिडपछि हाम्रो मौद्रिक नीति अत्यन्त खुकुलो भयो। तर, पछिल्लो समयमा यो निकै कठोर हुन थालेको छ। यसले आयात र चालू खर्चमा मात्र नभई कर्जा लगानीमा समेत त्यत्तिकै कडाइ गरेको छ। यस्तो कडाइबिच पुँजीगत खर्च बढेको भए त्यसले अर्थतन्त्रलाई ‘रेस्क्यु’ गर्न सक्थ्यो। तर, हाम्रो हरेक मध्यावधि समीक्षामा पुँजीगत बजेटको ठुलो हिस्सा कटौती हुँदै आएको छ। यसले वित्तनीतिको नकारात्मक प्रभावलाई रोक्न सक्दैन। रेमिट्यान्स पनि बढिरहेको र बैंकहरूमा लगानीयोग्य रकम थुप्रिरहेको अवस्थामा लगानीको विश्वासमा संकुचन हुनुले पनि लगानीको मागमा समस्या देखिएको छ। एकलकाँटे मौद्रिक नीतिले गर्दा बैंकहरू पनि संकटमा पर्न सक्छन्।

बैंकमा कर्जाको माग किन नबढेको होला ?

हामीकहाँ उत्पादन लागत निकै बढी छ। राज्यले कारोबार लागत घटाएर, तिनको प्रतिस्पर्धी क्षमता विस्तार गरेर र उत्पादित सामग्रीका लागि भरपर्दो बजार व्यवस्थापन गरेर लगानीकर्तालाई प्रोत्साहित गर्न सक्नुपर्छ। मौद्रिक नीति र वित्तनीतिबिच समन्वय हुन सकेन भने पनि कर्जाको माग बढ्न सक्दैन।

आउँदै गरेको सरकारले बैंकमा थुप्रेको रकमको सदुपयोग गर्न के गर्नुपर्ला ?

नयाँ सरकार नयाँ म्यान्डेट लिएर आउँदै छ। उसका लागि ठुला र प्रभावकारी आयोजना सञ्चालन गर्न हाम्रा बैंकमा थुप्रिएको रकम अवसर बन्न पनि सक्छ। यतिखेर विदेशी ऋणमा भन्दा स्वदेशी बैंकहरूको ऋणमा ब्याजदर सस्तो पर्न सक्ने देखिन्छ। यसले गर्दा नयाँ सरकारले राष्ट्रिय गौरवका आयोजनामा जस्तो वर्षौं लगाएर होइन, छिटो पूरा गर्न सकिने, देशका लागि आवश्यक आयोजना अघि बढाउनुपर्छ।

प्रेरक प्रसंग

विष्णुगुप्तलाई महारानीको जवाफ

विष्णु गुप्त चाणक्य कति प्रतिभाशाली थिए, त्यसको लेखाजोखा गर्न कठिन छ। त्यस्तो विलक्षण प्रतिभाका धनी चाणक्य शारीरिक रूपमा भने कुरूप थिए। चन्द्रगुप्त मौर्यलाई एक दिन रमाइलो गर्न मन लागेछ। उनले भने, ‘प्रधानमन्त्रीजी, यदि तपाईं यति गुणवान्का साथै रूपवान् पनि हुनुभएको भए कति मजा हुँदो हो हगि ?’



चाणक्यले चन्द्रगुप्तलाई कुनै जवाफ दिनुभन्दा पहिल्यै महारानीले उनको प्रश्नको जवाफ दिइन्, ‘महाराज, मानिसको रूप त मृगतृष्णा हो। मानिसको पूजा उसको रूपले होइन, गुण र बुद्धिले हुने गर्छ।’ ‘तिमी रूपवती भएर पनि किन यस्तो कुरा गऱ्यौ ?’ राजाले रानीको जवाफ सुनेपछि प्रश्न गरे, ‘के कुनै यस्तो उदाहरण छ, जहाँ गुणको अगाडि रूपको कुनै मान्यता नहोस् ?’ ‘धेरै उदाहरण छन्, महाराज,’ यसपटक रानीको साटो चाणक्यले जवाफ दिए, ‘तपाईं पहिला यो चिसो पानी पिएर शान्त हुनुस् अनि कुरा गरौंला।’ तब उनले तुरुन्त दुई गिलास पानी राजातिर बढाए। ‘महाराज पहिलो गिलासमा सुनको घडाको पानी थियो, दोस्रोमा माटाको घडाको। कृपया तपाईंलाई कुन घडाको पानी राम्रो लाग्यो ?’ राजाले पानी पिइसकेपछि चाणक्यले उनलाई सोधे।

राजाले जवाफ दिए, ‘माटाको घैंटाको पानी शीतल एवं स्वादिलो थियो। त्यो पिएर म तृप्त भएँ। तर, सुनको घडाको पानी पिउनलायक थिएन। तर, पहिला मलाई त्यही गिलास दिइएको थियो, त्यसैले नचाहेरै पनि पिउन बाध्य हुनुपऱ्यो।’ महारानीले हाँस्दै भनिन्, ‘महराज हाम्रा प्रधानमन्त्रीले आफ्नो बुद्धि चातुर्यले तपाईंको प्रश्नको जवाफ दिनुभयो। टाढैबाट चम्किने सुनको घडाको सुन्दरता हेर्नमा छ। तर, त्यो घडा के कामको ? जसको पानी पिउनलायक नै हुँदैन। अर्कातिर माटोको घडा हेर्दा कस्तो कुरूप छ, तर त्यसमा धेरै ठुलो गुण लुकेको छ। अब तपाईं नै बताउनुस्, रूप ठुलो कि गुण एवं बुद्धि ?’ रानीको प्रश्न सुनेर राजा चन्द्रगुप्त मौन भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ग्यास आपूर्ति किन असहज ?

बजारमा लामो समयदेखि खाना पकाउने ग्यासको अभाव छ। सरकारले पर्याप्त आयात भइरहेको दाबी गरे पनि विगत कैयौं महिनादेखि बजारमा ग्यासको अभाव कायमै छ। सरकारले सोही अभाव कम गर्न भन्दै आधा सिलिन्डर ग्यास वितरण गर्ने नीति ल्यायो। सोही नीतिअनुरूप यतिखेर बजारमा आधा सिलिन्डर ग्यास पाइन्छ। तर, सोही आधा सिलिन्डर ग्यासका लागि पनि लामो प्रतीक्षा गर्नुपर्ने र सिलिन्डर बोकेर लामो लाममा उभिनुपर्ने बाध्यता छ। जब आपूर्ति ठिकठाक नै भइरहेको छ भने यसरी बजारमा ग्यास आपूर्ति किन असहज भइरहेको छ ? के सरकारले यसबारे हामी आमउपभोक्तालाई चित्तबुझ्दो जवाफ दिन सक्ला त ?

● **वामिका अर्याल**, कुपन्डोल, ललितपुर

अग्निपीडितलाई राहत देऊ

‘मुसहर सुरक्षित घर चाहन्थे, भएका झुपडी पनि जले’ शीर्षकको समाचार पढ्दा अत्यन्त दुःख लाग्यो। बिहान-बेलुकाको छाक टार्नकै लागि पनि ज्यालामजदुरी गर्न बाध्य मोरङको बुढीगंगा-३, गोकुवाका विपन्न मुसहर समुदायले आगलागीका कारण भएको आफ्नो झुपडी पनि गुमाउनुपऱ्यो। सरकारले तत्काल उनीहरूलाई गाँस, वास र कपासको व्यवस्थापनसँगै दीर्घकालीन रूपमा उनीहरूको बस्ती निर्माण गरिदिन अभिभावकको भूमिका निर्वाह गरोस्। हामी गरिब जनतालाई राज्य चाहिने भनेकै यस्तै अभर परेको समयमा त हो।

● **सन्तोष बजिमय**
सल्लाघारी, भक्तपुर

साँच्चै जाग्ला त प्रतिपक्षी ?

‘प्रतिपक्षी जागे जाग्छ देश’ शीर्षकमा प्रकाशित मेखराज उदयको लेख पढियो। उनले भनेजस्तै यो देशमा विगतमा बलियो प्रतिपक्षी नहुनुको परिणाम नै भाँडभैलो मच्चिएको हो। प्रतिपक्षी बलियो भएर जागेको भए सरकारमा रहनेहरूले मनोमानी गर्न पाउने थिएनन्। प्रतिपक्षीले बलियो खबरदारी गरिरहने हो भने सरकार फुक्काफाल भई हिँड्न पाउँदैन। उसले देश र जनताको हितमा काम नगरी सुखै पाउँदैन ? त्यसैले, यसपटक झन्डै दुईतिहाइ सरकार बन्दै गर्दा उठ्ला त प्रतिपक्षी ?

● **सुरक्षा सिंह**
पुल्चोक, ललितपुर

कर्जा प्रवाह बढाउने कसरी ?

निर्वाचन सम्पन्न भई नयाँ सरकार बन्ने तयारी हुँदै छ। अबका केही दिनमा नयाँ सरकार पनि गठन हुनेछ। देशमा लगानी बढाउन नसकिएको, लगानीयोग्य वातावरण नै नरहेको तथा लगानी सुरक्षित नभएको जस्ता चर्चा बारम्बार सुनिन्छ। यसैबिच नेपालका बैंकहरूमा लगानीयोग्य अर्थात् कर्जा दिन सकिने रकम साढे ११ खर्ब रहेको समाचार पढियो। यति ठुलो रकम देशभित्रै रहँदा पनि हाम्रो देशमा लगानी नबढ्नु चिन्ताकै विषय हो।


अब आउने नयाँ सरकारले यस विषयमा विशेष ध्यान पुऱ्याएर लगानी बढाउनुपर्ने देखिन्छ। साथै, लगानी सुरक्षित गरी उद्योगी, व्यवसायीलाई लगानी गर्न प्रोत्साहित गर्ने हो भने एकातिर बैंकहरूमा थुप्रिएको खर्बौं रकम उत्पादनमूलक कार्यमा लगानी हुन सक्छ भने अर्कातिर सोही रकम लगानीसँगै देशमा रोजगारी पनि वृद्धि हुन सक्छ। त्यसैले, अब बन्न नयाँ र शक्तिशाली सरकारको ध्यान लगानी वृद्धितर्फ नै केन्द्रित हुनुपर्छ। साथै, उद्योगी, व्यवसायीले पनि ढुक्क भई लगानी गरी एकातिर देशको आयात घटाई निर्यात बढाउनु जरुरी छ भने अर्कातिर रोजगारी बढाई कामको खोजीमा विदेश जाने नेपाली युवालाई स्वदेशमै रोक्न र गइसकेका युवालाई स्वदेशमै सम्भावना देखाएर फिर्ता गराउन सक्नुपर्छ।

यसमा राज्यले उचित वातावरण निर्माण गरी निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्न सकेको खण्डमा देशमा विकासको लहर ल्याउन ससानो रकम पनि विदेशीसित माग्नुपर्ने बाध्यता अन्त्य हुन सक्छ।

● **गोमा सेन्चुरी**, सामाखुसी, काठमाडौं

तेलको मूल्यवृद्धिले विश्व अर्थतन्त्रमा ल्याउनेछ ठुलो हलचल

प्रतिब्यारेल १५० डलर वा सोभन्दा माथिको तेलको मूल्यले विश्व अर्थतन्त्रमा ठुलो भार पर्नेछ



देश/विदेश

● जोन पावर

फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिका र इजरायलले पहिलोपटक इरानमाथि आक्रमण गरेको केही समयपछि युद्धले तेलको मूल्य प्रतिब्यारेल १०० डलरभन्दा माथि पुऱ्याउन सक्ने विश्लेषकले चेतावनी दिए। अब, युद्ध सुरु भइसकेकाले तीन साताभन्दा कम समयमा बजार पर्यवेक्षकले तेलको मूल्य प्रतिब्यारेल १५० देखि २०० डलर नाघ्ने सम्भावनालाई गम्भीरतापूर्वक विचार गरिरहेका छन्। मार्च ९ मा विश्वव्यापी बेन्चमार्क- ‘ब्रेन्ट क्रुड’को मूल्य लगभग प्रतिब्यारेल १२० डलर पुगेको थियो र मार्च १३ देखि १०० को सीमाभन्दा तल झरेको छैन। मार्च १८ मा इरानको साउथ पार्स ग्यास फिल्डमा इजरायली आक्रमण तथा कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा रहेका तेल र ग्यास सुविधामा इरानी हमलाले बुधबार कच्चा तेलको मूल्य प्रतिब्यारेल १०८ डलरभन्दा बढी पुऱ्यायो।

शान्तिकालमा विश्वव्यापी तेल आपूर्तिको लगभग पाँच भागको एक भागका लागि हर्मुजको जलमार्ग आगामी सातासम्म प्रभावकारी रूपमा बन्द रहेमा मूल्य धेरै माथि जान सक्ने कुरामा विश्लेषक व्यापक रूपमा सहमत छन्।

बहसको एक मात्र वास्तविक बिन्दु कति डलरले वृद्धि हुन्छ भन्ने हो। ‘ओमान र दुबईजस्ता मध्यपूर्वी बेन्चमार्कले पहिले नै तेलको मूल्य १५० डलरको सीमा पार गर्न सक्ने जनाएका छन्। तसर्थ, प्रतिब्यारेल २०० डलर पहिले नै दृश्यमा छ,’ तेल बजार विश्लेषण प्रदायक ‘भान्डा इनसाइट्स’की संस्थापक वन्दना हरिले अलजजिरालाई भनिन्। ‘यहाँबाट कच्चा तेल कति माथि जान्छ भन्ने कुरा लगभग पूर्ण रूपमा हर्मुज जलमार्ग कति समय बन्द रहन्छ भन्नेमा निर्भर गर्छ,’ बन्दनाले भनिन्। इरानले द्वन्द्वको सुरुमा जलमार्ग बन्द भएको घोषणा गरेपछि र उक्त मार्ग भएर पारवहनको प्रयास गर्ने कुनै पनि जहाजलाई प्रहार गर्ने धम्की दिएपछि त्यहाँ यातायात लगभग बन्द भयो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलमार्ग पुनः खोल्न नौसेनाका पनडुब्बीका लागि अन्तर्राष्ट्रिय समर्थन खोजिरहेका छन् भने केही देश सुरक्षित मार्गका लागि इरानसँग सम्झौता गर्न हतार गरिरहेका छन्। हालका दिनमा मुठीभर जहाजहरू, प्रायः भारतीय, पाकिस्तानी, टर्की र चिनियाँ झन्डा भएका जहाजलाई मात्र पार गर्न अनुमति दिइएको छ।

देशहरूले अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीसँगको समन्वयमा आपत्कालीन भण्डारबाट ४० करोड ब्यारेल तेल निकाल्ने प्रतिबद्धता जनाए पनि जलमार्गबाट ढुवानीमा अवरोध भएमा पूर्ण रूपमा क्षतिपूर्ति पाउँदैनन्।

विश्वव्यापी बजारले दैनिक लगभग एक करोड ब्यारेलको अभावको सामना गरिरहेको (भण्डारलाई ध्यानमा राख्दा पनि) सिंगापुरस्थित ओसिबिसी ग्रुप रिसर्चले अनुमान गरेको छ। कच्चा तेलको मूल्य चाँडै प्रतिब्यारेल १५० देखि २०० डलर पुग्न ‘वुड म्याकेन्जी’ विश्लेषकले गत साता भनेका थिए। इरानले पनि प्रतिब्यारेल २०० डलर पुग्ने सम्भावना दर्साएको छ। गत साता मात्र एक सैन्य प्रवक्ताले विश्वले यस्तो वृद्धिका लागि तयार हुनुपर्ने चेतावनी दिएका थिए।



‘यदि बजारले आपूर्तिले माग पूरा गर्नेछ भन्ने विश्वास गर्छ भने रणनीतिक भण्डार र प्रतिस्थापन ब्यारेलले मूल्य स्थिर गर्न सक्छ। तर, यदि हर्मुज हुँदै प्रवाहलाई निरन्तर अवधिका लागि भौतिक रूपमा अवरुद्ध गरियो भने मूल्य १०० डलरभन्दा माथि र २०० नजिक पुग्ने सम्भव छ,’ उद्योग प्रकाशन ‘रिग्जोन’का अध्यक्ष चाड नोर्भिलले अलजजिरालाई भने। विश्वव्यापी आपूर्तिको ठुलो हिस्सा सम्भावित रूपमा जोखिममा रहेको र आपूर्ति र मागबिचको व्यापक असन्तुलनलाई ध्यानमा राख्दा तेलको मूल्य उक्त बिन्दुमा पुग्ने उनको आकलन छ।

प्रतिब्यारेल १५० डलर वा सोभन्दा माथिको तेलको मूल्यले विश्व अर्थतन्त्रमा ठुलो भार पर्नेछ। अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ कि एक वर्षसम्म निरन्तर तेलको मूल्यमा हुने प्रत्येक १० प्रतिशत वृद्धिले विश्वव्यापी मुद्रास्फीतिमा ०.४ प्रतिशत वृद्धि हुन्छ। २००८ मा विश्वव्यापी वित्तीय संकटको उचाइमा पुगेदा ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल १४७.५० डलर पुगेको थियो।

प्रतिब्यारेल २०० डलरमा तेलको मूल्य पुगेमा त्यो ‘विश्व अर्थतन्त्रका लागि ठुलो ह्यान्डब्रेक हुने’ अक्सफोर्ड विश्वविद्यालयका ऊर्जाविज्ञ अडी इम्सिरोभिकले अलजजिरालाई बताए। उनले मूल्यहरू यस्तो स्तरमा पुग्ने सम्भावना ‘पूर्ण रूपमा सम्भव’ भएको बताए। ‘यसले मुद्रास्फीति र रोजगारीमा असर पार्नेछ। केही अवस्थामा इन्धन मात्र नभई मल, प्लास्टिक र यस्तै सामग्रीको पनि अभाव निम्त्याउनेछ,’ उनले अगाडि थपे। लन्डनको मारेक्सकी ऊर्जा बजार विश्लेषक सासा फोसले थप आशावादी दृष्टिकोण प्रस्तुत गरिन्, यद्यपि, २०० डलरको सम्भावना रहेको पनि संकेत गरिन्।

अन्ततः तेलको मूल्य हर्मुजको जलमार्ग हुँदै यातायात पुनः सुरु हुने कुरामा धेरै निर्भर हुनेछ, तर आपूर्ति र मागको नियमले पनि धेरै कुरा निर्धारण गर्नेछ।

सामान र सेवाका खरिददारहरूले सामान्यतया मूल्यहरू निश्चित स्तरभन्दा माथि बढेपछि उपभोगमा कटौती गर्न थाल्छन्, जुन घटनालाई माग विनाश भनिन्छ।

(जोन पावर अलजजिराका स्तम्भकार हुन्)
अलजजिराबाट

विश्वकै ठुला ग्यास खानीमा आक्रमणसँगै इरान युद्ध नयाँ चरणमा प्रवेश

साउदी अरबले 'आवश्यक परेमा सैन्य कारबाहीमा उत्रने' चेतावनी दिएसँगै खाडी राष्ट्रसमेत युद्धमा तानिने जोखिम बढेको छ



दोहा/ इरानले आफ्नो 'साउथ पार्स' ग्यास क्षेत्रमा इजरायलले गरेको आक्रमणको बदलामा दबाब बढाउन छिमेकी खाडी राष्ट्रहरूका कैयौँ ऊर्जा संयन्त्रमा आक्रमण गरेपछि युद्धमा सम्पूर्ण क्षेत्र नै तानिने जोखिम बढेको छ। अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको यो युद्धमा बिहीबार इरानले कतारको 'रास लाफान'को तरल प्राकृतिक ग्यास संयन्त्रसँगै संयुक्त अरब इमिरेट्स र साउदी अरेबियाका ऊर्जा पूर्वाधारमा पनि आक्रमण गर्‍यो। यसले विश्वव्यापी ऊर्जा आपूर्तिमा थप चिन्ता बढाएको छ।

इजरायलले पछिल्लो समय इरानका गुप्तचर मन्त्री इस्माइल खातिबको हत्या र बुधबार 'साउथ पार्स' एलएनजी संयन्त्रमाथि आक्रमण गरेपछि इरानले आफ्ना खाडी छिमेकीहरूमाथि आक्रोश व्यक्त गरेको छ। उसो त इरानले द्वन्द्व सुरु भएदेखि नै बारम्बार खाडी देशलाई निसाना बनाइरहेको छ। तर, अघिल्ला आक्रमण मुख्यतः ती देशमा रहेका अमेरिकी सैनिक आधार तथा अमेरिकी सुविधामाथि केन्द्रित थिए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जाल पोस्ट गर्दै इरानले कतारलाई लक्षित गर्न जारी राखेमा 'सम्पूर्ण साउथ पार्सलाई नष्ट गरिदिने' धम्की दिएर तनावमाथि घिउ थप्ने काम गरे। 'म अहिले त्यो स्तरको हिंसा र विनाशलाई स्वीकृत दिन चाहन्न किनभने यसले इरानको भविष्यमै दीर्घकालीन प्रभाव पार्नेछ। तर, यदि कतारका ग्यास खानीमा फेरि आक्रमण भयो भने म त्यस्तो आक्रमण गर्न हिचकिचाउनेछैन,' ट्रम्पले भने।

यसबिच साउदी अरबले पनि 'आवश्यक परेमा सैन्य कारबाहीमा उत्रने' चेतावनी दिएसँगै खाडी राष्ट्रसमेत युद्धमा तानिने जोखिम बढेको छ। यसैबिच, ट्रम्पले साउथ पार्समा इजरायलको आक्रमणप्रति आफ्नो देशको संलग्नतामा दूरी देखाउने प्रयास गरे। आफ्नो सबैभन्दा बलियो मध्यपूर्वी सहयोगी इजरायलले गरेको आक्रमणलाई 'हिंसक प्रहार' भन्दै तेहरानले कतारमाथि आक्रमण रोके आक्रमण नदोहोरिने वाचा गरे।

बिहीबार एक सामाजिक सञ्जाल पोस्टमा इरानी विदेशमन्त्री अब्बास अराघचीले साउथ पार्समाथिको आक्रमणपछि टिप्पणी गर्दै 'इजरायलले अब अन्य पूर्वाधारमा आक्रमण गरे इरानले 'शून्य संयम' अपनाउने' चेतावनी दिए। 'हाम्रो पूर्वाधारमा इजरायलको आक्रमणको प्रतिक्रियामा हामीले अहिले हाम्रो शक्तिको सानो अंश प्रयोग गरेका छौँ,' अराघचीले एक्समा लेखे। इरानी विदेशमन्त्रीले यसअघि टर्की, इजिप्ट र पाकिस्तानका आफ्ना समकक्षीसँग फोनवार्ता गरेका थिए।

अर्जेन्टिना बाहिरियो विश्व स्वास्थ्य संगठनबाट

ब्युनसआयर्स/ अर्जेन्टिनाले संयुक्त राज्य अमेरिकाको पाइला पछ्याउँदै विश्व स्वास्थ्य संगठ (डब्लुएचओ)बाट बाहिरिने निर्णयलाई अन्तिम रूप दिएको छ। 'औपचारिक सूचना दिएको एक वर्षपछि अर्जेन्टिनाको विश्व स्वास्थ्य संगठनबाट बहिर्गमन लागू हुँदै छ,' अर्जेन्टिनाका विदेशमन्त्री पाब्लो क्विर्नोले मंगलबार आफ्नो सामाजिक सञ्जाल पोस्टमा लेखे।



अर्जेन्टिनालाई डब्लुएचओबाट बाहिर निकाल्ने राष्ट्रपति जेभियर मिलेईको निर्णयमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा गरिएको यस्तै निर्णयको प्रतिध्वनि भएको छ। दुबै नेताले स्वास्थ्य र औषधीजस्ता क्षेत्रमा डब्लुएचओले अपनाएको प्रगतिशील नीतिको विराध गर्दै सो अन्तर्राष्ट्रिय संस्थाको आलोचना गर्ने गरेका छन्।

सामाजिक सञ्जाल पोस्टमा राष्ट्रपति मिलेईले डब्लुएचओलाई 'इतिहासको सामाजिक नियन्त्रणमा सबैभन्दा ठुलो प्रयोग' गर्ने 'दुष्ट संस्था' भएको आरोप लगाए। यद्यपि, डब्लुएचओ धेरै हदसम्म एक सल्लाहकार निकाय हो, यसले सदस्य राष्ट्रलाई नीतिहरू निर्देशित गर्दैन। यसले मूलतः स्वास्थ्य प्रवृत्तिहरूको निगरानी गर्छ। रोगहरूमाथि निगरानी गर्छ र विपन्न देशमा स्वास्थ्य सेवा पहुँचलाई प्रवर्द्धन गर्दै चिकित्सा तालिम दिन्छ। डब्लुएचओको वेबसाइटअनुसार अहिले ऊसँग अर्जेन्टिनासहित १९४ सदस्य आबद्ध छन्।

इतिहासमा आज मार्च २०

सन् २०१३ : विश्वको सबैभन्दा ठुलो धनराशि रहेको पुरस्कार 'ब्रेकथ्रु प्राइज' युरी र उनकी श्रीमती जुलियाले स्थापना गरे। ३० लाख डलरको राशि रहेको यो पुरस्कार गणित, जीवविज्ञान र भौतिक शास्त्र विधामा दिइन्छ।



सन् १६०२ : ब्रिटिस इस्ट इन्डिया कम्पनीअघि विश्वको औपनिवेशिक शक्ति रहेको 'डच इस्ट इन्डिया कम्पनी' यसै दिन स्थापना भएको थियो।

सन् १९८१ : अर्जेन्टिनाकी पूर्वराष्ट्रपति इसावेल पेरोनलाई आठ वर्षको जेल सजाय दिइयो।

सन् १९८६ : ज्याक सिराक फ्रान्सका प्रधानमन्त्री भए। प्रधानमन्त्री हुनुअघि राजधानी पेरिसका मेयर रहेका सिराक पछि देशका राष्ट्रपति बने।

सन् १९९४ : अल सल्भाडोरमा १२ वर्ष लामो गृहयुद्धपछि पहिलो राष्ट्रपतीय चुनाव सम्पन्न भयो।

सन् १९९५ : जापानको धार्मिक सम्प्रदाय 'ओम सिनरिक्यो'ले राजधानी टोकियोको भूमिगत रेलसेवामा विषालु ग्यास 'सरिन' छाड्दा १३ जना मारिए भने झन्डै एक हजारजना घाइते भए।

सन् २००३ : सद्दाम हुसेन र उनका छोराहरूलाई इराक छाड्न दिइएको अल्टिमेटमको समय पूरा भएपछि अमेरिका नेतृत्वको गठबन्धनले इराकमा स्थल आक्रमण सुरु गर्‍यो।

सन् २०१६ : बाराक ओबामा सन् १९२८ पछि क्युबा भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपति बने।

सन् २०१७ : भारतको उत्तराखण्ड उच्च अदालतले देशका दुई नदी यमुना र गंगालाई 'जीवित एकाइ'को मान्यता दियो, पछि सर्वोच्च अदालतले पनि यही फैसलालाई सदर गरिदियो।

सन् २०२० : आठ वर्षअघि भारतको राजधानीमा एक बसमा सवार युवतीमाथि सामूहिक बलात्कारपछि देश नै हल्लिएको घटनाका दोषी चार पुरुषलाई यही दिन झुन्ड्याएर मृत्युदण्ड दिइयो।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८२/१२/०६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गर्नु भएको ऋणकर्जा तथा बैकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई वि.सं. २०८२/०४/१२ को "आर्थिक दैनिक" राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८२/१०/२९ को "प्रभाव दैनिक" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना र मिति बि.सं. २०८२/११/२६ को "नागरिक" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङ्गमा दिउँसो ४:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : चालु पुँजी आवधिक कर्जा, आवधिक कर्जा, अटो कर्जा र अन्य कर्जा

ऋणी कम्पनीको नाम र ठेगाना

ऋणीको नाम : डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि.
रजिष्टर्ड ठेगाना : बिराटनगर म.न.पा. वडा नं. ०१, मोरङ्ग
रजिष्ट्रेसन नं. : २०१७०३/०७५/०७६ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ)
दर्ता मिति : वि.सं. २०७५/०७/१४
पान नं. : ६०६५५७३५१

कम्पनी संचालकहरु तथा जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : डम्बर बहादुर कार्की
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

२. नाम : मिथिला कार्की
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति: २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

३. नाम : शेखर जंग कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : सुमिता कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१८४९
जारी मिति : २०६३/०३/०१
जि.प्र.का. : मोरङ्ग

२. नाम : सम्झना काफ्ले
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग

३. नाम : सुस्मिता कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।३०४
जारी मिति : २०६१/०२/२६
प्रथम प्रतिलिपि मिति : २०७२/०७/३०
जि.प्र.का. : मोरङ्ग

२. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, सिटिजन्स मोर्गेज अधिविकर्ष कर्जा र अन्य कर्जा

ऋणीको नाम र ठेगाना

नाम : मिथिला कार्की
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति: २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : डम्बर बहादुर कार्की
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

२. नाम : शेखर जंग कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

३. नाम : सम्झना काफ्ले
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग

३. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, आवधिक कर्जा र अन्य कर्जा

ऋणीको नाम र ठेगाना

नाम : शेखर जंग कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : डम्बर बहादुर कार्की
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

२. नाम : मिथिला कार्की
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

३. नाम : सम्झना काफ्ले
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग

४. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, र अन्य कर्जा

ऋणीको नाम र ठेगाना

नाम : सम्झना काफ्ले
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : डम्बर बहादुर कार्की
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

२. नाम : मिथिला कार्की
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

३. नाम : शेखर जंग कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

५. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा (जग्गा खरिद) र अन्य कर्जा

ऋणीको नाम र ठेगाना

नाम : सुस्मिता कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।३०४
जारी मिति : २०६१/०२/२६
प्रथम प्रतिलिपि मिति : २०७२/०७/३०
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : डम्बर बहादुर कार्की
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

२. नाम : मिथिला कार्की
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

३. नाम : शेखर जंग कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

४. नाम : सम्झना काफ्ले
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग

५. नाम : सुमिता कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१८४९
जारी मिति : २०६३/०३/०१
जि.प्र.का. : मोरङ्ग

६. कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रिकट वान प्रोडक्ट आवधिक कर्जा, सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा र अन्य कर्जा

ऋणीको नाम र ठेगाना

१. नाम : डम्बर बहादुर कार्की
बाबु : सुर्य बहादुर कार्की
बाजे : हितमान सिंङ कार्की
पत्नी : मिथिला कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १५९३००७१।४१४३
जारी मिति : २०३७/१२/०५
प्रथम प्रतिलिपि मिति २०७१/१२/१०
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : सुस्मिता कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।३०४
जारी मिति : २०६१/०२/२६
प्रथम प्रतिलिपि मिति : २०७२/०७/३०
जि.प्र.का. : मोरङ्ग

२. नाम : मिथिला कार्की
बाबु : योगराज बस्नेत
पति : डम्बर बहादुर कार्की
ससुरा : सुर्य बहादुर कार्की
ठेगाना : रंगेली न.पा. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : १।३९३३
जारी मिति : २०४५/०२/२९
प्रथम प्रतिलिपि मिति : २०७०/०३/२३
जि.प्र.का. : मोरङ्ग

३. नाम : शेखर जंग कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
पत्नी : सम्झना काफ्ले
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१७९
जारी मिति : २०६१/०१/१५
जि.प्र.का. : मोरङ्ग

४. नाम : सम्झना काफ्ले
बाबु : दुर्गा बहादुर काफ्ले
पति : शेखर जंग कार्की
ठेगाना : उर्लावारी गा.वि.स. वडा नं. ०४, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ६४७९।४०४६
जारी मिति : २०५९/०१/३१
जि.प्र.का. : मोरङ्ग

५. नाम : सुमिता कार्की
बाबु : डम्बर बहादुर कार्की
बाजे : सुर्य बहादुर कार्की
ठेगाना : दर्वेशा गा.वि.स. वडा नं. ०२, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग
ना.प्र.नं. : ३।१८४९
जारी मिति : २०६३/०३/०१
जि.प्र.का. : मोरङ्ग

माथि उल्लिखित ऋणीहरु डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि., डम्बर बहादुर कार्की, मिथिला कार्की, शेखर जंग कार्की, सम्झना काफ्ले उपभोग गरेको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण:

१. डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि.ले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट	कि.नं.	क्षेत्रफल (व.मि.)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	मोरङ्ग	भौडाहा	५/१७८०६२९	१०२	१९३९०.००	डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि.	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.			५/१७८०५८९	३०	९३९५.००		
३.			५/१७८०५८९	५७	२१४८०.००		
४.			५/१७८०५८९	१३	११५.००		
५.			५/१७८०५८९	२९	३८१०.००		
६.			५/१७८०५८९	४२	८५७०.००		
७.			५/१७८०५८९	४६	४०२.००		
८.			५/१७८०५८९	५६	७२८०.००		

२. डेरी डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि., डम्बर बहादुर कार्की, मिथिला कार्की, शेखर जंग कार्की र सम्झना काफ्ले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट	कि.नं.	क्षेत्रफल (बि.क.धु.)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	मोरङ्ग	बखरी	४/४ख	५२८	०-०-८	मिथिला कार्की	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.			४/४ख	५२७	०-०-८		
३.			४/४ख	५३१	०-०-६		
४.			४/४ख	५३४	०-०-४		
५.			४/४ख	५३३	०-०-८		
६.			४/४ख	५३२	०-०-८		
७.			४/४ख	५२९	०-०-८		

३. सुस्मिता कार्कीले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट	कि.नं.	क्षेत्रफल (बि.क.धु.क.)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	मोरङ्ग	बनिगामा	३/३क	८०४	०-६-१२-२	सुस्मिता कार्की	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.			३/३क	८०७	०-७-१७-०		
३.			३/३क	७९७	०-७-१०-०		

माथि उल्लेखित चल/अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौंमा वा शाखा कार्यालय कन्चनवारी, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८२/१२/१५ गते, आइतबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङ्ग।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

प्रति शेयर रु.१००/- अंकित दरको ४०,००,००० कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो।

बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड
BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED

रजिष्टर्ड कार्यालयः पानीपोखरी, महाराजगञ्ज-३, काठमाण्डौ, फोन नं. ०१-४५३०१५०
इमेलः lowertadi@gmail.com वेभसाईटः www.buddhabhuminepalhydro.com.np

१ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला मितिः २०८२/१२/२२ गते
निष्काशन बन्द हुने मितिः २०८३/०१/१३ गते (बैंकिङ्ग समयसम्म)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने हकप्रद शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "IRN BB (Is)" (Pronounced as Infomerics Rating Nepal Issuer Rating Double B) प्रमाणपत्र प्राप्त गरेको छ। "IRN BB (Issuer Rating)" ले कम्पनीको Moderate risk of default regarding timely servicing of financial obligations रहेको भन्ने बुझिन्छ। इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA (Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड IRN AAA ले बलियो आधार जनाउँछ र IRN D ले कमजोर आधार जनाउँदछ। रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा (ब) पृष्ठ नं.३१ मा उल्लेख गरिएको छ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/०४/०८ बहाल रहने अवधि २०८३/०४/०७

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०८२/१०/२१ गते, कम्पनी रजिष्ट्रारको कार्यालयमा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" दर्ता भएको मिति २०८२/१२/०२ गते।

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.४०,००,००,०००/- को १ शेयर बराबर नयाँ १ शेयर (१ : १) को अनुपातमा रु.१००/- अंकित दरका ४०,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०८२/१०/२९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. कम्पनीको नाम : बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड (BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED)।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

कम्पनीको रजिष्टर्ड कार्यालय पानीपोखरी, महाराजगञ्ज-३, काठमाण्डौमा रहेको छ। आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरु खोल्न सक्नेछ।

३. कारोबार स्थान :

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय पानीपोखरी, महाराजगञ्ज र आयोजना स्थल नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका वडा नं. ४ अवस्थित छ। सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

कम्पनीको संक्षिप्त परिचयः

(१) बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६४ साल आश्विन ३० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४ साल श्रावण ३१ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ।

(२) यस कम्पनीको प्रारम्भिक शेयर निष्काशनका बखत २६ जना संस्थापक शेयरधनीहरु रहनु भएको थियो। मिति २०८१ आश्विन २१ गतेदेखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह धितोपत्रको दोश्रो बजारमा कारोबार भै रहेको छ। कम्पनीको प्रबन्धपत्रको दफा ६(ङ) (२) अनुसार जारी पूँजीको ७०% प्रतिशत संस्थापक शेयरधनीबाट (क समुह) लगानी गर्ने र बाँकी ३०% सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन गरिएको थियो। कम्पनीले तल्लो ताँदी खोला जलविद्युत आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६९/१२/२७ मा प्राप्त गरेको हो र उक्त अनुमतिपत्र मिति २१०४/१२/२६ सम्म बहाल रहनेछ।

(३) कम्पनीले तल्लो ताँदी खोलाको पानीबाट ४.९९३ मेगावाट जलविद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्दै आइरहेको छ। कम्पनीले निर्माण गरेको आयोजनाको कुल लागत रकम रू.१,४६९,१४५,०५०/- रहेको र प्रतिमेगावाट लागत २९४,२४०,९४७ करोड रहेको छ।

(४) कम्पनीबाट उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७० साल चैत्र १० गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भइसकेको छ।

(५) कम्पनीले सर्वसाधारणको लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०८१ आश्विन २१ गते देखि लकईन पिरियड समाप्त भई साधारण शेयर सरह धितोपत्रको दोश्रो बजारमा खुल्ला रुपमा कारोबार भइरहेको छ।

(६) कम्पनीले नुवाकोट जिल्लाको पंचकन्या गाउँपालिका वडा नं. ४ स्थित आफ्नै स्वामित्वमा तल्लो ताँदी खोला जलविद्युत आयोजना ४.९९३ मेगावाट विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६९/१२/२७ मा (४.९९३ मेगावाटको लागि) अनुमती पत्र प्राप्त गरेको थियो। उक्त अनुमति पत्र मिति २१०४/१२/२६ सम्म बहाल रहनेछ।

(७) कम्पनीले तल्लो ताँदी खोला जलविद्युत आयोजना (४.९९६ मेगावाट) निर्माण सम्पन्न गरी २०७८ साल चैत १० गते देखि व्यापारीक उत्पादन सुरु गरी हालसम्म निरन्तर विद्युत बिक्री गरिहेको छ। यस आयोजनाको वित्तिय व्यवस्थापन श्री सिद्धार्थ बैंक लिमिटेडको अगुवाईमा Consortium निर्माण गरी सम्पन्न गरिएको छ।

आयोजनाको संक्षिप्त विवरण :

आयोजना निर्माण गर्दा लागेको कुल लागत तथा मिति आश्विन मसान्त, २०८२ अन्त्यमा कायम जम्मा ऋण सम्बन्धी विवरण :

कुल लागत (रु.)	जम्मा ऋण (रु.)	बक्यौता ऋण (रु.)	ऋण उपभोग शुरु मिति	ऋण भुक्तान अवधि
१४६,९१४,७०५०	१,००,६३,००,०००	९६७,९४९,२२०.८८	सन् २०१८ मे, १५	१८ वर्ष

सर्वसाधारणहरुलाई प्रारम्भिक सार्वजनिक निष्काशन सम्बन्धी विवरण :

कम्पनीको जारी पूँजी रु.४०,००,००,०००/- (अक्षेरुपी चालिस करोड) को ३० प्रतिशत अर्थात प्रति शेयर रु.१००/- अंकित दरले हुन आउने रकम रु.१२,००,००,०००/- (अक्षेरुपी बाह्र करोड) रकम बराबरको १२,००,००० कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाका बासिन्दाहरुको निमित्त जारी पूँजीको १० प्रतिशतले हुने ४,००,००० कित्ता शेयर तथा सर्वसाधारणको लागि जारी पूँजीको २० प्रतिशतले हुने ८,००,००० कित्ता गरी कूल १२,००,००० कित्ता मध्ये यस बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनीका कर्मचारीहरुको लागि (१६,००० कित्ता) २ प्रतिशत र सामुहिक लगानी कोषहरुका लागि (४०,००० कित्ता) ५ प्रतिशत छुट्याई सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०७८/०४/१४ गते स्वीकृत भई मिति २०७८/०६/११ गतेदेखि मिति २०७८/०६/१४ गतेसम्म सर्वसाधारणहरुमा निष्काशन गरी मिति २०७८/०६/२२ मा बाँडफाँड गरिएको थियो। साथै उक्त शेयर मिति २०७८/१०/०३ गते धितोपत्र बजारमा सूचिकरण भएको थियो।

प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त पूँजीको उपयोग सम्बन्धी विवरण :

विवरण	उपयोग गरिएको रकम	कैफियत
प्रभु बैंक लिमिटेडलाई ऋण रकम चुक्ता गर्न	१२,००,००,०००	निष्काशनबाट प्राप्त रकम आयोजना निर्माणकै क्रममा आवश्यक रकम नपुग हुन पुगेकोले सार्वजिक निष्काशनबाट संकलित पूँजीबाट तिर्ने कबुल गरी प्रभु बैंकबाट ऋण लिएर आयोजना निर्माणमा खर्च गरेको बाह्र करोड रुपैयाँ सार्वजनिक निष्काशन पश्चात् प्रभु बैंकलाई तिरिएको हुँदा कम्पनीको पछिल्लो सार्वजिक निष्काशनबाट संकलित पूँजीको उपयोगिता निष्काशन उद्देश्य अनुरूप भएको छ।

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४/८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८/४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ।
- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरिद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outag को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।
- कन्ट्र्याक्ट इनर्जि वा Availability Declaration को आधारमा प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ तर मुल सम्झौताको अन्य कुनै दफा/उपदफामा जेसुकै लेखिएको भयता पनि आयोजनाबाट आपूर्ति भएको मासिक उर्जा (Delivered Energy) कम्पनीद्वारा पूर्वानुमान गरिएको उर्जा भन्दा कम भएमा सो वापत कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्नु छैन।
- गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ९० (नब्बे) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई पूर्वानुमानमा विचलन भए वापतको पूर्वानुमान विचलन शुल्क (Declaration Deviation) तिर्नु पर्नेछ।
- नेपाल विद्युत प्राधिकरणले Dispatch instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।
- विचलन शुल्क (रु.) =(०.९ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा-सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा-सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत खरिद दर : यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिनेछ। क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्न पर्ने छैन। यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ।
- प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ।
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जी परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८०/- (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४०/- (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ।

अवधि - व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी)	सुख्खा याम (पौष देखि चैत्रसम्म (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मंसीरसम्म (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिना देखि सम्झौता अवधिसम्म	९.६६	५.५२

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिईनेछ :

क RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यवृद्धि दिईनेछ।
ख RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यवृद्धि दिईनेछ।
ग RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यवृद्धि दिईनेछ।
घ RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यवृद्धि दिईनेछ।
ङ RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्यवृद्धि दिईने छैन।
च नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौता अनुसार माथि उल्लेखित खरिद दरको ५० प्रतिशतको हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

आयोजनाबाट व्यापारिक उत्पादन भएको अवधि देखिको उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

महिना	करार इनर्जी	उत्पादित इनर्जी	फरक अंक र प्रतिशत (उत्पादित इनर्जी (करार इनर्जी)	बिक्री दर (रु.)	बिक्री रकम (रु.)	प्राप्त रकम (रु.)	फरक पर्नुको कारण
आ.व. २०७८/७९							
चैत्र	८४२,१६४	८४२,१६४	० (०%)	८.४०	७,०७४,१७८	३,३८८,८१४	Late COD वापत कम्पनीलाई हर्जाना लागेको
बैशाख	१,६९५,९१४	१,३६२,६६०	-३३३,२५४ (१९.६५%)	४.८०	६,५४०,७६८	३,४०४,७२५	३ दिन Forced Shutdown र खोलामा पानी अपर्याप्त Late COD वापत कम्पनीलाई हर्जाना लागेका
जेष्ठ	२,२१४,५८३	२,२१४,५८३	० (०%)	४.८०	१०,६२९,९९८	९,७०६,०६६	
आषाढ	३,६११,५२०	२,९४६,७२०	-६६४,८०० (१८.४१%)	४.८०	१४,१४४,२५६	१३,८४५,८१२	५.३३ दिन Forced Shutdown
आ.व. २०७९/८०							
श्रावण	३,४९८,६६०	२,५४३,५००	-९५५,१६० (२७.३%)	४.८०	१६,१११,०६९	१५,१४०,०८८	बाढीको कारण ७ दिन आयोजना बन्द रहेको
भाद्र	३,४९८,६६०	६५६,६७०	-२,८४१,९९० (८१.२३%)	४.८०	१६,८५१,८२२	१६,५०७,९०६	बाढीको कारण २५ दिन आयोजना बन्द रहेको
आश्विन	३,४९८,६६०	३,४३४,७९०	-६३,८७० (१.८३%)	४.८०	१६,४३६,५२२	१६,०८९,७६८	
कार्तिक	३,३८५,८००	३,०४४,८८०	-३४०,९२० (१०.०७%)	४.८०	१६,०२५,८५२	१६,३८९,५३६	३.२३ दिन Forced Shutdown
मंसिर	३,२७२,९४०	२,८३५,५५०	-४३७,३९० (१३.३६%)	४.८०	१३,४९८,९५५	१३,२२६,७१०	मेशीन मर्मत गर्न १ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त
पौष	२,४२४,३३८	१,८९७,२८०	-५२७,०५८ (२१.७४%)	८.४०	१६,०४८,४३२	१५,७२७,०४०	मेशीन मर्मत गर्न ३ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त
माघ	२,०२०,३५८	१,६१७,२९०	-४०३,०६८ (१९.९५%)	८.४०	१३,४६६,९२६	१३,१९५,९९९	खोलामा पानी अपर्याप्त
फाल्गुण	१,७३४,६५८	१,३२७,२६०	-४०७,३९८ (२३.४९%)	८.४०	८,८३७,०९९	८,६४३,५२९	खोलामा पानी अपर्याप्त
चैत्र	१,२६३,२४६	१,२६३,२४६	० (०%)	८.४०	१०,१४६,७१०	९,९४२,१८७	
बैशाख	१,६९५,९१४	१,१४८,३६०	-५४७,५५४ (३२.२९%)	४.९४	३,८८०,७१८	३,७४०,९८०	खोलामा पानी अपर्याप्त
जेष्ठ	२,२१४,५८३	१,३८६,३१०	-८२८,२७३ (३७.४०%)	४.९४	५,९२८,७३०	५,७२०,१५२	मर्मत गर्न १ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त
आषाढ	३,६११,५२०	३,२१५,२३०	-३९६,२९० (१०.९७%)	४.९४	११,१११,९७९	१०,६३५,२३४	बाढीका कारण बेलाबेलामा प्लान्ट बन्द
आ.व. २०८०/८१							
श्रावण	३,४९८,६६०	३,२६१,३५०	-२३७,३१० (६.७८%)	४.९४	१६,१११,०६९	१५,१४०,०८८	बाढीका कारण बेलाबेलामा प्लान्ट बन्द
भाद्र	३,४९८,६६०	३,४११,३००	-८७,३६० (२.५%)	४.९४	१६,८५१,८२२	१६,५०७,९०६	
आश्विन	३,४९८,६६०	३,२९०,९६०	-२०७,७०० (५.९४%)	४.९४	१६,२५६,९९७	१५,९२५,२९५	
कार्तिक	३,३८५,८००	३,३८५,८००	० (०.००%)	४.९४	१६,७२५,८५२	१६,३८९,५३६	
मंसिर	३,२७२,९४०	२,७३२,४२०	-५४०,५२० (१६.५१%)	४.९४	१३,४९८,९५५	१३,२२६,७१०	खोलामा पानी अपर्याप्त
पौष	२,४२४,३३८	१,८५५,३१०	-५६९,०२८ (२३.४७%)	८.६५	१६,०४८,४३२	१५,७२७,०४०	खोलामा पानी कम उपलब्ध भएको
माघ	२,०२०,३५८	१,५५६,८७०	-४६३,४८८ (२२.९४%)	८.६५	१३,४६६,९२६	१३,१९५,९९९	खोलामा पानी कम उपलब्ध भएको
फाल्गुण	१,७३४,६५८	१,०२१,६३०	-७१३,०२८ (४१.११%)	८.६५	८,८३७,०९९	८,६४३,५२९	मेशिन मर्मत गर्न ४ दिन प्लान्ट बन्द र खोलामा पानी अपर्याप्त
चैत्र	१,२६३,२४६	१,१७३,०३०	-९०,२१६ (७.१४%)	८.६५	१०,१४६,७१०	९,९४२,१८७	खोलामा पानी अपर्याप्त
बैशाख	१,६९५,९१४	७६२,४२०	-९३३,४९४ (५५.०४%)	५.०९	३,८८०,७१८	३,७४०,९८०	खोलामा पानी ज्यादै नै कम उपलब्ध भएको
जेष्ठ	२,२१४,५८३	१,१६४,७८०	-१,०४९,८०३ (४७.४०%)	५.०९	५,९२८,७३०	५,७२०,१५२	खोलामा पानी कम उपलब्ध भएको
आषाढ	३,६११,५२०	२,१८३,१००	-१,४२८,४२० (३९.५५%)	५.०९	११,१११,९७९	१०,६३५,२३४	मेशिनमा समस्या उत्पन्न भएकोले मर्मत गर्नु परेको
आ.व. २०८१/८२							
श्रावण	३,४९८,६६०	२,९९३,२६०	-५०५,४०० (१४.४५%)	५.०९	१५,२३५,६९३	१४,९२३,७४३	मेशिनमा उत्पन्न समस्याले गर्दा केही दिन पूर्ण क्षमतामा नचलाएको
भाद्र	३,४९८,६६०	२,३०४,७७०	-१,१९३,८९० (३४.१२%)	५.०९	११,७३१,२७९	११,२२३,०३६	३.१३ दिन Forced Shutdown र पानी धमिलो हुँदा प्लान्ट बन्द
आश्विन	३,४९८,६६०	३,१३७,६३०	-३६१,०३० (१०.३२%)	५.०९	१५,९७०,५३७	१५,६४४,७५४	
कार्तिक	३,३८५,८००	३,३८३,९७०	-१,८३० (०.०५%)	५.०९	१७,२२४,४०७	१६,८७७,८६७	
मंसिर	३,२७२,९४०	२,९३२,१८०	-३४०,७६० (१०.४१%)	५.०९	१४,९२४,७९६	१४,६२५,६५२	
पौष	२,४२४,३३८	१,८०५,७२०	-६१८,६१८ (२५.५२%)	८.९०	१६,०७०,९०८	१३,०४२,००२	खोलामा पानी अपर्याप्त
माघ	२,०२०,३५८	१,५२५,३००	-४९५,०५८ (२४.५०%)	८.९०	१३,५७५,१७०	१५,१४०,०८७	खोलामा पानी अपर्याप्त
फाल्गुण	१,७३४,६५८	१,०५२,३१०	-६८२,३४८ (३९.३४%)	८.९०	९,३६५,५५९	९,११०,४२२	१३ दिन दैनिक ८/९ घण्टा Scheduled Shutdown र पानी अपर्याप्त
चैत्र	१,२६३,२४६	९५३,६६०	-३०९,५८६ (२४.५१%)	८.९०	८,४८७,५७४	८,२२५,२०३	खोलामा पानी अपर्याप्त
बैशाख	१,६९५,९१४	१,०७३,७१०	-६२२,२०४ (३६.६९%)	५.२३	५,६१५,५०३	५,४९०,५५७	मेशीन Servicing गर्न ३ दिन प्लान्ट बन्द र पानी अपर्याप्त
जेष्ठ	२,२१४,५८३	१,१५५,२००	-१,०५९,३८३ (४७.८४%)	५.२३	६,०४१,६९६	५,७०४,१६९	मेशीन Modification गर्न ६ दिन प्लान्ट बन्द र पानी अपर्याप्त
आषाढ	३,६११,५२०	१,८२३,८००	-१,७८७,७२० (४९.५०%)	५.२३	९,५३८,४७४	०,०००,०००	Intake Gate मर्मत गर्न ४ दिन, बाढीको कारण ४ दिन गरी जम्मा ८ दिन प्लान्ट बन्द
आ.व. २०८२/८३							
श्रावण	३,४९८,६६०	३,२०२,१५०	-२९६,५१० (८.४७%)	५.२३	१६,७४७,२४५	१६,४०५,०६४	
भाद्र	३,४९८,६६०	३,३१३,७४०	-१८४,९२० (५.२९%)	५.२३	१७,३३०,८६०	१६,९७८,९५१	
आश्विन	३,४९८,६६०	३,२०१,११०	-२९७,५५० (८.५०%)	५.२३	१६,७४१,८०५	१६,४००,१६५	
कार्तिक	३,३८५,८००	३,४५६,२४०	-७०,४४० (२.०८%)	५.२३	१७,०७१,७९९		रकम प्राप्त हुन बाँकी (करार इनर्जी भन्दा बढी उत्पादन भएको)
मंसिर	३,२७२,९४०	३,१२०,०५०	-१५२,८९० (४.६७%)	५.२३	१६,३१७,८६२		रकम प्राप्त हुन बाँकी

आयोजना	रोयल्टि बृद्धि आ.व. २०८१/०८२
तल्लो ताँदी खोला जलविद्युत आयोजना	नभएको

आयोजना	शत प्रतिशत आयकर छुट अवधि	५० प्रतिशत आयकर छुट अवधि	सामान्य कर लागु
तल्लो ताँदी खोला जलविद्युत आयोजना	१५ वर्ष	६ वर्ष	-

प्राकृतिक प्रकोपबाट पुग्न गएको क्षति :

मिति २०७९ साल श्रावण २४ गते साँझ देखि परेको अबिरल वर्षाले नुवाकोट जिल्लाको तादी खोलामा ठुलो बाढी आउँदा काबु बाहिरको परिस्थिति उत्पन्न हुन पुगि नुवाकोट जिल्लाको दुप्चेस्वर गाउँ पालिकामा अवस्थित कम्पनीको तल्लो ताँदी खोला जलविद्युत आयोजना ४।९९३ मेघावाटको भौतिक संरचनाहरुमा क्षति पुग गएकोले मिति २०७९ श्रावण २४ गते राति ११ बजे देखि बन्द भएको उक्त आयोजना मर्मत संभार पश्चात् भाद्र २४, २०७९ देखि संचालनमा ल्याउन सकिएको थियो। आयोजना एक महिना सम्म बन्द हुँदा कम्पनीले करीव एक करोड साठी लाख बराबरको आम्दानी गुमाउनु परेको थियो।

मिति २०८२ आषाढ २४ गते बिहान रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको ठुलो बाढीले त्रिशूली ३ बी हब सवस्टेशन र प्रसारणलाइनमा क्षति पुग्न गएको थियो जसको कारण समुद्रटार-त्रिशूली ३ बी हब १ सय ३२ केभी प्रसारण लाइन बन्द हुन पुग्दा सोही प्रसारण लाइन मार्फत विद्युत आपुर्ति गर्दै आएको हाम्रो कम्पनीको तल्लो ताँदी खोला जल विद्युत आयोजना (४।९९३ मेघावाट) उक्त दिन बिहान ६:५० बजे देखि पूर्ण रूपमा बन्द गर्नु परेको थियो। त्रिशूली ३बी हब सवस्टेशन र प्रसारण लाइन आंशिक रूपमा मर्मत गरे पछि पाँच दिन पश्चात् अर्थात मिति २०८२ आषाढ २९ गते बिहान देखि आयोजनाबाट विद्युत उत्पादन गरी प्रसारण गरिएको थियो। उक्त बन्द अवधिमा दैनिक ११२,८६० (kWh) उत्पादन घाटा हुन पुगी दैनिक करिब छ लाख रुपैयांको दरले तीस लाख रुपैयाँ आम्दानी गुमाउनु परेको थियो।

(८) बुद्धभुमी नेपाल हाइड्रोपावर लिमिटेडले आयोजना निर्माण गर्दा श्री सिद्धार्थ बैंक लिमिटेडको अगुवाईमा सिध्दार्थ बैंक लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड, बैंक अफ काठमाण्डु लिमिटेड र कुमारी बैंक लिमिटेडबैंक बिच Consortium निर्माण गरी कुल लागतको ६७.४१ प्रतिशतले हुन आउने रु.१,००,६३,००,०००/- ऋण लिने सम्झौता गरिएको थियो। साथै २०८२/०२/०९ (तदअनुसार ई.सं. ०२/०६/२०२५) मा सिद्धार्थ बैंकसगको सम्झौता अनुसार हकप्रद शेयरबाट प्राप्त रकमबाट भुक्तानी गर्ने गरी भनी थप रु.५ करोड ऋण लिने सम्झौता गरिएको उक्त ऋण रकम कम्पनीले प्राप्त गरिसकेको छ। मिति २०८२ कात्तिक मसान्तसम्मको जम्मा ऋण रकम तथा भुक्तानीको अवस्था देहाय बमोजिम रहेको छ।

क्र.सं.	बैंकको नाम	जम्मा ऋण (रु.)	ऋण चुक्ता (रु.)	चुक्ता हुन बाँकी ऋण (रु.)
१	सिद्धार्थ बैंक लिमिटेड	६२,४७,२७,०००	४,५९,७४,८४८	५७,८७,५२,१५२
२	सिद्धार्थ बैंक लिमिटेड (अल्पकालिन ऋण)	२,००,००,०००	९९,५०,०००	१,००,५०,०००
३	माछापुच्छ्रे बैंक लिमिटेड	१८,१५,७३,०००	२,११,१९,०१४	१६,०४,५३,९८५
४	ग्लोबल आई एम ई बैंक लि.	१५,००,००,०००	१,८७,००,५८०	१३,२४,४१,८०९
५	कुमारी बैंक लि.	१०,००,००,०००	१,२६,०६,३३६	८,७३,९३,६६३
	जम्मा	१,०७,६३,००,०००	१०,८३,५०,७७८	९६,९०,९१,६०९

(९) यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७८/०६/११ गते देखि २०७८/०६/१४ गते सम्म भएको र बाँडफाँड मिति २०७८/०६/२२ गते भएको हो। कम्पनीको संस्थापक शेयरको मिति २०८१ आश्विन २१ गते देखि लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ। यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सूचिकरण मिति २०७८/१०/०२ गते रहेको छ। कम्पनीले IPO निष्काशन गरि प्राप्त गरेको रकम निम्न तालिका अनुसार रहेको छ :

क्र.सं.	विवरण	रकम (रु.)
१	संस्थापकहरुबाट	२८,००,००,०००/-
२	आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु	४,००,००,०००/-
	कम्पनीका कर्मचारीहरु, सामुहिक लगानी कोष, सर्वसाधारण शेयरधनीहरु	८,००,००,०००/-
	जम्मा	४०,००,००,०००/-

कम्पनीका उद्देश्यहरुः कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छन् :

(क) विभिन्न भागमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गर्ने, बिक्री गर्ने, जलविद्युत उत्पादन गर्ने सम्बन्धमा इन्जिनियरिङ्ग परामर्श सेवा उपलब्ध गराउने, जलविद्युत उत्पादन सम्बन्धमा अध्ययन अनुसन्धान कार्य गर्ने।
(ख) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि निजी क्षेत्रमा विद्युत उत्पादन गरी बिक्री गर्ने तथा सो सम्बन्धी इन्जिनियरिङ सेवा उपलब्ध गराउने।
(ग) नेपाल विद्युत प्राधिकरणका विभिन्न आयोजनाहरु, विद्युत उर्जा उत्पादक कम्पनीहरुबाट उत्पादित विजुली लिजमा लिई बिक्री गर्ने कार्य गर्ने।
(घ) उत्पादित विद्युत शक्तिलाई थोक तथा खुद्रा बिक्री गर्ने।
(ङ) उपदफा (क) र (ख) मा उल्लेखित श्रोतहरुबाट विद्युत उत्पादन गर्न सिभिल, इलेक्ट्रो, मेकानिकल एवं प्रसारण तथा वितरण लाईनहरुको निर्माण तथा मर्मत गर्ने।
(च) सिभिल इलेक्ट्रो मेकानिकल एवं प्रसारण तथा वितरण लाईन निर्माण सम्बन्धी माल सामान तथा औजार उपकरणहरुको आपूर्ति गरी प्रयोगमा ल्याउने कार्य गर्ने।
(छ) विद्युत आयोजनाहरुको विभिन्न स्ट्रक्चर तथा प्रसारण एवं वितरण लाईन र सबस्टेशनहरुको संचालन एवं मर्मत संभार सम्बन्धी कार्य गर्ने।
(ज) जलविद्युत शक्ति उत्पादन, ट्रान्समिसन लाईन निर्माण तथा वितरण लाईन निर्माण गर्ने, संचालन गर्ने कार्य गर्ने।
(झ) जलविद्युत क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने गराउने।
(ञ) जलविद्युत क्षेत्रमा स्वदेशी तथा विदेशी प्रशिक्षक तथा विशेषज्ञहरुको संलग्नतामा गोष्ठी, सेमिनार सभा सम्मेलन आयोजना गर्ने गराउने।

५. शेयर पूँजीको संरचना :

अधिकृत पूँजी (Authorised Capital): कम्पनीको अधिकृत पूँजी रु.१,५०,००,००,०००/- (अक्षेरुपी एक अर्व पचास करोड) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका १,५०,००,००० (एक करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ।
जारी पूँजी (Issued Capital): कम्पनीको जारी पूँजी रु.८०,००,००,०००/- (अक्षेरुपी असी करोड) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरले ८०,००,००० (असी लाख) थान शेयरमा विभाजन गरिएको छ।
चुक्ता पूँजी (Paid up Capital): यस कम्पनीको हालको चुक्ता पूँजी रु.४०,००,००,०००/- (अक्षेरुपी चालिस करोड) रहेको छ। स्वीकृत विवरण पत्र मार्फत प्रस्तावित हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.८०,००,००,०००/- (अक्षेरुपी असी करोड मात्र) हुनेछ।

६. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.४०,००,००,०००/- रहेको छ। हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.८०,००,००,०००/- कायम हुनेछ। कम्पनीले सर्वसाधारणको लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईनमा हुनुपर्ने व्यवस्था अनुरुप यस कम्पनीको संस्थापक शेयर मिति २०८१ आश्विन २१ गतेसम्म लकईनमा रहेकोमा र उक्त लकईन अवधि समाप्त भई हाल साधारण शेयर सरह धितोपत्रको दोश्रो बजारमा खुल्ला रुपमा कारोबार भईरहेको छ।

विवरण	हकप्रद निष्काशन गर्नुपूर्व	हकप्रद निष्काशन पश्चात्
अधिकृत पूँजी	१,५०,००,००,०००	१,५०,००,००,०००
जारी पूँजी	८०,००,००,०००	८०,००,००,०००
चुक्ता पूँजी	४०,००,००,०००	८०,००,००,०००

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम, ठेगाना	पद	नियुक्ति मिति	बहाल अवधि	शेयर स्वामित्व	प्रतिशत	शैक्षिक योग्यता	सम्बन्धित क्षेत्रको अनुभव	अन्य क्षेत्रको अनुभव
१.	पूर्ण लाल श्रेष्ठ खानीगाउँ-४ नुवाकोट	अध्यक्ष	२०/९/२०८०	१९/९/२०८४	३१४,५२५ कित्ता	७.८६%	स्नातक	मिति २०६९/०९/२० देखि हालसम्म यस कम्पनीको अध्यक्षको रुपमा कार्यरत।	१८ वर्षको व्यापारिक अनुभव तथा रियल स्टेट (Brightway Investment Pvt. Ltd.) मा आवद्ध।
२.	प्रमोद खड्का भद्रकाली-३, नुवाकोट	संचालक	२०/९/२०८०	१९/९/२०८४	३०५,००० कित्ता	७.६३%	स्नातक	मिति २०६९/०९/२० देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत।	१८ वर्ष भन्दा बढिको व्यापारिक अनुभव हासिल गर्नु भएको।
३.	दिपक लाल अमात्य खानीगाउँ-४ नुवाकोट	संचालक	२०/९/२०८०	१९/९/२०८४	१३३,३८० कित्ता	३.३३%	स्नातक	मिति २०६९/०९/२० देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत।	१८ वर्ष भन्दा बढिको व्यापारिक अनुभव हासिल गर्नु भएको।
४.	इल्या दीक्षित भट्टराई काठमाडौं म.न.पा.-३	संचालक	२०/९/२०८०	१९/९/२०८४	१०७,५३४ कित्ता	२.६९%	स्नातक	मिति २०७७/१२/०६ देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत।	कथाकार निबन्धकार तथा साहित्य क्षेत्रमा आवद्ध रहनु भएको।
५.	प्रकाश सापकोटा महाकाली-८, नुवाकोट	संचालक	५/११/२०७९	५/११/२०८३	१०० कित्ता	०.००%	स्नातक	मिति २०७९/११/१५ देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत।	युवा उद्यमी, १० वर्ष शेयर बजारको संलग्न रहनु भएको।
६.	रमेश मान प्रधान तारकेश्वर-३, नुवाकोट	संचालक	५/११/२०७९	५/११/२०८३	८००	०.०२%	१०+२	मिति २०७९/११/१५ देखि हालसम्म यस कम्पनीको संचालकको रुपमा कार्यरत।	वित्तीय क्षेत्रमा १० वर्ष भन्दा बढीको कार्यनुभव हासिल गर्नुभएको।
७	निर कुमार क्षेत्री	स्वतन्त्र संचालक	१७/०८/२०८२	१६/०८/२०८४	छैन	छैन	स्नातकोत्तर	हाइड्रोपावर सम्बन्धित ५ वर्षका अनुभव	६ वषको व्यापारिक अनुभव बक्सिला इन्टरनेशनल बिजनेस प्रा.लि.मा आवद्ध।

नोटः सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ र कम्पनी ऐन, २०६३ मा रहेको संचालकहरु सम्बन्धि व्यवस्थाहरुको पालना भएको उदघोषण गर्दछौं।

कम्पनीको कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव देहाय बमोजिम रहेको छ :

नाम : शेखर कुमार सुवेदी **ठेगाना :** महालक्ष्मी-२, ललितपुर **शैक्षिक योग्यता :** सिभिल इन्जिनियरिङ्गमा स्नातक, कम्पुटर विज्ञानमा स्नातकोत्तर
अनुभव : ***सम्बन्धित क्षेत्रको अनुभवः*** २०६९/०९/२० देखि २०७९/१०/२० सम्म यस कम्पनीको संचालक ***अन्य क्षेत्रको अनुभवः*** २०४९ आश्विन देखि २०५५ कार्तिकसम्म ६ वर्ष सिभिल इन्जिनियरिङ्गको अनुभव, २०५६ फागुन देखि २०७८ आषाढसम्म २० वर्ष आई.टि.को क्षेत्रको अनुभव।

८. सञ्चालक समितिको बनौट :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्यहरु रहेको सञ्चालक समिति रहने व्यवस्था छ। कम्पनीमा महिला, तथा स्वतन्त्र संचालकको व्यवस्था गरिएको छ। संचालकहरुको कार्यकाल ४ वर्षको रहेको छ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १,००० (एक हजार) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्होरालेलाई कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन। तर स्वतन्त्र/व्यवसायिक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था रहेको छ।

संस्थापक शेयरधनीहरुको तर्फबाट	५ (पाँच) जना
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट	१ (एक) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना
जम्मा	७ (सात) जना

मिति २०८१/०६/२१ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पूर्ण शेयर सर्वसाधारण शेयर सरह नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भैरहेको छ।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.४०,००,००,०००/- (अक्षेरुपी चालिस करोड मात्र) को १ शेयर बराबर नयाँ १ शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा ४०,००,००० कित्ता शेयर साविकका शेयरधनीहरुका लागि हकप्रद साधारण शेयर निष्काशन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेस्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको संचालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिनसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन्। साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले तोके बमोजिम पारदर्शी तरिकाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिनेछ। लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरिने र पुनः लिलाम बढाबढ गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन्। उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु.१००/- कित्ताका दराले आवेदन दिन सक्नेछन्। यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ। विगतमा हकप्रद शेयर निष्काशन गरेका कम्पनीहरुको तथ्याङ्क हेर्दा यस कम्पनीको समेत १ : १ हकप्रद शेयर निष्कासन गर्दा यस्तो अवस्था नआउने देखिन्छ।

१३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रकम रु. मा)*

विवरण	वास्तविक आ.व.२०७९/०८० (Restated)	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२
सम्पत्ति			
गैह चालु सम्पत्ति			
सम्पत्ति, मेसिनरी तथा उपकरण	४,१८९,०६९	४,४८७,४१३	६,७२६,६६९
अमुर्त सम्पत्ति	१,३७९,६९४,२६५	१,३३९,६५८,८८६	१,२९५,२७२,४३४
सम्पत्तिको प्रयोग	५,८९७,३६२	४,४८२,०११	१,६११,७७०
जम्मा गैह चालु सम्पत्ति	१,३८९,७८०,७९६	१,३४८,६२८,३१०	१,३०३,६१०,८७३
चालु सम्पत्ति			
नगद र नगद बराबर	९,०३९,६१७	२,०२२,१६१	२४,६२९,३५६
अग्रिम प्राप्य	५१,५३३,५४२	३९,४२९,७०५	३७,७२८,९२९
मर्जिन र निक्षेप	१,५२७,०००	३३४,७००	३९७,२००
जम्मा चालु सम्पत्ति	६२,१००,१५८	४१,७८६,५६६	६२,७५५,४८५
जम्मा सम्पत्ति	१,४५१,८८०,८७५	१,३९०,४१४,८७६	१,३६६,३६६,३५८
पूँजी तथा दायित्व			
पूँजी			
शेयर पूँजी	४१३,३०४,४००	४१,३३०,४००	४१३,३०४,४००
जगेडा तथा कोषहरु	(५,४३४,२९८)	(८१,६६०,७३८)	(९९,४३५,९१४)
जम्मा पूँजी	३५८,९६२,१०२	३३१,६४३,६६२	३१३,८६८,४८६
दायित्व			
गैह चालु दायित्व			
ऋण तथा उधारो (दीर्घकालीन)	९६१,४५९,५४६	९१८,९६०,१५७	८८२,६७३,३२६
कर दायित्व	-	-	-
दायित्व सम्झौता	४,७३४,४७२	३,६०९,८७३	५१२,१२६
जम्मा गैह चालु दायित्व	९६६,१९४,०१९	९२२,५७०,०३०	८८३,१८५,४५२
चालु दायित्व			
ऋण तथा उधारो (अल्पकालीन)	१२,६२८,३२३	४०,८८५,३२३	५५,८६०,८८७
अन्य भुक्तानी गर्न बाँकी दायित्व	११२,४१५,६८१	९३,५५१,०७३	१,१४५,७८०
दायित्व सम्झौता	१,६८०,७५०	१,७६४,७८७	११२,३०५,७५३
आय र दायित्व	-	-	-
जम्मा चालु दायित्व	१२६,७२४,७५४	१३६,२०१,१८४	१६९,३१२,४२०
जम्मा दायित्व	१,०९२,९१८,७७३	१,०५८,७७१,२१३	१,०५२,४९७,८७२
जम्मा पूँजी तथा दायित्व	१,४५१,८८०,८७५	१,३९०,४१४,८७६	१,३६६,३६६,३५७

नाफा-नोक्सान हिसाब *(रकम रु. मा)*

विवरण	वास्तविक आ.व.२०७९/०८० (Restated)	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२
संचालन आम्दानी	१६४,४८५,२६९	१४८,८६०,५५७	१४३,७८१,५९६
बिक्री लागत	२४,७३४,०८८	२१,२०४,५९९	२०,८६४,७८४
कूल नाफा	१३९,७५१,१८१	१२७,६५५,९५८	१२२,९१६,८१२
अन्य आम्दानी	१५,५६३,७२७	३,८०१,८१२	६,३२३,२०७
प्रशासनिक खर्च तथा अन्य संचालन खर्च	१२,९४४,८९६	५,९५९,२५६	३,४०५,४२०
कर्मचारी लाभ	-	-	३,९४२,९५९
वित्तीय आम्दानी	-	-	
वित्तीय लागत	८०,७९८,७९२	९०,४५५,७७८	८७,८१०,०८४
ह्रास कट्टी र परिशोधन	५०,२८३,७१३	५०,६४५,३५५	५०,८८७,२२९
सवारी साधनको मूल्य ह्रास	-	-	३५२,३००
आयकर अघिको नाफा/(नोक्सान)	११,२८७,५०६	(१५,६०२,६२१)	(१७,२३७,९७४)
आयकर खर्च	२९५,९९५	-	-
यस वर्षको आयकर	-	-	-
यस वर्षको खुद नाफा	११५,८३,५०२	(१५,६०२,६२१)	(१७,२३७,९७४)
यस वर्षको खुद नाफा/(नोक्सान)	११५,८३,५०२	(१५,६०२,६२१)	(१७,२३७,९७४)

कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणः

वासलात *(रकम रु. मा)*

विवरण	वास्तविक आ.व.२०८२/०८३	आ.व.२०८३/०८४	आ.व.२०८४/०८५
सम्पत्ति			
गैह चालु सम्पत्ति			
सम्पत्ति, मेसिनरी तथा उपकरण	६,०८९,५७७.९८	५,५५७,३५५.६५	५,१०६,९४०.२२
अमुर्त सम्पत्ति	१,२३८,९५६,२४१.४४	१,१८२,६४०,०४८.६५	१,१२६,३२३,८५५.८६
हकप्रदको प्रयोग सम्पत्ति	३५८,३६१.६५	-	-
जम्मा गैह चालु सम्पत्ति	१,२४५,४०४,१८१.०७	१,१८८,१९७,४०४.३०	१,१३१,४३०,७९६.०८
चालु सम्पत्ति			
नगद र नगद बराबर	५,६१५,०२०.४६	३,१५१,८०२.५७	८,३३४,०९१.८४
अग्रिम प्राप्य	१९,५९८,२९९.८७	२०,१०८,२९२.८०	२०,१०८,२९२.८०
अन्य वित्तीय सम्पत्ति	३९७,२००.००	३९७,२००.००	३९७,२००.००
अन्य चालु सम्पत्ति	१८,०४७,०६०.६१	१५,६७७,०५९.८७	१४,२३३,५२६.३४
जम्मा चालु सम्पत्ति	४३,६५७,५८०.९३	३९,३३४,३५५.२४	४३,०७३,११०.९८
जम्मा सम्पत्ति	१,२८९,०६१,७६२.००	१,२२७,५३१,७५९.५४	१,१७४,५०३,९०७.०५
पूँजी तथा दायित्व			
पूँजी			
शेयर पूँजी	८००,०००,०००.००	८००,०००,०००.००	८००,०००,०००.००
अन्य पूँजी	(१११,२७५,०३५.५५)	(८९,२८५,१२५.७४)	(६०,९१२,६२७.७७)
जम्मा पूँजी	६८८,७२४,९६४.४५	७१०,७१४,८७४.२६	७३९,०८७,३७२.२३
दायित्व			
गैह चालु दायित्व			
ऋण तथा उधारो (दीर्घकालीन)	४५१,३७०,१९६.०६	४०६,६२०,१९६.०६	३२१,९२४,२०१.७३
लीज दायित्व	-	-	-
कर दायित्व	-	-	-
जम्मा गैह चालु दायित्व	४५१,३७०,१९६.०६	४०६,६२०,१९६.०६	३२१,९२४,२०१.७३
चालु दायित्व	-	-	-
वित्तीय दायित्व			
अन्य भुक्तानी गर्न बाँकी दायित्व	३८,२०४,४७४.७१	२३,४४६,६८८.४६	७,७९६,३३८.०१
भाडा दायित्व	५१२,१२६.७८	-	-
बैंक ऋण (अल्पकालीन)	११०,२५०,०००.००	८६,७५०,०००.००	१०५,६९५,९९४.३३
जम्मा चालु दायित्व	१४८,९६६,६०१.४९	११०,१९६,६८८.४६	११३,४९२,३३२.३४
जम्मा पूँजी तथा दायित्व	१,२८९,०६१,७६२.००	१,२२७,५३१,७५९.५४	१,१७४,५०३,९०७.०५

नाफा-नोक्सान हिसाब *(रकम रु. मा)*

विवरण	वास्तविक आ.व.२०८२/०८३	आ.व.२०८३/०८४	आ.व.२०८४/०८५
संचालन आम्दानी	१६०,७९८,९६२.४५	१५७,०९९,०१५.८२	१६०,२६०,२३८.१२
बिक्री लागत	२१,८४५,०८१.९३	२२,६७७,५७३.१३	२३,६९२,६१२.२१
कूल संचालनबाट आम्दानी	१३८,९५३,८८०.५३	१३४,४२१,४४२.६९	१३६,५६७,६२५.९१
अन्य आम्दानी	१३९,९५७.४१	१४६,५५८.३८	१५३,८८६.३०
खर्च			
प्रशासनिक खर्च	३,४४०,३४१.१७	३,५९९,८५८.२३	५,०९०,३५१.१४
कर्मचारी खर्च	४,१४०,१०६.९५	४,३४७,११२.३०	४,५६४,४६७.९१
आयकर अघिको नाफा / (नोक्सान)	१३१,५१३,०११.८२	१२६,६२१,०३०.५५	१२७,०६६,६९३.१५
वित्तीय खर्च	७९,१४५,४४०.७१	४६,७४८,९१६.९३	४१,०५६,११६.७१
मूल्य ह्रास र परिशोधन	५८,२०६,६९२.२२	५७,२०६,७७६.७७	५६,७६६,६०८.२२
बोनस र कर अघिको नाफा/(नोक्सान)	(५,८३९,१२१.११)	२२,६६५,३३६.८४	२९,२४३,९६८.२२
बोनस खर्च	-	४५३,३०६.७४	५८४,८७९.३६
कर अघिको नाफा/(नोक्सान)	(५,८३९,१२१.११)	२२,२१२,०३०.११	२८,६५९,०८८.८५
कर	-	-	-
कर पछिको नाफा/(नोक्सान)	(५,८३९,१२१.११)	२२,२१२,०३०.११	२८,६५९,०८८.८५
CSR को प्रावधान	-	२२२,१२०.३०	२८६,५९०.८९
कुल नाफा/(नोक्सान)	(५,८३९,१२१.११)	२१,९८९,९०९.८१	२८,३७२,४९७.९७

सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.२०७९/०८० (Restated)	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३	आ.व.२०८३/०८४	आ.व.२०८४/०८५
चुक्ता पूँजी (रु. हजारमा)	४००,०००	४००,०००	४००,०००	८००,०००	८००,०००	८००,०००
जगेडा कोष तथा संचित नाफा (रु. हजारमा)	(५४,३४२)	(८१,६६१)	(९९,४३६)	(१११,२७५)	(८९,२८५)	(६०,९१३)
जम्मा (नेटवर्थ) (रु. हजारमा)	३४५,६५८	३१८,३३९	३००,५६४	६८८,७२५	७१०,७१५	७३९,०८७
शेयर संख्या हजारमा	४०००	४,०००	४,०००	८,०००	८,०००	८,०००
प्रति शेयर नेटवर्थ (रु.)	८९.७४	७९.५८	७५.१४	८६.०९	८८.८४	९२.३९
खुद नाफा (रु. हजारमा)	११,२८८	(१५,६०३)	(१७,२३८)	(५,८३९)	२१,९९०	२८,३७२
प्रति शेयर आम्दानी (रु.)	२.९०	(३.९०)	(४.३१)	(०.७३)	२.७५	३.५५

नोट : *विगत तीन आर्थिक वर्षमा प्रति शेयर नेटवर्थमा ह्रास आउनुको मुख्य कारण २०७९ साल श्रावण २५ गते खोलामा आएको बाढीले आयोजनामा क्षति पुग्न गई १ महिनासम्म प्लान्ट बन्द हुनु, सुख्खा याममा खोलामा अनपेक्षित रुपमा पर्याप्त पानी उपलब्ध नहुनु, नेपाल विद्युत प्राधिकरणले मर्मत सम्भार कार्यको लागि ३० दिन आयोजना बन्द भएको थियो। जसमा २०७९ भाद्र २४ गतेबाट पुनः उत्पादन गरेको भए पनि २०७९ साल श्रावण २५ गते देखि २०७९ भाद्र २४ गते सम्म Forced Shutdown गरेको समयमा विद्युत उत्पादन बन्द हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानी कम भएकोले।*

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा शेयर निष्काशन गर्ने कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री जि. पौड्याल एण्ड एसोसियट्ले गर्नु भएको हो।

वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :

१) धितोपत्रको हकप्रद शेयर निष्काशन पश्चात् आ.व. २०८२/८३ मा शेयर पूँजी रु.४००,०००,०००/- ले वृद्धि हुने प्रक्षेपण गरिएको छ।
२) नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता (PPA) को आधारमा २०७८ साल चैत्र १० गते देखि आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन शुरु भईसकेको एवं उक्त सम्झौताको आधारमा शत्प्रतिशत क्षमता उपभोग गरी कन्ट्राक्ट इनर्जीको न्यूनतम ९०% विद्युत उत्पादन तथा बिक्री गरिने प्रक्षेपण गरिएको छ।
३) कर्मचारी खर्च एवं इन्धन खर्च हरेक वर्ष ५% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ।
४) अन्य खर्चहरु वार्षिक ५% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ।
५) विद्युत बिक्रीको दर PPA मा व्यवस्था भए बमोजिम राखिएको छ र उक्त बिक्रीमा लाग्ने रोयल्टी खर्चको पनि प्रक्षेपण गरिएको छ।
६) ह्रास कट्टी खर्च सम्बन्धमा आयोजनासँग प्रत्यक्ष सम्बन्धित प्लान्ट, मेशिनरी, जग्गा एवं अन्य संरचनाहरुलाई आयोजना अवधि भर Straight Line Method अनुसार ह्रास कट्टी गरिएको छ र अन्य सम्पत्तिहरुको हकमा सम्पत्तिको आयुको आधारमा ह्रास कट्टी गरिएको छ।
७) बैंक ऋणको ब्याज गणनाको लागि वार्षिक ९% ब्याजदर लिईएको छ।
८) कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन, २०४९ मा भएको व्यवस्था अनुसार कर अघिको मुनाफाको २% का दरले छुट्याईएको छ।
९) रोयल्टी खर्च पन्ध्र वर्षसम्म वार्षिक २% ले वृद्धिर पन्ध्र वर्ष पछि वार्षिक १०% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ।

१४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु :

(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने।
- परियोजना निर्माणका लागी बैंकबाट ऋण प्राप्त हुन नसकेमा जोखिम उत्पन्न हुनेछ।

(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
- जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको स्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।
- निर्माण सम्पन्न परियोजनाहरुको मर्मत संभार गर्दा तथा निर्माणाधीन आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको।
- कम्पनीको परियोजनाहरुबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नरहेको।
- नेपाल विद्युत प्राधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।

(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Over Run) को जोखिम :** कम्पनीको निर्माण सम्पन्न आयोजनाहरु समयमै निर्माण सम्पन्न भई उत्पादित विद्युत बिक्री भईरहेको हुँदा लागतमा वृद्धि हुने जोखिम नरहेको।

(५) **विदेशी विनिमयको जोखिम :** निर्माण सम्पन्न परियोजनाहरुको मर्मत सम्भार गर्दा आवश्यक इलेक्ट्रोमेकानिकल उपकरण खरिद विदेशी मुद्रा आयात हुने अवस्थामा विदेशी विनियम दरमा हुने परिवर्तन कम्पनीलाई जोखिम रहेको।

(६) **कानुनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :** यस कम्पनीले निर्माण गरेको तल्लो ताँदी खोला जलविद्युत आयोजना (४.९९३ मेगावाट) करीब विगत ३ वर्ष देखि संचालनमा रहेकोले सो जोखिम नरहेको।

(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दीबाट निर्माण सामाग्रीको मुल्यमा हुने वृद्धिले मूल्य अभिवृद्धि हुने जोखिम तथा शेयर बजारमा आउने उतारचढाव ले गर्दा शेयर मुल्यमा हुने जोखिम रहेको छ।

(८) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा नेपाल सरकार तथा अन्तराष्ट्रिय नियमहरुमा नितिगत परिवर्तन हुँदा हाल विद्यमान व्यवस्था अनरुप नभएको खण्डमा लागत वढ्ने जोखिम घट्ने संभावना दुवै रहका छन्।

(९) **सञ्चालन अनुभवको अभाव :** यस कम्पनीले यस तल्लो ताँदी खोला जलविद्युत आयोजना (४.९९३ मेगावाट) भुकम्प, नाकावन्दी, प्रसारण लाइनको समस्या, तरलता अभाव तथा अन्य परिस्थितिका बाबजुद निर्माण सम्पन्न गरी विद्युतको व्यवसायिक उत्पादन गरिसकेको छ। जसले गर्दा अनुभवको अभावको अभावबाट हुने जोखिम नरहेको।

(१०) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :** उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने विद्युत नविकरणीय हुन्छ, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो। तथापि भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ। यसको कच्चा पदार्थ कतैबाट Load गरी ल्याउन पर्ने हुदैन। अनि कच्चा पदार्थका लागि सरकारलाई रोयल्टी बाहेक अरु कसैलाई केही तिर्नुपर्ने पनि हुदैन।

(११) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :** कम्पनीका सम्पुर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने आधारभुत पूर्वाधारहरु तयार भई सकेको कारणले गर्दा यस प्रकारको जोखिम नरहेको। जलवायु परिवर्तन बाट खोलामा पानीको वहावमा घटबढ हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवढ हुन सक्दछ। पानी कम भई विद्युत उत्पादनमा कम भएमा नेपाल विद्युत प्राधिकरणलाई हर्जना तिर्नु पर्ने भएकोले आयोजनाको क्षमता निर्धारण पूर्व Hydrology को बारेमा गहिरो अध्ययन गरिएको यसको जोखिम न्यून रहेको छ।

(१२) **देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु :** देशको राजनैतिक अस्थिरताका कारण सरकारले लिएका गलत निर्णयले अर्थतन्त्रमा नकारात्मक परिवर्तन आएमा, देशमा तरलता अभाव भएमा, नीतगत निर्णयमा नियमक निकायको भरपर्दो भुमिका नरहेमा, आर्थिक तथा नीतिगत जोखिम रहेको।

(१३) **पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु :** बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोबार गरिरहेको कम्पनी हो। कम्पनीको शेयरको बजार मुल्य लागत मुल्य तथा किताब मुल्य भन्दा अधिक रहेको छ सो कारण हाल जोखिम नरहेको।

(१४) **अन्य :** दैवि प्रकोप तथा काबु बाहिरको परिस्थति उत्पन्न भई कम्पनीले निर्माण गरेको आयोजनामा क्षति पुग्न सक्ने जोखिम रहेको छ।
साथै मिति २०७९ साल श्रावण २४ गते साँझ देखि परेको अविरल वर्षाले नुवाकोट जिल्लाको ताँदी खोलामा ठुलो बाढी आउँदा काबु बाहिरको परिस्थिति उत्पन्न हुन पुगि नुवाकोट जिल्लाको दुप्चेस्वर गाउँ पालिकामा अवस्थित कम्पनीको तल्लो तादी खोला जलविद्युत आयोजना (४.९९३ मेगावाट) को भौतिक संरचनाहरुमा क्षति पुग्न गएकोले मिति २०७९ श्रावण २४ गते राति ११ बजे दखि बन्द भएको उक्त आयोजना मर्मत संभार पश्चात् भाद्र २४, २०७९ देखि संचालनमा ल्याउन सकिएको थियो। आयोजना एक महिनासम्म बन्द हुँदा कम्पनीले करिव एक करोड साठी लाख बराबरको आम्दानी गुमाउनु परेको थियो। साथै रु.८७,४२,५००/- (सतासी लाख बयालीस हजार पाँच सय मात्र) श्री नेपाल इन्स्योरेन्स कं. लि.बाट बिमा दाबी मार्फत रकम प्राप्त गरेको थियो।

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :

उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। आजको विश्व बजार नविकरणीय उर्जा उत्पादनलाई प्रोत्साहन गर्दै जलवायु पर्वितनको जोखिमलाई न्युनिकरण गर्ने भन्ने धारणाका साथ अगाडि बढेको छ। यसै सन्दर्भमा हाल हाम्रा ठुला छिमेकी राष्ट्र भारत र चीन दुवै यसै अवधारणालाई पछ्याउँदै नविकरणीय उर्जा मार्फत आफ्नो देशको उर्जा संकट समाधान गर्न तल्लिन देखिएका छन्। हालै भारतद्वारा १०,००० मेगावाट विद्युत आयात गर्ने घोषणा गरे सँगै निकट भविष्यमा जलविद्युत आयोजनाको माग ज्यादै बढेर जाने संकेत गरेको छ। साथै हाल नेपालमा विद्युतको माग धेरै र आपूर्ति न्यून रहेको कारण जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने देखिन्छ। विश्वव्यापीकरणको कारण देशमा हुन लागेको जीवनस्तरमा वृद्धि र विद्युत मार्फत प्रयोग हुने सामाग्रिको उपयोग, बजारिकरणका कारण खुल्ने उद्योग, व्यवसायका कारण जलविद्युतको आवश्यकता बढेर नै जाने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ। साथै काबुबाहिरको परिस्थितिका कारण पर्न सक्ने जोखिमको लागि जोखिम न्यूनीकरण गर्न बीमा समेत गरिएको छ।

कम्पनीको संचालनमा रहेका जलविद्युत आयोजनाको बीमा विवरणः

क्र.सं.	आयोजना तथा बीमा विवरण	बीमा मिति	बीमा अवधि	बीमा कम्पनी	बीमांक रकम
१.	सम्पत्ति बीमालेख	२०८२/०२/२३	२०८३/०२/२२	एनएलजी इन्स्योरेन्स कं. लि.	२३,८२,६३९
२.	मेकानिकल ब्रेकडाउन	२०८२/०२/२२	२०८३/०२/२१		१५,६८,३३७
३.	सार्वजनिक दायित्व	२०८२/०२/२३	२०८३/०२/२२		२,८२,५२०
४.	सम्पत्ति बीमा	२०८२/०२/२३	२०८३/०२/२२		२३,८२,६३९
५	सम्पत्ति बीमा	२०८२/०२/२३	२०८३/०२/२२		६,४८,६७३

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) स्वीकृत विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।
(ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
(घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले खरिद गर्ने हकप्रद शेयर बापतको रकम खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ट नगद रकम वा सो बराबरको रकम बैंक खातामा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फाराममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।
(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।
(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र यसमा कसैको कुनै पनि प्रकारको दावी विरोध लाग्ने छैन।
(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ।
(झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ।
(ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फाराम भर्नु पर्नेछ।
(ट) रु.५,००,०००/- भन्दा बढीको आवेदन दिनेले PAN नम्बर खुलाउनु पर्नेछ।
(ठ) मेरो शेयर मार्फत हकप्रद शेयरको आवेदन दिन चाहने शेयरधनीहरुले शेयर खरिद बापतको रकम सम्बन्धित बैंक खातामा रहे नरहेको एकिन गर्नु पर्ने, सम्बन्धित बैंक खाता सुचारु अवस्थामा भए नभएको एकिन गर्नुपर्ने छ। अन्यथा हकप्रद शेयर खरिद आवेद रद्द हुन सक्नेछ।

१६. कम्पनीको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
२०७९/०८०	४८४.७०	३१२	३३५	८,३६,२२१
२०८०/०८१	७४२	२७०.१०	६३७	२९,२६,२१९
२०८१/०८२	६८९.८०	४४०.००	५०७.२३	४८,००,५३४
महिना	**अधिकतम शेयर मूल्य (रु.)**	**न्युनतम शेयर मूल्य (रु.)**	**अन्तिम बजार मूल्य (रु.)**	**शेयर कारोबार संख्या**
कार्तिक २०८२	४५५.००	३९३.००	४२०.००	१,३३,०२०
मंसिर २०८२	४५९.००	४१९.२०	४३९.९०	१४१०४३
पुस २०८२	४७३.००	४३०.३०	४५४.८०	१५४३२३

द्रष्टव्यः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

१७. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद शेयर खरिदका लागि आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने छ।
निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा रहेको व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरु निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ।

१८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्वीकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २० को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।
(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धमा सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा व्यवस्था भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियमक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
(छ) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ,
(ज) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन।
(ञ) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(क) यस कम्पनीले आफ्नो जारी पूँजी रु.८०,००,००,०००/- हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूँजी वृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको।
(ख) कम्पनीको विषेश साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पूँजीमा १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर (१:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पूँजी संकलन गर्ने।
(ग) यस कम्पनीले देहाय बमोजिमको प्रयोजनका लागि हकप्रद शेयर निष्काशन गर्ने।

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम यस कम्पनीले संचालन गरि विद्युत उत्पादन गरि रहेको आयोजनाको तपसिल बमोजिम कन्सोर्टियम बैंकहरुको आंशिक ऋण भुक्तानी गरिनेछ

क्र.स	बैंकको नाम	जम्मा ऋण रकम (रु.)	हाल कायम ऋण रकम (रु.) २०८२ कार्तिक
१	सिद्धार्थ बैंक लिमिटेड	६२,४७,२७,०००	५७,८७,५२,१५२
२	सिद्धार्थ बैंक लिमिटेड (अल्पकालिन ऋण)	२,००,००,०००	१,००,५०,०००
३	माछापुच्छ्रे बैंक लिमिटेड	१८,१५,७३,०००	१६,०४,५३,९८५
४	ग्लोबल आई एम ई बैंक लि.	१५,००,००,०००	१३,२४,४१,८०९
५	कुमारी बैंक लि.	१०,००,००,०००	८,७३,९३,६६३
	जम्मा	१,०७,६३,००,०००	९६,९०,९१,६०९
	हकप्रद वापत चक्ता हुने रकम	-	४०,००,००,०००
	आंशिक भुक्तानी पश्चात् हुने ऋण रकम	-	५६,९०,९१,६०९

२१. हकप्रद निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम यस कम्पनीले संचालन गरि विद्युत उत्पादन गरि रहेको आयोजनाको तपसिल बमोजिम बैंकहरुको आंशिक ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ।

क्र.स	बैंकको नाम	जम्मा ऋण रकम (रु.)	हाल कायम ऋण रकम (रु.) २०८२ कार्तिक	हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने प्राप्त रकम उपयोग योजना रकम (रु.)
१	सिद्धार्थ बैंक लिमिटेड	६४,४७,२७,०००	५८,८८,०२,१५२	१७,१८,२६,३२६
२	माछापुच्छ्रे बैंक लिमिटेड	१८,१५,७३,०००	१६,०४,५३,९८५	९,६२,७२,३९१
३	ग्लोबल आई एम ई बैंक लि.	१५,००,००,०००	१३,२४,४१,८०९	७,९४,६५,०८५
४	कुमारी बैंक लि.	१०,००,००,०००	८,७३,९३,६६३	५,२४,३६,१९८
	जम्मा	१,०७,६३,००,०००	९६,९०,९१,६०९	४०,००,००,०००
	हकप्रद वापत चक्ता हुने रकम	-	४०,००,००,०००	४०,००,००,०००
	आंशिक भुक्तानी पश्चात् हुने ऋण रकम	५६,९०,९१,६०९		

२२. निष्कासन बैंक (Bankers to the Issue) सम्बन्धी व्यबस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

क्र.सं.	निष्कासन बैंकको नाम	खाता नं.
१.	एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाण्डौ	०५४४४५४४५१०२५७३२

साथै आवश्यकता अनुसार ३ दिन भित्र नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ। सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, पानीपोखरी, महाराजगञ्ज, काठमाण्डौ।
२. श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौ।
३. श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, जलविद्युत गृह रहेको स्थान थप्रेक, पञ्चकन्या गाउँपालिका वडा नं. ४, नुवाकोट।
४. श्री एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरु क्रमश : विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत।
५. श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तिय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्बा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौंमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको वेभसाइट www.buddhabhuminepalhydro.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एन आई सी एशिया क्यापिटल लिमिटेडको वेभसाइट www.nicasiacapital.com मार्फत हेर्न सक्नेछन्।

२५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. १५,७७,४५,६००/- रकम भुक्तानी गरिएको व्होरा अवगत गराउंदछौं।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाडौं, फोन नं. ५७०५९९४ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।



धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIC ASIA CAPITAL

एन आई सी एशिया क्यापिटल लिमिटेड
थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

नेपालमा 'विदेशी मुद्रा बजार काउन्सिल' गठन गर्न सुझाव

नयाँ पत्रिका

नेपालमा विदेशी मुद्रा बजारलाई थप व्यवस्थित र प्रभावकारी बनाउन स्वनियामक निकाय 'काठमाडौं विदेशी विनिमय बजार काउन्सिल' गठन गर्न सुझाव दिइएको छ। बैंक अफ कोरियाअन्तर्गत सञ्चालन भएको अध्ययनले नेपाल राष्ट्र बैंकलाई यस्तो सिफारिस गरेको हो।

अध्ययनअनुसार कोरियाको 'सिओल एफएक्स मार्केट कमिटी'जस्तै नेपालमा पनि नीति-निर्माता र बजारका सरोकारवालालाई एउटै मञ्चमा ल्याउने संस्था आवश्यक छ। यस्तो निकायले नीति-निर्माणमा समन्वय बढाउने, बजारका सुझाव समेट्ने र विदेशी मुद्रा बजारको विकासमा साझा जिम्मेवारी बढाउने विश्वास गरिएको छ। अहिले नेपालमा विदेशी मुद्रा कारोबार बढ्दै गएको भए पनि बजार पूर्ण रूपमा विकसित भइसकेको छैन। अध्ययनले बजारलाई बलियो बनाउन सरकार, केन्द्रीय बैंक र बैंक-वित्तीय संस्थाबिच समन्वय आवश्यक रहेको र काउन्सिलले त्यसको समन्वय गर्ने बताएको छ।

अनुभवबाट कोरियाले विनिमय दर बजारको माग र आपूर्तिमा आधारित हुनुपर्ने र अत्यधिक नियन्त्रणले जोखिम बढाउने निष्कर्ष निकालेको अध्ययनमा उल्लेख छ।

अध्ययनले नेपाललाई हालको पेग्ड (स्थिर) विनिमय दर प्रणाली कायम राख्दै सावधानीपूर्वक सुधार गर्न सुझाव दिएको छ। विशेषगरी पर्याप्त विदेशी मुद्रा सञ्चिति जोगाएर राख्नुपर्ने, रेमिट्यान्स बढेका बेला सञ्चिति बलियो बनाउने र पुँजी पलायनको जोखिम न्यूनीकरणको तयारी गर्ने उल्लेख छ। साथै, अन्तर्राष्ट्रिय सहकार्य पनि महत्त्वपूर्ण हुने औंल्याइएको छ। यसका लागि रिजर्भ बैंक अफ इन्डियासँग मुद्रा स्वापजस्ता व्यवस्था प्रयोग गर्न सकिने सुझाव छ। यसले विदेशी मुद्रा अभाव हुँदा सहयोग पुऱ्याउन सक्छ।



अहिलेसम्म नेपालले यस्तो स्वाप सुविधा प्रयोग गरेको छैन। विदेशमा कार्यरत नेपालीबाट आउने रेमिट्यान्सले विदेशी मुद्रा पर्याप्त मात्रामा उपलब्ध गराउँदै आएको छ। तर, भविष्यमा आवश्यकता परे भारतसँग यस्तो सुविधा लिन सकिने अध्ययनको सुझाव छ।

अध्ययनले विदेशी मुद्रा बजार सुधारका विदेशी मुद्रा कारोबार निगरानी गर्न आधुनिक सूचना प्रणाली विकास गर्नुपर्ने सुझाव दिएको छ। बैंकहरूको बाह्य ऋण र जोखिमको निगरानी गर्नुपर्ने बताएको छ। विदेशी विनिमय स्वाप गर्नेजस्ता विदेशी मुद्रा कारोबारका नयाँ उपकरण विस्तार गर्ने उल्लेख छ।

कोरियाबाट के सिक्ने ?

अध्ययनले कोरियाको अनुभवलाई उदाहरणका रूपमा प्रस्तुत गरेको छ। कोरियाले पहिले अमेरिकी डलरसँग स्थिर विनिमय दर राखेको थियो। तर, विनिमय दर कृत्रिम रूपमा उच्च राखिँदा सन् १९९७ मा ठुलो मुद्रामा संकट आएको थियो। त्यसपछि कोरिया लचिलो (फ्लोटिङ) विनिमय दर प्रणालीमा गयो। त्यस

■ विश्व बैंकको प्रतिवेदन भन्छ-

नेपालको ठेक्का प्रक्रिया दक्षिण एसियाकै ढिलो, औसतमा २३१ दिन लाग्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालमा सरकारी परियोजनाको ठेक्का लाग्न औसतमा दुई सय ३१ कार्य दिन लाग्ने देखिएको छ। यो दक्षिण एसियाकै सबैभन्दा ढिलो खरिद प्रक्रिया हो। विश्व बैंकको नेपाल कार्यालयले हालै सार्वजनिक गरेको 'नेपाल क्यापिटल एक्सपेन्डिचर बोटलनेक एनलाइसिस २०२५' ले नेपालको सार्वजनिक खरिद प्रक्रिया दक्षिण एसियाकै कमजोर र ढिलो देखाएको हो। टेन्डरको सूचना आह्वान गर्नेदेखि ठेकेदार कम्पनी छनोट गर्दासम्म यति समय लाग्ने गरेको हो।

विश्व बैंकले लगानी गरेको परियोजनाको तथ्यांकका आधारमा यस्तो गणना गरिएको हो। यद्यपि, यसमा नेपालकै खरिद प्रक्रिया अवलम्बन गरिएको हुन्छ। विश्व बैंकले १९ वटा ठुला ठेक्काको विवरणलाई आधार बनाइएर अध्ययन गरेको जनाएको छ।

सन् २०१८ देखि २०२४ सम्मको तथ्यांकका आधारमा यो विश्लेषण गरिएको प्रतिवेदनमा उल्लेख छ। नेपालमा राष्ट्रिय टेन्डरका लागि ३० दिने र अन्तर्राष्ट्रिय टेन्डरमा ४५ दिने सूचना सार्वजनिक गरिन्छ। त्यसपछि प्राविधिक तथा वित्तीय मूल्यांकनलगायतका प्रक्रिया पूरा गर्दा ठेकेदार छनोट गर्न औसत दुई सय ३१ दिन लाग्ने देखिएको हो।


दक्षिण एसियाका मुलुकको औसत खरिद प्रक्रिया एक सय ९२ दिन छ। त्योभन्दा नेपाल ३९ दिन ढिलो छ। दक्षिण एसियामा सबैभन्दा छिटो सार्वजनिक खरिद प्रक्रिया श्रीलंकामा देखिएको छ। त्यहाँ एक सय ४१ दिनमै ठेक्का लाग्ने गरेको प्रतिवेदनमा उल्लेख छ।

यस्तै, दोस्रो स्थानमा रहेको माल्दिभ्समा औसत एक सय ४३ दिनमा खरिद प्रक्रिया पूरा हुने गरेको छ। तेस्रो स्थानमा रहेको अफगानिस्तानमा एक सय ४७ दिनमा खरिद प्रक्रिया पूरा हुने गरेको प्रतिवेदनमा उल्लेख छ। यसैगरी पाकिस्तानमा एक सय ८८ दिन, भारतमा दुई सय दुई दिन, बंगलादेशमा दुई सय तीन दिन र भुटानमा दुई सय २७ दिन लाग्ने गरेको छ।

विश्व बैंकले नेपालको पूर्वाधार निर्माणमा भएका अवरोधलाई चित्रण गर्दै यो प्रतिवेदन सार्वजनिक गरेको छ। त्यसमा एउटा अवरोधका रूपमा खरिद प्रक्रियामा भएको ढिलाइलाई प्रस्तुत गरिएको हो। नेपालमा परामर्श ठेक्कामा समयतालिकाभन्दा औसत ८९ दिन र निर्माण ठेक्कामा एक सय १० दिन ढिलो हुने गरेको छ।

पूर्वसचिव देवेन्द्र कार्कीले विदेशी दातृ निकायका लगानीको खरिद प्रक्रियामा ढिलो नै हुने गरेको बताए। 'नेपाल सरकारकै लगानी हुने परियोजनामा यतिका समय लाग्दैन होला। तर, विश्व बैंक, एसियाली विकास बैंकजस्ता दातृ निकायको लगानीमा बन्ने परियोजनाको ठेक्का प्रक्रियामा भने ढिलो नै हुने गरेको छ,' उनले भने, 'खरिद प्रक्रिया नेपालकै अनुसार हुन्छ। तर, दातृ निकायसँग पनि छलफल गर्नुपर्नेलगायतका प्रक्रिया पूरा गर्दा ढिलो हुने गरेको छ।'

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले नेपालको खरिद प्रक्रिया पुनरावलोकन गर्नुपर्ने बताए। 'अहिलेको खरिदसम्बन्धी व्यवस्था २०५५ सालको हो। ०८२ सम्म आउँदा धेरै परिवर्तन भएको छ। पहिला टेन्डर प्रक्रिया कागजी रूपमा हुने गरेको थियो। अहिले डिजिटल हुन थालेको छ। पहिला साइट भिजिट गर्न हिँडेर जानुपर्ने बाध्यता थियो। तर, अहिले गाडीमा ढिलोमा पनि दुई दिनमा पुग्न सकिन्छ। यी यस्ता कारण अब सूचनाको म्याद धेरै राख्नुपर्दैन,' उनले भने, 'तर, यसमा सूचनाको म्यादको कुरा मात्रै होइन। समग्र प्रक्रिया नै झन्झटिलो छ। यसलाई समयसापेक्ष बनाउनुपर्छ। ठेक्का प्रक्रिया ढिलो हुँदा पनि हामी निर्माण व्यवसायीले दुःख पाएको अवस्था हो।'



■ राष्ट्रिय गौरवका १७ परियोजना सम्पन्न हुन ४१ वर्ष लाग्ने

विश्व बैंकको प्रतिवेदनले नेपालका राष्ट्रिय गौरवका आयोजनाको निर्माणमा पनि निकै ढिलासुस्ती भएको बताएको छ। नेपाल सरकारले राष्ट्रिय गौरवका आयोजनामा पर्याप्त मात्रामा बजेट विनियोजन गर्न नसकेको भन्दै यसलाई गम्भीर समस्याका रूपमा व्याख्या गरेको छ। साथै, यसलाई 'ओभरकमिटमेन्ट' (क्षमताभन्दा बढी दायित्व)का रूपमा व्याख्या गरेको छ।

अहिलेकै गतिमा काम भएमा १७ परियोजनाको निर्माण सम्पन्न गर्न ४१ वर्ष लाग्ने प्रतिवेदनमा उल्लेख छ। 'बाँकी काम र २०२४ को बजेट विनियोजनलाई तुलना गर्दा १७ परियोजनाको निर्माण सम्पन्न हुन ४१ वर्ष लाग्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'नेपालको सबै पुँजीगत बजेट यी १७ परियोजनामा विनियोजन गर्दा पनि काम सम्पन्न हुन आठ वर्ष समय लाग्छ।' बजेट विनियोजनलाई मुख्य समस्याका रूपमा प्रस्तुत गरिएको छ। धेरै ठाउँमा अलि-अलि बजेट छर्ने प्रवृत्तिका कारण राष्ट्रिय गौरवका आयोजना नै अलपत्र परेको निष्कर्ष विश्व बैंकले निकालेको छ। परियोजनाको लागत अनुमान पनि अपूरो र गलत हुने गरेको विश्व बैंकको दाबी छ। विश्व बैंकले राम्रो प्रतिफल नदिने वा रणनीतिक रूपमा महत्त्वपूर्ण नभएका आयोजनालाई बन्द गर्न सुझाव दिएको छ। यस्तो गरेमा गौरवका आयोजनामा बजेट बढाउन सकिनेछ। नयाँ आयोजना थप्दा कडा मापदण्ड लागू गर्नुपर्ने पनि बताइएको छ।

रुख काट्न दुई वर्ष समय

प्रतिवेदनअनुसार नेपालमा रुख कटानीको स्वीकृति लिन पनि २२ महिनादेखि २४ महिनासम्म समय लाग्ने देखिएको छ। यसले पनि परियोजना निर्माणमा ढिलाइ गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। म्यानुअल तथा परम्परागत प्रक्रियाका कारण पनि ढिलाइ भएको प्रतिवेदनमा उल्लेख छ। यसैगरी, तीनै तहका सरकारबिच म्यानुअल रूपमा काम गर्दा पनि ढिलाइ भएको बताइएको छ।

प्रतिवेदनअनुसार वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति हुन औसत १० महिना लाग्ने गरेको छ। त्यसपछि परियोजनाले रुख कटानीका लागि वन विभागमा आवेदन दिँदा १५ देखि २० दिन लाग्ने देखिएको छ। त्यसपछि विभागले सम्बन्धित प्रदेशको डिभिजन वन कार्यालयलाई प्रक्रिया अघि बढाउन पत्र पठाउन १५ देखि २० दिन समय लाग्ने देखिएको छ। त्यस प्रदेशको डिभिजन तथा सब-डिभिजन कार्यालयले कटान हुने रुख गणना गर्न १० महिना लगाउने गरेको छ। त्यसपछि त्यसको प्रतिवेदन डिभिजन वन कार्यालय, वन विभाग हुँदै वन मन्त्रालयसम्म आइपुग्न १५ देखि २० दिन लाग्ने देखिएको छ। यसरी मन्त्रालय हुँदै मन्त्रिपरिषद्बाट रुख कटानीको स्वीकृति हुन एक महिना लाग्ने गरेको देखिएको छ। वन विभाग र परियोजनाबिच रुख कटानसम्बन्धी सम्झौता गर्न १५ देखि २० दिन लाग्ने गरेको छ। त्यसपछि वन विभागलगायतका निकायले कटान गरिने रुखमा टाँचा लगाउन १५ देखि २० दिन लगाउने गरेका छन्। त्यसपछि मात्रै परियोजनाले रुख कटान गर्न सक्नेछन्।

डिजिटल युगमा रुख कटानीको स्वीकृति प्रक्रिया कागजी रूपमा गर्दा ढिलो भएको प्रतिवेदनमा उल्लेख छ। रुख गणनालाई वातावरणीय अध्ययनकै हिस्सा बनाउनुपर्ने विश्व बैंकको सुझाव छ। इआइएपछि फेरि रुख गणना गर्नुभन्दा इआइएकै क्रममा रुख गणना अनिवार्य गर्नुपर्ने बताइएको छ। रुख कटानीको स्वीकृति मन्त्रालयबाटै दिने व्यवस्था गर्नुपर्ने पनि विश्व बैंकको सुझाव छ।

जग्गा प्राप्तिमा तीन वर्ष समय व्यतीत

विश्व बैंकले जग्गा प्राप्तिमा हुने ढिलाइले पनि पूर्वाधार निर्माणमा ढिलाइ भएको देखाएको छ। नेपालमा जग्गा प्राप्तिमा दुईदेखि तीन वर्ष समय लाग्ने गरेको प्रतिवेदनमा उल्लेख छ। जिल्ला र संघ सरकारबिच सात चरणमा काम गर्नुपर्दा यो झन्झटिलो भएको प्रतिवेदनमा उल्लेख छ। यसैगरी, जग्गासम्बन्धी सूचना प्रणाली कमजोर, मूल्यांकनमा विवाद र पुरानो कानुनले पनि यसलाई झन्झटिलो बनाएको प्रतिवेदनमा उल्लेख छ। अहिले नेपालमा जग्गा प्राप्ति ऐन, २०३४ छ। यो कानुन धेरै पुरानो भएकाले जग्गाधनीको अधिकारलाई सम्बोधन गर्न नसकेको बताइएको छ। जग्गा प्राप्तिलाई सहज बनाउन कानुन संशोधन गर्नुपर्ने, बजार मूल्यका आधारमा मुआब्जा दिनुपर्ने सुझाव विश्व बैंकले दिएको छ।

■ अर्थमन्त्रीले सार्वजनिक गरे ८७ बुँदे प्रगति विवरण

निर्वाचनलाई स्रोत, डिजिटल प्रणालीको थालनी

नयाँ पत्रिका

अर्थमन्त्री रामेश्वर खनालले 'प्रतिनिधिसभाको निर्वाचनलाई स्रोत सुनिश्चित गर्नेदेखि अर्थ मन्त्रालयमा डिजिटल प्रणालीको थालनी'सम्मका आफ्नो कार्यकालका ८७ बुँदे प्रगति विवरण सार्वजनिक गरेका छन्। चुनौतीपूर्ण अवस्थामा मन्त्रालय सम्हाल्न आइपुगेको भन्दै उनले यस अवधिमा आर्थिक सूचकसमेत सकारात्मक बनेको दाबी गरेका छन्।

जेन-जी विद्रोहपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारमा खनालले ३० भदौदेखि अर्थमन्त्री र ७ असोजदेखि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्। 'सरकार गठन हुँदाकै दिन तय भएको २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्न स्रोत र साधन सुनिश्चित गर्ने जिम्मेवारी स्वाभाविक रूपमा अर्थ मन्त्रालयको हो। आर्थिक वर्षको बिचमा स्वीकृत बजेटकै सीमाभित्र रहेर यसको व्यवस्थापन गर्नु चुनौतीपूर्ण थियो,' अर्थमन्त्रीको प्रगति विवरणमा उल्लेख छ, 'निर्वाचन सञ्चालन तथा सुरक्षाका लागि विद्यमान बजेटको सीमाभित्रै रहेर १९ अर्ब ६० करोड रुपैयाँ सुनिश्चित गरियो।' निर्वाचनका लागि अनुपयोगी खर्च, तयारी नपुगेका तथा आर्थिक प्रतिफल नदिने आयोजनाहरूमा गएको विनयोजनमध्ये एक खर्ब ९१ अर्ब रुपैयाँ स्थगन राख्ने निर्णय गरिएको उनले उल्लेख गरेका छन्। तर, यसमध्ये मन्त्रालयहरूको अनुरोधका


रामेश्वर खनाल, अर्थमन्त्री

आधारमा बोलपत्र खोल्ने वा सूचना प्रकाशन गर्ने क्रममा रहेका वा विगतको कामको निरन्तरता दिनुपर्ने दुई हजार ४२ वटा आयोजनाको ५२ अर्ब ९० करोड रुपैयाँ भने फुकुवा गरिएको उनले उल्लेख गरेका छन्।

उनले आफ्नो कार्यकालमा भएका प्रगतिमध्ये प्रशासनिक सुधारतर्फ मन्त्रालयको निर्णय र प्राप्त पत्रहरूमाथि डिजिटल प्रणालीबाट कारबाही गर्न 'एकीकृत कार्यालय व्यवस्थापन प्रणाली' पूर्ण कार्यान्वयनमा ल्याएको उल्लेख गरेका छन्। 'यसले निर्णय प्रक्रियामा कसले, कहाँ ढिलाइ गऱ्यो थाहा हुन सक्ने भयो। यो प्रणाली अवलम्बन गरेर निर्णय गर्ने अन्तिम अधिकारीकहाँ पुगेपछि कुनै पनि निर्णय अधिकतम २४ घण्टामा टुंगिने गरेको छ,' प्रगति विरणमा उल्लेख छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर आन्तरिक राजस्व विभागका करदाता सेवा कार्यालय खारेज गरिएको उनले बताएका छन्। 'करदाता सेवा ७७ जिल्ला सदरमुकाममा रहेका जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र क्रमिक रूपमा नगरपालिका तथा गाउँपालिकाबाट दिन थालिएको छ,' उनले उल्लेख गरेका छन्, 'यसले करदाताले आफ्नो व्यवसाय गरेकै पालिकाबाट सेवा पाउन सक्ने तथा सेवाको गुणस्तरमा सुधार आउने मात्र नभई प्रशासकीय संघीयता मजबुत हुने र पालिकालाई समेत राजस्व आधार विस्तार गर्न सजिलो हुन सक्छ।'

त्यस्तै, अनलाइनबाटै करचुक्ता प्रमाणपत्र लिन सकिने, राजस्व व्यवस्थापन सूचना प्रणालीमा अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली आबद्ध गरिएको, कर अनुसन्धान इकाइको स्थापना, वैदेशिक लगानी समन्वय इकाइको स्थापना, एकीकृत राजस्व चुहावट नियन्त्रण सञ्चालन केन्द्रको गठन, जेन-जी विद्रोह क्रममा क्षति पुगेको मन्त्रालय भवनको पुनर्निर्माण र रङरोगन सम्पन्न र आगामी आवको बजेट निर्माणका कार्यहरू थालनी, विभिन्न कार्यविधि तथा मापदण्ड संशोधन गरेकोलगायत प्रगति विवरण उनले उल्लेख गरेका छन्।

अर्थमन्त्रीले यसबिचमा ६ सयभन्दा बढी बैठक बसेको तथा आठ सयभन्दा बढी निर्णय गरेको समेत बताएका छन्। ०८२ भदौ ३० देखि ०८२ फागुन मसान्तसम्मको अवधिमा अर्थमन्त्रीको हैसियतले आठ सय २८ वटा निर्णय गरिएको उनले उल्लेख गरेका छन्।

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ,
कोशी प्रदेश, नेपाल

उपस्थित हुने बारेको सार्वजनिक सूचना

सूचना प्रकाशन मितिः२०८२/१२/०६

श्री याक्थुमहाङ एच.एम. बिल्डर्स जे.भि.
इनरुवा-३ सुनसरी
(प्रोपाइटर-श्री तेज कुमार कुरूम्वाङ र श्री हसबुल मिया)।

प्रस्तुत विषयमा तपाईं र यस कार्यालय बीच मिति २०७७/०९/०९ मा पथरी शनिश्चरुचरे नगरपालिका वडा नं.८ स्थित बुद्ध मा.वि.भवन निर्माण गर्न भएको निर्माण सम्झौतालाई मिति २०८२/०५/२३ मा बसेको कार्यापालिकाको बैठकले अन्त्य गर्ने सम्बन्धमा भएको निर्णय उपर २०८२/११/२९ मा बसेको १८ औं नगरसभाले पुनारावलोन गरी पुन निर्णय गरेको हुँदा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्रमा उपस्थित हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/१२/०६

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्रको सूचना बमोजिम यस कार्यालयमा e-bidding मार्फत समय सीमा भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरूको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरि न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलको बोलपत्र छनौट भएको हुँदा यस कार्यालयको निर्णयानुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि. न.	ठेक्का नं.	कामको विवरण	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.क.र पि.एस.समेत)
1.	HSMC/WORKS/04/082/83	Procurement of Construction of Mega Bidhyalaya Purvadhar Nirman Bhutandevi Madhyamik Bidhyalaya Hetauda-4	M/S Krishna Chaturbhuj Nirman Sewa, Hetauda-11, Makawanpur	NRs. 45,43,218.78
2.	HSMC/WORKS/05/082/83	Construction of Various Roads of Hetauda-7	M/S Ramananda Construction, Hetauda-05, Makawanpur	NRs. 18,86,031.89
3.	HSMC/WORKS/06/082/83	Ward No 15 Office Maintenance Works, Hetauda Sub Metropolitan City	M/S HP Nirman Sewa, Bhimphedi-05, Makawanpur	NRs. 19,96,148.67

प्रमुख प्रशासकीय अधिकृत

Badhaiyatal Rural Municipality
Office of Rural Municipal Executive
Mainapokhar, Bardiya

Letter of Intent To Award The Contract Notice

Date of publication: **06- Chaitra, 2082**

Pursuant to sub rule no- 27(2) & 27(3) of Public Procurement Act-2063 & sub rule no- 84(10) of Public Procurement Regulation-2064 it is notified to all concerned that, it is our intention to award the contract for the execution of following work to the lowest evaluated substantially responsive bidder.

S. N.	Description of Work and IFB No.	Lowest Evaluated Substantially Responsive Bidder	Bid Amount (With VAT & PS)
1.	Procurement of Fabricated steel parts and transportation up to construction site of Pashupati Bazar Kanthapur Ghat Multi Span Truss Bridge (BTRM/NCB/GOODS/02/2082/083)	Gaurav Nepal Engineer's Pvt.Ltd., Bharatpur-16, Chitawan	Nrs. 29,60,422.24 /-
2.	Khanepani Vyabasthapan Bistar Ward No. 1 Dekhi 9 Samma (BTRM/SQ/WORKS/01/2082/083)	Durga Construction, Gulariya-06, Bardiya	Nrs. 17,50,173.29 /-

इन्द्रेणी मसरुम फार्म लिमिटेड

चन्द्रागिरी-१२, बलम्बु, काठमाडौं, फोन नं.: ४३११४२८

शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/०६ गते)

यस संस्थाद्वारा चालु आ.व. २०८२/०८३ मा तपसिल बमोजिमका कार्य ठेक्काबाट गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक इजाजत प्राप्त संस्था/फर्म/कम्पनीबाट शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। बोलपत्र फारम आजको मितिले ७ दिन भित्र **दरखास्त फाराम रु.५००/-** तिरी, चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तपसिल बमोजिमका बोलपत्र दस्तुर बुझाएको भौचर वा कम्पनिको चेक सहित शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध छ। पूर्ण सूचनाको लागि यस संस्थाको सूचनापाटीमा हेर्न अनुरोध छ। **शिलबन्दी कोटेशन बुझाउने अन्तिम मिति २०८२/१२/१२ गते बिहिबारको दिन १२:०० बजेसम्म हुने साथै सोही दिनको २:०० बजे खोलिनेछ ।**

ठेक्काको किसिम: शिलबन्दी दरभाउ-पत्र

तपसिल

सि.नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता नं.	धरौटी रकम	लागत इष्टिमेट अंक (भ्याट सहित)
१	IIMF/T/ 004/082-83	ट्रान्सफर्मर (५०० के.भी.ए.)	Indreni Mushroom Farm Limited खाता नं.: ०५०८४०१२१४६३९०२५ कृषि विकास बैंक लि, पालुङ्ग	रु.५०,०००।००	२०,००,०००।००
२	IMF/T/ 005/082-83	ट्रान्सफर्मरमा लाग्ने अन्य साम्राग्री	Indreni Mushroom Farm Limited खाता नं.: ०५०८४०१२१४६३९०२५ कृषि विकास बैंक लि, पालुङ्ग	रु.५०,०००।००	१५,००,०००।००

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दमौली, तनहुँको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१२/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०९/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, तनहुँमा मिति २०५९/०८/२० मा प्रा.फ.र.नं. १४८४/०५९/०६० तथा आन्तरिक राजश्व कार्यालय पोखरामा मिति २०६६/०७/१० मा स्थायी लेखा नम्बर (PAN) ३०३७५३५८२ अन्तर्गत दर्ता कायम भएको **होटल पञ्चम** ।

प्रोप्राईटर : मान कुमारी श्रेष्ठ

व्यक्तिगत जमानतकर्ताको विवरण

१. धन बहादुर श्रेष्ठको बुहारी, राज कुमार श्रेष्ठको पत्नी, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **मान कुमारी श्रेष्ठ** (ना.प्र.नं. २२७४, जारी मिति २०४७/०३/२१, जि.प्र.का. तनहुँ) ।	२. बिल बहादुर श्रेष्ठको नाति, धन बहादुर श्रेष्ठको छोरा, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **राज कुमार श्रेष्ठ** (ना.प्र.नं. ४५०, जारी मिति २०३६/०९/१७, जि.प्र.का. तनहुँ) ।
३. धन बहादुर श्रेष्ठको नातिनी, राज कुमार श्रेष्ठको छोरी, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **लक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. ४३-०१-७२-०३०७८, जारी मिति २०७२/०४/३१, जि.प्र.का. तनहुँ) ।	४. धन बहादुर श्रेष्ठको नातिनी, राज कुमार श्रेष्ठको छोरी, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **दुर्गा श्रेष्ठ** (ना.प्र.नं. ४३-०१-७४-०३४९३, जारी मिति २०७४/०४/२२, जि.प्र.का. तनहुँ) ।

धितोको विवरण

१. मान कुमारी श्रेष्ठ (ना.प्र.नं. २२७४, जारी मिति २०४७/०३/२१, जि.प्र.का. तनहुँ) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, साविक कर्लुङ गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ ख हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ स्थित कि.नं. ७०५ र ७०६ को क्षेत्रफल क्रमशः ०-५-२-० र ०-७-०-१ (रोपनी) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. होटल पञ्चमको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	व्यक्तिगत जमानतकर्ताको विवरण
२. रामबहादुर बस्नेत क्षेत्रीको बुहारी, ज्ञान बहादुर बस्नेत क्षेत्रीको पत्नी, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **रिमा बस्नेत क्षेत्री** (ना.प्र.नं. ४३१००१/१११५६१, जारी मिति २०६५/०९/०७, जि.प्र.का. तनहुँ) ।	खड्क बहादुर बस्नेतको नाति, जगत बहादुर बस्नेतको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **रामबहादुर बस्नेत क्षेत्री** (ना.प्र.नं. ७०७, जारी मिति २०४४/१०/०३, जि.प्र.का. तनहुँ) ।

धितोको विवरण

रिमा बस्नेत क्षेत्री (ना.प्र.नं. ४३१००१/१११५६१, जारी मिति २०६५/०९/०७, जि.प्र.का. तनहुँ) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, साविक कर्लुङ गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ ण हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ स्थित कि.नं. २३ को क्षेत्रफल ०-३-१-३ (रोपनी) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षेरपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/२० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय दमौली, तनहुँमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/२१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय दमौली, तनहुँमा बोलपत्रदाता र/व निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००७१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय दमौली, तनहुँमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : दमौली, तनहुँ
फोन नं. ०६५-५६४७९०
Website : www.siddharthabank.com

प्रहरीलाई सर्वोत्तम–जगदम्बा सिमेन्टले दिए अत्यावश्यक सामग्री

काठमाडौं/ सर्वोत्तम सिमेन्ट र जगदम्बा सिमेन्टले नेपाल प्रहरीलाई अत्यावश्यक सामग्री सहयोग गरेका छन् । यी दुई कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत तिनकुनेस्थित सुविधानगरमा नवनिर्मित प्रहरी वृत्त, नयाँबानेश्वरलाई अत्यावश्यक सामग्री दिएका हुन् । कम्पनीले कम्प्युटर, एयर कन्डिसनर, प्रिन्टर, फ्रिज तथा क्यामरालगायतका सामग्री प्रहरी नायब उपरीक्षक राजकुमार सिंहलाई कम्पनीका निर्देशक टीकाराम न्यौपाने तथा दिवस न्यौपानेले संयुक्त रूपमा हस्तान्तरण गरेका हुन् ।



समाजप्रति उत्तरदायी रहँदै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने बताइएको छ । यस सहयोगले प्रहरी कार्यालयको सेवाप्रवाहलाई अझ प्रभावकारी बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। सर्वोत्तम सिमेन्ट तथा जगदम्बा सिमेन्टले विगतदेखि नै विभिन्न सामाजिक तथा सामुदायिक गतिविधिमा सक्रिय सहभागिता जनाउँदै आएका छन् । आगामी दिनहरूमा पनि यस्ता पहलहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सर्वोत्तम सिमेन्टले ४३ ग्रेड र ५३ ग्रेडमा ग्रिन सर्वोत्तम ओपिसी र सौरभ ग्रिन पिपिसी ब्रान्डका सिमेन्ट उत्पादन तथा बिक्री-वितरण गर्दै आइरहेको छ। यस्तै, जगदम्बाले पनि ४३ र ५३ ग्रेडको अल्ट्रा ओपिसी सिमेन्ट र जगदम्बा पिपिसी सिमेन्ट उत्पादन र वितरण गर्दै आएको छ।

साङ्ग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.
स्वाधीन विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आहवान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/१२/२६ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्धारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्ते कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१. ऋणी: सुर्य बहादुर मगर बाबुको नाम : लोक बहादुर मगर बाजेको नाम : पृथ्वी बहादुर मगर ठेगाना : कल्लेरी-०६, धादिङ्ग हाल : गल्छी-०२, धादिङ्ग ना.प्र.नं. : २६३०३१/५८१, जारी मिति : २०६३/१०/१२ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग **कर्जा लिएको शाखा : मलेखु, धादिङ्ग** **सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय धादिङमा सुर्य बहादुर मगरको नाममा दर्ता कायम रहेको धादिङ जिल्ला कल्लेरी-०६, स्थित कि.नं. : १०२, १०७ र ३०५ को क्षेत्रफल क्रमशः २२०.५९, ३०६.०४ र ४२९.२५ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	**क) नाम : प्रमिला राना मगर** बाबुको नाम : मान बहादुर राना मगर पतिको नाम: सुर्य बहादुर मगर ससुराको नाम: लोक बहादुर मगर ठेगाना : कल्लेरी-०६, धादिङ, हाल: गल्छी-०२, धादिङ ना.प्र.नं. : २६-०१-७३-०२४५४ जारी मिति: २०७३/०२/२४ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ **ख) नाम : टेक बहादुर गंरञ्जा मगर** बाबुको नाम : लोक बहादुर मगर बाजेको नाम: पृथ्वी बहादुर मगर ठेगाना : कल्लेरी-०६, धादिङ्ग, हाल: गल्छी-०२, धादिङ्ग ना.प्र.नं. : २६२१५५०, जारी मिति : २०५४/०७/२६ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२. ऋणी: प्रकाश घिमिरे बाबुको नाम : चन्द्र प्रसाद घिमिरे बाजेको नाम : भद्रलाल घिमिरे ठेगाना: विर्तामोड-०५, झापा ना.प्र.नं.: ४०४१८१२६ जारी कार्यालय : जि.प्र.का., झापा जारी मिति :२०५८/११/१४ **कर्जा लिएको शाखा: विर्तामोड, झापा** **सुरक्षणमा रहेको धितोको विवरण:** श्री भूमीसुधार तथा मालपोत कार्यालय दमक, झापामा झम्कला देवी घिमिरे को नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक -०२, स्थित कि.नं. ४५१३ को क्षेत्रफल ५०७.८७ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	**क) नाम: झम्कला देवी घिमिरे** बाबुको नाम : जुडामुनि पतिको नाम : चन्द्र प्रसाद घिमिरे ससुराको नाम : भद्रलाल घिमिरे ठेगाना : बुलने-०८, पाँचथर, हाल : विर्तामोड-०५, झापा ना.प्र.नं. : १०३३/३७२९, जारी मिति :२०४४/१२/२९ जारी कार्यालय : जि.प्र.का., पाँचथर **ख) नाम : गोमा पोखेल** बाबुको नाम : कृष्ण प्रसाद पोखेल पतिको नाम : प्रकाश घिमिरे ससुराको नाम : चन्द्र प्रसाद घिमिरे ठेगाना : अर्जुनधारा-०२, झापा, हाल : विर्तामोड-०५, झापा ना.प्र.नं. : ०४३०११/१६१०, जारी मिति :२०६३/१२/२७ जारी कार्यालय : जि.प्र.का., झापा

ऋणीको विवरण	जमानतकर्ताको विवरण
३. ऋणी: थुपु राजवंशी बाबुको नाम : चमातु राजवंसी बाजेको नाम : बासु राजवंशी ठेगाना : घैलाडुब्बा-०७, झापा हाल: कन्काई-०९, झापा ना.प्र.नं. : ७६१५१३५९ जारी मिति : २०४५/०१/२१ जारी कार्यालय : जि.प्र.का., झापा **कर्जा लिएको शाखा: विर्तामोड, झापा** **जमानतकर्ताको विवरण** **क) नाम: मिथुन राजवंशी** बाबुको नाम : थुपु राजवंशी बाजेको नाम : चमातु राजवंशी ठेगाना : घैलाडुवा-०७, झापा हाल : कन्काई-०९, झापा ना.प्र.नं. : ०४१०३०/७०२ जारी कार्यालय : जि.प्र.का., झापा जारी मिति : २०६६/०१/०६	**ख) नाम: टार्जन राजवंशी** बाबुको नाम : थुपु राजवंशी बाजेको नाम : चमातु राजवंशी ठेगाना : कनकाई-०९, झापा ना.प्र.नं. : ०४/१००७, जारी मिति : २०६२/०७/१४ जारी कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा **ग) नाम : पवित्रा राजवंशी** बाबुको नाम : टक्का राजवंशी पतिको नाम : टार्जन राजवंशी ससुराको नाम : थुपु राजवंशी ठेगाना : शिवगञ्ज-०९, झापा, हाल: कन्काई-०९, झापा ना.प्र.नं.: ०४१०३३/१००६, जारी मिति :२०६६/०६/२८ जारी कार्यालय: जि.प्र.का., झापा **घ) नाम : आन्धारी राजवंशी** पतिको नाम : थुपु राजवंशी ससुराको नाम : चमातु राजवंशी ठेगाना : घैलाडुवा-०७, झापा, हाल : कन्काई-०९, झापा ना.प्र.नं. : ३२३५,९२०, जारी मिति :२०४५/०१/२५ जारी कार्यालय : जि.प्र.का., झापा

सुरक्षणमा रहेको धितोको विवरण : श्री भूमीसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा थुपु राजवंशिको नाममा दर्ता कायम रहेको झापा जिल्ला घैलाडुब्बा-०७ स्थित कि.नं. १२४८, ९७२ र ९७० को क्षेत्रफल क्रमशः १५३२.२९, २०३.१६ र ४९९.४७ वर्ग मिटरको घर/जग्गा तथा सो ले बनेको सम्पुर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावे ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

यामाहाको हाइब्रिड बाइक आउँदै



काठमाडौं/ यामाहा नेपालले देशमै पहिलोपटक हाइब्रिड प्रविधियुक्त मोटरसाइकल सार्वजनिक गर्दै छ। एफजेड सिरिजको विरासतलाई अझ अगाडि बढाउँदै कम्पनीले नेपाली बजारमा एक नयाँ सेगमेन्टको सुरुवात गर्न लागेको हो। यो मोटरसाइकल शुक्रबार सार्वजनिक हुँदै छ।

करिब एक दशकभन्दा लामो समयदेखि नेपालका मोटरसाइकल प्रयोगकर्तामाझ लोकप्रिय रहँदै आएको यामाहा एफजेड सिरिज यसको मजबुत डिजाइन, सन्तुलित प्रदर्शन तथा भरपर्दो माइलेजका कारण लोकप्रिय छ। जापानी प्रविधिमा आधारित यामाहाको विश्वसनीय इन्जिनियरिङले शक्ति, आराम र कार्यक्षमताबिच सन्तुलन कायम गर्दै आएको छ, जसले यसलाई देशभरका राइडरहरूको पहिलो रोजाइ बनाएको कम्पनीले जनाएको छ। हाइब्रिड प्रविधिले परम्परागत इन्जिन शक्ति र इलेक्ट्रिक सहायताको संयोजनमार्फत सहज एक्सेलेरेसन, कम उत्सर्जन र उच्च माइलेज प्रदान गर्ने कम्पनीको दाबी छ।


एनएमबि लघुवित्तको विभिन्न संघ-संस्थालाई सहयोग



कास्की/ एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडले १२ वर्ष पूरा गरी १३ वर्षमा प्रवेश गरेको छ। एनएमबिले आफ्नो वार्षिकोत्सवको अवसरमा विभिन्न संघ-संस्थालाई सहयोग गरेको छ। पोखरास्थित न्युरोडमा प्रधान कार्यालय रहेको एनएमबिले वार्षिकोत्सवको अवसरमा पोखरा २५ हेम्जास्थित मानव सेवा आश्रमका आश्रितलाई खाना खुवाउने, हेम्जाकै विष्णुपादुका माविलाई एक थान प्रिन्टर सहयोग गरेको कामु प्रमुख कार्यकारी अधिकृत सजल खड्काले जानकारी दिए।

पोखरासँगै एनएमबिले सातवटै प्रदेश कार्यालयमार्फत विभिन्न संघ-संस्थालाई सहयोग गरेको खड्काले बताए। खड्काका अनुसार इटहरी प्रादेशिक कार्यालयले सुनसरीको रामधुनी-३ स्थित पञ्चायत माविलाई एक थान रंगीन प्रिन्टर, बर्दीबास प्रादेशिक कार्यालयले इलाका प्रहरी कार्यालय, ढल्केबरलाई फर्निचर सामग्री सहयोग गरे। त्यस्तै, धुलिखेल प्रादेशिक कार्यालयले पनौती- ५ स्थित महर्षि गुरुकुलमा खाद्यान्न तथा शैक्षिक सामग्री वितरण, सिद्धार्थनगर प्रादेशिक कार्यालयले सूर्यपुरा माविमा शैक्षिक सामग्री वितरण, कर्णाली प्रादेशिक कार्यालयले चौरजहारी- ११, खोलागाउँस्थित हिमालय नमुना माविका विद्यार्थीलाई शैक्षिक सामग्री वितरणसँगै धनगढी प्रादेशिक कार्यालयले बर्दगोरिया-२ स्थित सहारा घरलाई खाद्य सामग्री सहयोग गरेको उनले जानकारी दिए।

टिसिएलका सिलिङ क्यासेट एसी



काठमाडौं/ गर्मीलाई लक्षित गर्दै सिजी इलेक्ट्रोनिक्सले टिसिएलका सिलिङ क्यासेट स्प्लिट एसी बजारमा ल्याएको छ। गर्मी बढ्दै जाँदा घरदेखि अफिस र व्यावसायिक स्पेससम्म सहज र सन्तुलित कुलिङको आवश्यकता अझ महत्त्वपूर्ण बन्ने भन्दै कम्पनीले क्यासेट एसी ल्याएको छ। यो एसीले गर्मीका दिनमा आरामदायी र सन्तुलित वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउने कम्पनीले जनाएको छ।

छतमा फिट हुने यसको स्मार्ट डिजाइन र ८-वे एयर आउटलेट प्रणालीले चारैतिर समान रूपमा हावा वितरण गर्ने बताइएको। इन्भर्टर प्रविधि, अल्ट्रो-लो नोइज डिजाइन र हेल्थी फिल्टरजस्ता सुविधाले ऊर्जा बचत र स्वच्छ हावा सुनिश्चित गर्ने कम्पनीको दाबी छ। यी एसी एक टन, १.५ टन, २ टन, ३ टन र ४ टन क्षमतामा उपलब्ध छन्, जसले अफिस, होटेल, बैंक, रेस्टुरेन्ट तथा ठुला स्पेसका लागि प्रभावकारी समाधान प्रदान गर्नेछन्।

एमएडब्लू वृद्धिको एक्सचेन्ज अर्को हप्ता

काठमाडौं/ एमएडब्लू वृद्धिले १२ देखि १४ चैतसम्म मेगा एक्सचेन्ज कार्निभल आयोजना गर्ने भएको छ। देशैभरि आयोजना हुने मेगा एक्सचेन्ज कार्निभल डिजाइन र प्रविधिमा अब्बल इभीमा अपग्रेड हुने सबैभन्दा उत्तम समय हुने बताइएको छ। आफ्ना लोकप्रिय इभी ब्रान्ड दिपल, अवतार, नामी र सेरेसलाई एउटै प्लाटफर्ममा समेटेर नेपालकै सबैभन्दा ठुलो मेगा एक्सचेन्ज आयोजना गर्न लागेको कम्पनीले जनाएको छ।

मेगा एक्सचेन्जमा ग्राहकले प्रत्यक्ष नगद बचत, पुराना गाडीको उच्चतम मूल्यांकन, उत्कृष्ट



एक्सचेन्ज बोनस, निःशुल्क बिमा तथा चार्जर प्याकेज र नेपालकै सबैभन्दा लामो एक्सटेन्डेड वारेन्टीजस्ता सुविधा प्राप्त गर्नेछन्। बढ्दो इन्धन मूल्य, वातावरणीय सचेतना तथा आकर्षक एक्सचेन्ज सुविधाका कारण यो कार्निभल इभीमा अपग्रेड गर्ने सबैभन्दा उपयुक्त अवसर बनेको कम्पनीले जनाएको छ।

नेपाल विद्युत प्राधिकरण

लुम्बिनी प्रदेश डिभिजन कार्यालय, नेपालगञ्ज

विद्युत मिटर नामसारी सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति :- २०८२।१२।०६)

नेपाल विद्युत प्राधिकरण **नेपालगञ्ज वितरण केन्द्र, कोहलपुर वितरण केन्द्र, लमही वितरण केन्द्र** तथा **घोराही वितरण केन्द्र**को विद्युत मिटर आफ्ना नाममा नामसारी गराई पाऊँ भनी निवेदन परेको हुँदा सो विद्युत जडानमा निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो हकदाबी प्रमाण सहित सम्बन्धित कार्यालयमा लिखित निवेदन दिनुहुन सूचित गरिन्छ। हदम्यादभित्र कसैको हकदाबी पर्न नआएमा निवेदकहरूको माग बमोजिम नामसारी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत विवरण नेपाल विद्युत प्राधिकरणको Website: www.nea.org.np/regional/7 मा हेर्नुहुन अनुरोध छ।

पाथीभरामा भेटीको सुनचाँदी रिफाइन गरिँदै

ताप्लेजुङ/ प्रसिद्ध तीर्थस्थल पाथीभरा (मुक्कुमलुङ)मा भक्तजनले चढाएको भेटी फागुनमा मात्रै ३१ लाख रुपैयाँभन्दा बढी संकलन भएको छ। भेटीसँगै संकलन भएको सुनचाँदी रिफाइन (प्रशोधन) सुरु गरेको छ, जसले आगामी दिनमा लिलामीमार्फत आम्दानी बढाउने तयारीसमेत देखाएको छ। पाथीभरा क्षेत्र विकास समितिले मन्दिरमा चढाइएको सुन तथा चाँदीको रिफाइन कार्य बुधबारदेखि सुरु गरेको जनाएको छ। सुनचाँदी व्यवस्थापन उपसमितिका संयोजक चेतराज घिमिरेका अनुसार हाल करिब ६७ तोला सुन र ४३ केजी चाँदी प्रशोधन प्रक्रियामा लगिएको छ। कार्यालयका जिन्सी शाखा प्रमुख इन्द्र पौडेलका अनुसार २५ पुस ०८० देखि हालसम्म भक्तजनले चढाएको सुनचाँदी संकलन गरी अहिले रिफाइन गर्न थालिएको हो।

जिल्लाकै सुनचाँदी व्यवसायीको प्राविधिक सहयोगमा यो प्रक्रिया अघि बढाइएको र करिब एक साताभित्र प्रशोधन सकिने अनुमान गरिएको छ। यसअघि रिफाइन गरिएको १७८ तोला ८२ लाल सुन भने समितिले भण्डारण गरेर राखेको छ, जुन हाल लिलामी प्रक्रियामा छ। चाँदी भने अघिल्लो चरणमै लिलामी भइसकेको छ। पछिल्लो चरणमा प्रशोधन भइरहेको सुनचाँदी पनि लिलाममार्फत व्यवस्थापन गर्ने समितिको योजना छ। फागुनमा मात्रै १८ हजार ६५२ भक्तजन मन्दिर पुगेका थिए। समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार भक्तजनले चढाएको भेटी नेपाल प्रहरीको रोहवरमा संकलन गरिन्छ र सुरक्षित रूपमा लाहाछाप लगाएर फेदी हुँदै सदरमुकाम फुङलिङस्थित कार्यालयमा ल्याइन्छ। कार्यालयमा दैनिक रूपमा प्रहरी र सिसिटिभी निगरानीमा भेटी गणना गरी बैंकमा जम्मा गर्ने गरिएको समितिले जनाएको छ।

धार्मिक आस्था र आर्थिक व्यवस्थापन जोडिएको पाथीभरा अब 'भेटी-रिफाइन-लिलामी' मोडेलमार्फत संस्थागत आम्दानी बढाउने दिशामा अघि बढिरहेको देखिन्छ। वर्षभरि देश-विदेशबाट हजारौँ भक्तजन आउने यस तीर्थस्थलमा भेटी व्यवस्थापनलाई अझ पारदर्शी र प्रभावकारी बनाउने चुनौतीसमेत उत्तिकै देखिएको छ।

बाघले एकै घरका नौ बाख्रा मार्‍यो

सल्यान/ सल्यानमा बाघको आक्रमणबाट एकै घरका नौ बाख्रा मरेका छन्। कालीमाटी गाउँपालिका- ३, साठीघरेका सागर रेउलेका नौ बाख्रा बाघले मारेको हो। आक्रमणबाट दुई बाख्रा घाइते भएका छन्। एउटा बाख्रा अझै हराइरहेको छ। ३ चैतमा दिउँसो धनारी सामुदायिक वनमा चर्न गएका बाख्रामाथि बाघले आक्रमण गरेको रेउलेले बताए। 'म खोलामा जाली हान्न गएको थिएँ। घरबाट श्रीमतीले फोन गरेपछि मात्र थाहा पाएँ। बाघले बाख्रा मारेपछि स्थानीयमा त्रास फैलिएको छ,' उनले भने।

बाँके राष्ट्रिय निकुञ्ज क्षेत्रबाट बस्तीमा बाघ पस्न थालेपछि बाघ नियन्त्रणका लागि सम्बन्धित निकायसँग माग गरेका छन्। पीडितलाई राहत उपलब्ध गराउन आवश्यक समन्वय भइरहेको कालीमाटी गाउँपालिका- ३ का वडाध्यक्ष शिवबहादुर खत्रीले जानकारी दिए। वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणसम्बन्धी निर्देशिकाअनुसार प्रक्रिया अघि बढाइएको उनको भनाइ छ। फागुनको अन्तिम साता शारदा नगरपालिका-९, सुनाचौरमा पनि बाघले आठवटा बाख्रा मारेको थियो।

धादिङका १३ वटै पालिकाले भने-

सांसदका संविधानविपरीत निर्देशन मान्दैनौँ



धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङका १३ वटै स्थानीय तहले नवनिर्वाचित प्रतिनिधिसभा सदस्यले कानुनविपरीत दिने निर्देशन र प्रशासनमार्फत हुने हस्तक्षेपको प्रतिवाद गर्न थालेका छन्। नीलकण्ठ नगरपालिकाका नगर प्रमुख एवं नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाको अध्यक्षतामा बिहीबार पालिका प्रमुख र उपप्रमुखहरूको संयुक्त बसेको बैठकले यस्तो निर्णय गरेको हो।

बैठकपछि जारी संयुक्त विज्ञप्तिमा सांसदहरूको हस्तक्षेपले स्थानीय सरकारको स्वायत्ततामाथि प्रहार गरेको उल्लेख छ। स्थानीय तहका जनप्रतिनिधिले संविधान र कानुनको मर्मविपरीत सांसदहरूबाट दिइएका निर्देशनप्रति गम्भीर आपत्ति जनाउँदै स्थानीय सरकारको संवैधानिक अधिकार कुण्ठित पार्ने प्रयास भइरहेको बताएका छन्। स्थानीय सरकारको संवैधानिक अधिकारमाथि अंकुश लगाउने प्रयास गरिएको नगर प्रमुख ढुंगानाले बताए।

संविधानको धारा २३२ (१) बमोजिम संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तमा आधारित हुने संवैधानिक व्यवस्थाप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दै संविधानको अनुसूची ८ मा व्यवस्था भएको एकल अधिकार निर्वाध रूपमा प्रयोग गर्ने सुनिश्चितताका लागि नेपाल सरकारको ध्यानाकर्षण गराइएको नगर प्रमुख ढुंगानाले बताए।

'धादिङको दुईवटै निर्वाचन क्षेत्रमा सांसदहरूले संविधानविपरीत निर्देशन दिँदै आउनुभएको छ। धादिङ अस्पताल, बेनीघाट रोराङ गाउँपालिकाभित्र ढुंगा, गिट्टी, बालुवा उत्खनन र सडक पूर्वाधार सेवा शुल्कका विषयलाई लिएर ठाडो निर्देशन दिनुभएको छ,' उनले भने, 'सांसदहरूको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय धादिङमार्फत विभिन्न निर्देशनसहितको पत्र आएको छ। संविधानविपरीत सांसदको निर्देशन मान्दैनौँ।'

स्थिर सरकार भ्रष्टाचारको अन्त्य र सुशासनसहितको विकसित नेपालका लागि नयाँ बन्ने संघीय सरकारसँग संविधानको मर्मअनुरूपको सहकार्य गर्न धादिङका स्थानीय सरकार पूर्ण प्रतिबद्ध रहेको उनले बताए। 'तर, नवनिर्वाचित सांसदहरूको नामबाट संविधान एवं कानुनविपरीत जारी भएका निर्देशन र जिल्ला प्रशासन कार्यालयका तर्फबाट ३ चैतमा धादिङका पालिकाहरूमा प्रेषित पत्रलाई स्थानीय सरकारको संवैधानिक अधिकारहरू कुण्ठित गर्न खोजिएको छ। प्रशासनमार्फत अंकुश लगाउने प्रयास भएका छन्। स्थानीय सरकारको अधिकार क्षेत्रमा सुरु भएको सांकेतिक हस्तक्षेपको कडा प्रतिवाद गर्दछौँ। यो १३ वटै स्थानीय तहको निर्णय हो,' उनले भने।

धादिङ १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य आशिका तामाङले दिएको निर्देशनप्रति लक्षित गर्दै धादिङका पालिकाहरूले विरोध जनाएका हुन्। आशिकाले पछिल्लोपटक धादिङका स्थानीय तहहरूलाई निर्देशन दिँदै आएकी छिन्। उनीले सामाजिक सञ्जालमार्फत समेत आफूले स्थानीय तहलाई निर्देशन दिएको जानकारी गराएकी छिन्।

सामाजिक सञ्जालमार्फत उनले 'बेनीघाट-रोराङ गाउँपालिका- ९ मा अवैध रूपमा त्रिशूली नदीबाट बालुवा तथा गिट्टी उत्खनन भइरहेको जानकारी प्राप्त भएपछि उक्त कार्य तत्काल रोक्न निर्देशन दिएको छु। मैले दिएको निर्देशनलाई बेवास्ता गर्ने वा हेलचेक्र्याइँ गर्ने सम्बन्धित निकाय तथा व्यक्तिहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने कुरा स्पष्ट रूपमा जानकारी गराउँछु' भनेर लेखेकी थिइन्।

लैंगिक हिंसाविरुद्ध सडक नाटकसहित प्रदर्शन

कास्की/ महिला हिंसाविरुद्धका घटना न्यूनीकरण गर्ने उद्देश्यसहित पोखरामा सडक नाटक प्रदर्शन गरिएको छ। पोखराको पृथ्वीनारायण क्याम्पसमा बिए-एलएलबी अध्ययन गर्ने विद्यार्थीको समूह टिम अल्फाले पोखराको पृथ्वी चोकमा लैंगिक हिंसा तथा बलात्कारविरुद्ध संयुक्त आवाज भन्दै सडक नाटकसहित प्रदर्शन गरेको हो।

बलात्कारपछि हत्या, महिला तथा बालिकामाथि हुने हिंसासँगै अत्याचारविरुद्ध प्रदर्शन गरेको समूहका सदस्य अखिल खरेलले बताए। लैंगिक हिंसाविरुद्ध राज्यले कदम चाल्नुपर्ने मागसहित भएका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाहीको माग गर्दै सम्पूर्ण पीडितको न्यायका लागि आवाज उठाउने उद्देश्य कार्यक्रमको रहेको उनले बताए। कालो पहिरन लगाएर प्रदर्शन गरेका विद्यार्थीले विश्वभर अनुमानित ८४ करोड महिला आफ्नो जीवनमा कम्तीमा एकपटक शारीरिक वा यौन हिंसा वा दुवैको सिकार भएका हुन्छन् भन्ने देखाएका थिए।

गत वर्ष मात्र १५ देखि १९ वर्ष उमेरका प्रेमसम्बन्ध रहेका १६ प्रतिशत किशोरी प्रेमीद्वारा शारीरिक वा यौन दुर्व्यवहारको सिकार भइसकेका छन्। ०२४ मा विश्वभर लगभग ५० हजार महिला र बालिकाले आफ्नो प्रेमी वा आफन्तको हातबाट ज्यान गुमाएको लेखिएको ब्यानरसमेत प्रदर्शन गरेका थिए। उनीहरूले आँखामा कालोपट्टी बाँधेर जनचेतनामूलक सडक नाटक प्रदर्शन गरेका थिए। २३ फागुनमा सुर्खेतको वीरेन्द्रनगर- ४ सहिदपार्क नजिकै जनजागरण सामुदायिक वनमा १६ वर्षीया इनिसा विकको बलात्कारपछि हत्या भएको र यस्तै घटनामा अन्यायमा परेकाको न्यायका लागि सडक नाटकसँगै प्रदर्शन गरेको कार्यक्रमकी संयोजक सुवानी पौडेलले बताइन्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लाहान, सिरहाको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/१२/०६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लाहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

१. ऋणीहरूको विवरण	धितो सुरक्षणको विवरण
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, लाहान, सिरहामा मिति २०७३/०८/२२ मा प्रा.फ.र.नं. ६०५१/०७३/७४ कायम भई दर्ता रहेको सिरहा जिल्ला, लहान न.पा वडा नं. ०१, स्थित रजिष्टर्ड कार्यालय रहेको **आर. एस. इन्टरप्राईजेज।** प्रोप्राईटर - **राम सागर महतो**	१. **राम सागर महतो**को नाममा मालपोत कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंग्राही मटिअर्वा गा.बि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ६१५ को क्षे.फ. जम्मा ०-१-०-० (बिगाहा) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. ऋणी **आर. एस. इन्टरप्राईजेज**को सम्पूर्ण चल अचल सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **राम सागर महतो** ना.प्र.नं.- ६२७५३९३२/६०२३९ जारी मिति - २०६१/०६/१५ जि.प्र.का. सिरहा बाबु - राम वलि महतो बाजे - अच्छे लाल महतो पतनी -प्रियंका महतो स्थायी ठेगाना- कुसहा लक्ष्मीनिया गा.वि.स., वडा नं. ०६, सिरहा हाल सिरहा जिल्ला, लाहान न.पा. , वडा नं. ०१ २. **सवनम चौधरी कलवारनी** ना.प्र.नं.- १६११०२/६५ जारी मिति - २०६५/०८/११ जि.प्र.का. सप्तरी बाबु - राम असिस चौधरी कलवार ससुरा- भुपनारायण चौधरी कलवार पती -राजाराम चौधरी कलवार स्थायी ठेगाना- टिकुलिया गा.वि.स./न.पा. वडा नं. २, सप्तरी	३. **राम वली महतो** ना.प्र.नं.- २७१०९८२ जारी मिति - २०३४/०२/१२ जि.प्र.का. सिरहा बाबु - अच्छे लाल महतो बाजे - सुनर महतो पतनी - विद्या देवी महतो स्थायी ठेगाना- मोहनपुर गा.वि.स. वार्ड नं.०२, सिरहा हाल सिरहा जिल्ला, लाहान न.पा. , वडा नं. ०१

२. ऋणीहरूको विवरण

१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, लाहान, सिरहामा मिति २०६९/०९/१९ मा प्रा.फ.र.नं. २७५३/२०६९/०७० कायम भई दर्ता रहेको सिरहा जिल्ला, असनपुर वडा नं. ०७, स्थित रजिष्टर्ड कार्यालय रहेको **सुरेन्द्र किराना पसल** प्रोप्राईटर - **राम सेवक साह**

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **राम सेवक साह** ना.प्र.नं.- ७८७ जारी मिति - २०५३/०६/०३, जि.प्र.का. सिरहा बाबु - राम प्रसाद साह बाजे - मनाई साहको पतनी - नैन कुमारी साह स्थायी ठेगाना- बलही गा.वि.स., वडा नं. ०४, सिरहा हाल - सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ०६, सिरहा	२. **नैन कुमारी साह** ना.प्र.नं.- ८५ जारी मिति - २०६०/०९/२२ जि.प्र.का. सिराहा बाबु - जय किशोर साह ससुरा- राम प्रसाद साह पती -राम सेवक साह स्थायी ठेगाना- बलही गा.वि.स., वडा नं. ०४, सिराहा गोलबजार न.पा., वडा नं. ०६, सिराहा

धितो सुरक्षणको विवरण

१. **राम सेवक साह**को नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कित्ता नं. ४७८१ र २२४९ को क्षे.फ. जम्मा ०-०-१२-० र ०-०-७ (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **नैन कुमारी साह**को नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, लालपुर गा.वि.स./न.पा., वडा नं. ५क स्थित कित्ता नं. ९९३ को क्षे.फ. जम्मा ०-१-० (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **राम सेवक साह**को नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, बल्ही गा.वि.स./न.पा., वडा नं. ३ स्थित कित्ता नं. ४१२ र ३०९० को क्षे.फ. क्रमश: ०-०-१० र ०-०-३.२५ (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. धनि कुमारी बैंक लि.(सबिक नेपाल केडिट एण्ड कमर्स बैंक लिमिटेड) र **सुरेन्द्र किराना पसल** कायम भई दर्ता कायम रहेको चे.नं. MA1ZN2GHKJ174609 , ई.नं. GHJIJI2810, सवारी नं. स. १ छ १७२६ सवारी मोडल Mahindra Bolero SCXL 2WD को गाडी थान १।
५. ऋणी **सुरेन्द्र किराना पसल** सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

३. ऋणीहरूको विवरण	धितो सुरक्षणको विवरण
१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय लहानमा मिति २०६८/०४/०३ मा दर्ता नं. १७९३/०६८/०६९ कायम भई दर्ता रहेको सिरहा जिल्ला, लहान न.पा,०८ सिरहा स्थित रजिष्टर्ड कार्यालय रहेको **राज ट्रेडर्स।** प्रोप्राईटर - **राजाराम चौधरी कलवार**	१. **राजाराम चौधरी कलवार**को नाममा मालपोत कार्यालय, राजविराज, सप्तरीमा दर्ता कायम रहेको सप्तरी जिल्ला, टिकुलिया गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ५५६ र २५७ को क्षे.फ. क्रमश: ०-२-३.२५-० र ०-६-०.५-० (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. ऋणी **राज ट्रेडर्स** सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **राजाराम चौधरी कलवार** ना.प्र.नं.- ५६७६ जारी मिति - २०६२/०६/२० जि.प्र.का. सप्तरी बाबु - भुपनारायण चौधरी कलवार बाजे - दरवारी चौधरी पत्नी -सवनम चौधरी कलवारनी स्थायी ठेगाना- टिकुलिया गा.वि.स./न.पा. वडा नं. २, सप्तरी	२. **सवनम चौधरी कलवारनी** ना.प्र.नं.- १६११०२/६५ जारी मिति - २०६५/०८/११ जि.प्र.का. सप्तरी बाबु - राम असिस चौधरी कलवार ससुरा- भुपनारायण चौधरी कलवार पती -राजाराम चौधरी कलवार स्थायी ठेगाना- टिकुलिया गा.वि.स./न.पा. वडा नं. २, सप्तरी

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय लाहान, सिरहा फोन नं.०३३-५६५००६/५०६

१३ चैतमा...

पृष्ठ १ बाट क्रमशः

सरकार गठनको निर्णायक 'कोर्स'अन्तर्गत बिहीबार साँझ दरबारमार्गस्थित होटेल रोयल सिङ्गीमा रास्वपा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन तथा उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्लेबिच छलफल भएको थियो। यही छलफलले १३ चैतमा बालेनले प्रधानमन्त्रीको शपथ लिने निष्कर्ष निकालेको हो।

रास्वपा नेताहरूले बालेन सरकारमा जाने मन्त्रीहरूबारे केही सार्वजनिक गरेको छैन। तर, सरकार गठनको दिनसम्म मन्त्रीहरूको पनि टुंगो लाग्ने बताएका छन्। बुधबार पार्टीका सांसदहरूको अभिमुखीकरण कार्यक्रम समापनमा सभापति लामिछानेले 'सबै सांसदको क्षमता पार्टीलाई थाहा भएकाले, योग्य व्यक्तिलाई मन्त्री बनाउने भएकाले कतै नधाउन' भनेका थिए।

निर्वाचन आयोगले अन्तिम मतपरिणाम बिहीबारै राष्ट्रपतिलाई बुझाएको छ। अन्तिम मतपरिणाम राष्ट्रपतिलाई बुझाउनुको अर्थ संसद्को ठुलो दललाई सरकार निर्माणका लागि प्रक्रिया सुरु गर्ने बाटो खुल्नु हो। रास्वपा नेता असिम शाहले निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम राष्ट्रपतिकहाँ गएपछि नयाँ सरकार गठनका लागि सभापति र वरिष्ठ नेताबिच औपचारिक छलफल सुरु भएको बताए।

'सरकार गठनका लागि छलफल सुरु भयो। अब निरन्तर छलफल हुन्छ। छलफलबाट निष्कर्ष निस्किहाल्छ। सबै सांसदको विज्ञता थाहा छ, मन्त्रीहरूको छनोट त्यही आधारमा हुन्छ। प्रधानमन्त्रीले आफ्नो टिम आफैँ बनाउने हो। आवश्यकताअनुसार सभापतिसँग छलफल गर्नुहुन्छ,' उनले भने, 'वरिष्ठ नेता अहिले आन्तरिक छलफल, भेटघाट र रेस्टमा हुनुहुन्छ। सरकारमा गएर गर्ने कामको आन्तरिक तयारीमा जुट्नुभएको छ।'

बालेनलाई औपचारिक रूपमै 'भावी प्रधानमन्त्री'मा प्रस्तुत गरेर रास्वपा निर्वाचनमा होमिएको थियो। पार्टीको देशव्यापी संगठन र रवि-बालेनको व्यक्तिगत क्रेजको मिश्रणमा रास्वपाले प्रतिनिधिसभाका २७५ सिटमध्ये १८२ मा जित निकाल्यो। यो अंक दुईतिहाइका लागि मात्र दुई सिट कम हो। यो अवस्थामा रास्वपाले सोचेजस्तो सरकार एक्लै बनाउन सक्नेछ।

समानुपातिक सांसदले पाए प्रमाणपत्र

निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित ११० सांसदलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको थियो। बिहीबार आयोगपरिसरमा एक समारोहबिच ६ दलका सांसदहरूलाई निर्वाचित भएको प्रमाणपत्र वितरण गरेको हो।

सभापति...

पृष्ठ १ बाट क्रमशः

प्रत्यक्षतर्फ १८ सिट र समानुपातिकतर्फ २० सिट जितेर कांग्रेस दोस्रो स्थानमा रहे पनि पहिलो दल रास्वपाभन्दा १४४ सिटले पछाडि छ। रास्वपाले १८२ सिट जितेको छ। ०७९ को प्रतिनिधिसभा निर्वाचनमा ८८ सिट जितेर कांग्रेस संसद्को सबैभन्दा ठुलो दल बनेको थियो।

एक नेताका अनुसार शुक्रबारको बैठकको अध्यक्षता उपसभापति शर्माले गर्नेछन्। बैठकमा उनले सभापति थापाको राजीनामाबारे जानकारी दिनेछन् र उक्त राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस गर्नेछन्। 'शुक्रबारको बैठकमा सभापतिको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिले पास हुनेछ,' ती केन्द्रीय सदस्यले भने।

प्रवक्ता देवराज चालिसेले चुनावी समीक्षालगायत सबै विषयमा केन्द्रीय कार्यसमितिको बैठकमा छलफल हुने जानकारी दिए। 'सभापतिज्यूको राजीनामा औपचारिक रूपमा बैठकमा पेस भएपछि मात्रै आधिकारिक रूपमा बोल्ने ठाउँ हुन्छ। अहिले त्यसबारेमा मैले बोल्ने विषय छैन,' थापाको राजीनामाबारे उनले भने। कांग्रेस नेताहरूका अनुसार सभापति थापाको राजीनामा केन्द्रीय कार्यसमितिले अस्वीकृत गर्नेछ। 'केन्द्रीय कार्यसमितिले अस्वीकृत गरेपछि उहाँ जिम्मेवारीमा फर्किनुपर्छ। उहाँ जिम्मेवारीमा फर्किनुहुन्छ भन्नेमा हामीलाई पूरा विश्वास छ,' कांग्रेस केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले भने।

कांग्रेसको १४औँ महाधिवेशनमा चुनिएका महाधिवेशन प्रतिनिधिहरूले आयोजना गरेको विशेष महाधिवेशनबाट १ माघमा थापा कांग्रेस सभापतिमा निर्वाचित भएका थिए। निर्वाचित भएको ५० दिनमा कांग्रेस प्रतिनिधिसभा निर्वाचनमा गएको थियो। कांग्रेस उपसभापति शर्माले चुनावी परिणाम आएलगत्तै सार्वजनिक दुई भिडियो सन्देशमा पार्टीले चुनावमा व्यहोरेको हारको कारक वर्तमान नेतृत्व नभएर निवर्तमान नेतृत्वसमेत भएको टिप्पणी गरेका थिए।

आज र भोलि...

पृष्ठ १ बाट क्रमशः

बादल, हावाहुरी र पानीका गतिविधि बढेको विभागका मौसमविद् रोजन लामिछानेले बताए। उनका अनुसार पश्चिम नेपालमा बिहीबार रातिदेखि नै पानी पर्न थालेकोमा शुक्रबार बढ्नेछ।

'दुई दिन देशका धेरै ठाउँमा पानी पर्ने देखिन्छ। शुक्रबार पश्चिम क्षेत्रमा वर्षा हुन्छ र बिस्तारै पूर्वतिर सर्दै गएर शनिबार पूर्वकेन्द्रित हुन्छ,' मौसमविद् लामिछानेले भने, 'देशभर वर्षा हुने भए पनि पश्चिमका केही ठाउँमा भने ठुलो वर्षा हुन सक्छ। यसबाहेक हावाहुरी, चट्याङ र असिनापानीको पनि सम्भावना छ।'

शनिबार दिउँसोबाट पश्चिमतिरबाट मौसममा सुधार सुरु भएर शनिबार रातिदेखि देशका धेरै ठाउँमा मौसममा सुधार आउने पनि विभागले जनाएको छ। केही ठाउँमा भने आइतबारसमेत वर्षाको सम्भावना रहेको जनाएको छ।

कहाँ कहिले पर्छ पानी ?

शुक्रबार दिउँसो : देशभर बादल लाग्नेछ। सुदूरपश्चिम र कर्णालीका धेरै स्थान तथा गण्डकी, लुम्बिनी प्रदेशलगायत कोशी प्रदेशका पहाडी र हिमाली भूभागका केही स्थानसँगै बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन, चट्याङ, असिनासहित मध्यम वर्षाको सम्भावना छ। कर्णाली र सुदूरपश्चिमका पहाडी र हिमाली एक-दुई स्थानमा भारी हिमपातको सम्भावना छ।

शुक्रबार राति : देशभर बादल लाग्नेछ। सुदूरपश्चिम, कर्णाली र गण्डकी धेरै स्थान तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र असिनासहित मध्यम वर्षाको आकलन छ।

शनिबार दिउँसो : देशभरका अधिकांश क्षेत्रमा बादल लाग्नेछ। कोशी, मधेश र बागमती प्रदेशलगायत देशका पहाडी र हिमाली भूभागका धेरै स्थान तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ, असिनासहित मध्यम वर्षाको सम्भावना छ।

शनिबार राति : कोशी प्रदेशलगायत बाँकी प्रदेशका हिमाली भू-भागका थोरै स्थानमा तथा बाँकी पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, असिनासहित मध्यम वर्षा/हिमपातको सम्भावना छ।

सतर्कता अपनाउन प्राधिकरणको अपिल

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शुक्रबार र शनिबार वर्षासँगै हावाहुरीको सम्भावना रहेकाले सतर्कता अपनाउन अपिल गरेको छ।

प्राधिकरणका उपसचिव रामबहादुर केसीले विज्ञप्ति जारी गरी तीव्रगतिको हावाहुरी चल्न सक्ने क्षेत्रमा बसोबास तथा यात्रा गर्दा विशेष सतर्कता अपनाउन, विशेष काम नपरी यात्रामा ननिस्कन, हावाहुरी चलेका वेला घरको झ्यालढोका राम्रोसँग बन्द गर्न, आगोका स्रोत बन्द गर्न, सवारीसाधन चलाइरहेको भए रोकेर सुरक्षित स्थानमा बस्न, भिडभाडमा भए नआत्तिन, भागदौड नगरी बिस्तारै सुरक्षित स्थानमा जान भनेका छन्।

'हावाहुरी चलेका वेला कमजोर संरचना, अग्ला रुख, टेलिफोन र बिजुलीको खम्बा तथा तारमुनि नबस्न, बिजुलीको तार लत्रिएको छ भने नछुन, सो समयमा विद्युतीय उपकरण नचलाउन एवं जोखिमयुक्त स्थानमा नबस्न पनि आग्रह गर्दछौँ,' विज्ञप्तिमा भनिएको छ।

वी.पी.स्मृति सामुदायिक सहकारी अस्पताल लि.

श्री कान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं

१८औं बार्षिक साधारणसभा सम्बन्धि जरुरी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/०६

श्रीमान उमेशजंग रायमाझीज्यूको अध्यक्षतामा मिति २०८२ साल चैत ५ गते बसेको यस अस्पताल सञ्चालक समितिको बैठकबाट संस्थाको १८औं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा आयोजना गरिने भएकोले सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०८२ साल चैत २१ गते, शनिबार
समय : बिहान ८:३० बजे
स्थान : वी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल, श्री कान्तिमार्ग, महाराजगञ्ज

साधारण सभाका विषयहरू

क) नियमित विषयहरू
१. आ. व. २०८१/०८२ को बार्षिक प्रतिवेदन अनुमोदन गर्ने।
२. आ. व. २०८१/०८२ को लेखा समितिको बार्षिक प्रतिवेदन अनुमोदन गर्ने।
३. आ. व. २०८१/०८२ को लेखा परिक्षणको बार्षिक प्रतिवेदन अनुमोदन गर्ने।
४. चालु आ. व. २०८२/०८३ को बजेट तथा कार्यक्रम अनुमोदन गर्ने।
५. आ.व. २०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।

ख) विशेष विषयहरू
१. लेखा सुपरिवेक्षण समिति तथा रिक्त सञ्चालक समितिको पदाधिकारी सदस्यहरूको चुनाव
२. विनियमावली सम्सोधन
ग) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न संचालक समितिबाट १ जना र साधारण सदस्य मध्ये १५ जना तोक्ने।
घ) विविध (अन्य आवश्यक विषयहरू)।
साथै बार्षिक साधारणसभा सम्बन्धी विस्तृत सूचना यस अस्पतालको Website: www.bpsmritihospital.com.np मा हेर्नुहोला।

अध्यक्ष

वी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि. बसुन्धरा, काठमाडौं

फोन नं. : ४९८७०९४, ४९८७०९६, ४९८७०५१, ४९८७०५२

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.नं. १७/०६९/०७०
शुक्रबार ६ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

निर्वाचन स्थगित गर्न एन्फालाई राखेपको तेस्रोपटक निर्देशन

निर्वाचनसम्बन्धी कुनै पनि कार्यक्रम अगाडि नबढाउन राखेपले निर्देशन दिए पनि बिहीबार नै एन्फाका सिइओ इन्द्रमान तुलाधरले सबै प्रतिनिधिलाई साधारणसभामा सहभागी हुन आह्वान गरेका छन्

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले तेस्रोपटक पत्र काट्दै अखिल नेपाल फुटबल संघ (एन्फा)को १३ चैतमा झापामा हुने केन्द्रीय कार्यसमितिको निर्वाचन स्थगित गर्न निर्देशन दिएको छ।

राखेपको संघ-संस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राईले बिहीबार एनफालाई पत्र पठाउँदै राज्यको स्वीकृतिविना हुन लागेको निर्वाचन स्थगित गरी तीन दिनभित्र राखेपलाई जानकारी गराउन भनेका छन्। राखेपले पत्र काटेको दिनै (बिहीबार) एन्फाका सिइओ इन्द्रमान तुलाधरले साधारणसभाको कार्यतालिका सबै सदस्यलाई पठाएका छन्। ४९ जिल्लासहित सबै क्लब र पदाधिकारीलाई साधारणसभामा उपस्थित हुन उनले आह्वान गरेका छन्।

निर्वाचनको विषयमा राखेपसँग समन्वय नगरी पटक-पटक निर्वाचनसम्बन्धी तालिका प्रकाशन गरिएको जानकारी प्राप्त भएपछि निर्वाचन स्थगन गर्न निर्देशन दिएको राईले बताए। 'राखेपले एन्फालाई विगतमा पनि निर्वाचन स्थगन गर्न निर्देशन दिएको थियो। त्यसको पालना नगरेको पाइएको छ,' राईले भने, 'यसपटक एन्फाले जबर्जस्ती चुनाव गरे पनि मान्यता पाउनेछैन।' निर्देशनको पालना नगरी निर्वाचन प्रक्रिया अगाडि बढाए कारबाही हुने चेतावनी उनले दिएका छन्। राखेपले एन्फालाई काटेको पत्रमा खेलकुद मन्त्रालय, सबै प्रादेशिक मन्त्रालय र सातवटै प्रदेश खेलकुद विकास परिषद्लगायतलाई बोधार्थ दिएको छ।

जिल्ला र प्रदेशविना केन्द्रको निर्वाचन गराउँदै

एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले जिल्ला र प्रदेशको निर्वाचनविनै एन्फा निर्वाचन गराउँदै छन्। नेतृत्व पक्षको निर्णयविरुद्ध उच्च अदालत पाटन, खेलकुद मन्त्रालय र राखेपमा असन्तुष्ट पक्षहरूले उजुरी दिएका छन्। नेम्वाङको कार्यकाल आगामी ६ असारमा सकिँदै छ। आफ्नै प्यानलबाट निर्वाचित पदाधिकारीसँग मनमुटाव र कार्यसम्पादन कमजोर देखिएपछि नेम्वाङको कार्यकाल विवादास्पद बनेको छ। एन्फाको संस्थापन पक्षले एकलौटी निर्णय गरेपछि पछिल्लो समय खेलाडी र क्लबका पदाधिकारीले एन्फा मुख्यालयमै तालासमेत लगाएका छन्।

राखेपले जिल्ला र प्रदेशको निर्वाचनसहित विधानमा ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न निर्देशन दिएको थियो। जिल्ला संघका पदाधिकारी आफ्नो अधिकार हनन भएको भन्दै उच्च अदालत पाटन पुगेका थिए। अदालतले समेत प्रक्रिया पूरा गरेर मात्रै निर्वाचन गर्न एन्फालाई अन्तरिम आदेश दिएको थियो।

एन्फाले २८ माघमा अर्ली इलेक्सन गर्ने निर्णय गरेको थियो। तर, उच्च अदालत पाटनको आदेशपछि एन्फाले २८ फागुनमा निर्वाचनको मिति घोषणा गऱ्यो। प्रतिनिधिसभा निर्वाचनका कारण निर्वाचन आयोगले एन्फालाई तत्काल कार्यक्रम रोक्न निर्देशन दियो। त्यसपछि १३ चैतमा निर्वाचन हुने अर्को मिति सार्वजनिक गरियो।

एन्फाले निर्वाचनका लागि सम्पूर्ण तयारी पूरा गरेको छ। अध्यक्षमा नेम्वाङ र वर्तमान उपाध्यक्ष दीर्घबहादुर केसीबिच प्रतिस्पर्धा हुँदै छ।

अध्यागमनको पत्रपछि लिग स्थगित

अध्यागमन विभागले पर्यटक भिसामा नेपाल प्रवेश गरेका खेलाडीले श्रम स्वीकृतिविना फुटबल खेलेको भेटिएपछि बिहीबार एन्फालाई पत्र काटेको छ। अध्यागमनको पत्रपछि एन्फाले तत्कालै पुरुषतर्फको राष्ट्रिय लिग तथा सहिद स्मारक महिल लिगसमेत अनिश्चितकालीन स्थगित गरेको छ। महिला लिग बुधबारदेखि मात्र सुरु भएको थियो। जसमा चार खेल भएका छन्। पुरुषतर्फको राष्ट्रिय लिगमा ९९ खेल भएका छन्।

'एन्फाको आयोजनामा गत ३० पुसदेखि भइरहेको राष्ट्रिय लिग प्रतियोगिताअन्तर्गत ९७ र १०० देखि १३६ का खेलहरू प्राविधिक कारण अर्को सूचना प्रकाशन नभएसम्म स्थगित गरिएको छ,' एन्फाका सिइओ तुलाधारले भनेका छन्। राष्ट्रिय लिगमा तीन विभागीयसहित काँक्रेबिहार र नवजनजागृति युवा क्लबले मात्र विदेशी खेलाडी अनुबन्ध गरेका छैनन्। चित्लाङ एफसीले विदेशी खेलाडीको हकमा श्रम स्वीकृति लिएको छ। जावलाखेल युथ, मच्छिन्द्र, मनाङ मर्स्याङ्दी, चर्च ब्वाइज, सातदोबाटो युथ, संकटा र श्री भगवती क्लबले विदेशी खेलाडीको श्रम स्वीकृति लिएका छैनन्।

> पुरुष तथा महिला लिगमा पर्यटन भिसामा आएका विदेशी खेलाडीले गैरकानुनी रूपमा खेलेको उजुरीमाथि अध्यागमन विभागले छानबिन थालेकाले एन्फाले प्रतियोगिता स्थगित गरेको छ

'अध्यागमन नियमावली, २०५१ को नियम २० मा भिसा प्राप्त गर्ने विदेशीले जुन उद्देश्यका लागि भिसा प्राप्त गरेको हो, सोबाहेक अन्य काम गर्न पाउनेछैन भन्ने स्पष्ट व्यवस्था रहेको व्योहरा छ। राष्ट्रिय महिला र पुरुष लिग फुटबल खेलमा सहभागी भएका फुटबल क्लबहरूले पर्यटक भिसा लिएका विभिन्न मुलुकका विदेशी खेलाडीहरूलाई नियमानुसार कार्य सहमति र श्रम स्वीकृति लिएर मात्र सहभागी गराउनुहुन अनुरोध छ,' अध्यागमन विभागका निर्देशक टीकाराम ढकालले भने। विभागले बिहीबारदेखि अनुगमन प्रारम्भ भएको र स्वीकृति नलिएका विदेशी खेलाडी भिसाको उद्देश्यविपरीत कुनै पनि खेलमा सहभागी भएको पाइएमा तत्काल कारबाही अगाडि बढाइने जनाएको छ।

पुलिस क्लबले गऱ्यो जय ट्रफीको उपाधि रक्षा



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नयाँ पत्रिका

नेपाल पुलिस क्लबले जय ट्रफी क्रिकेटको उपाधि रक्षा गरेको छ। मूलपानी क्रिकेट मैदानमा पुलिसले बिहीबार उपाधि रक्षा गर्ने क्रममा त्रिभुवन आर्मी क्लबलाई चार विकेटले पराजित गऱ्यो। आर्मीले जितका लागि २२७ रन प्रस्तुत गरेको थियो। लक्ष्य पछ्याएको इनिङ्सको ५६.४ ओभरमा पुलिसले ६ विकेट गुमाएर २३० रन जोड्दै उपाधि रक्षा गरेको हो। गत संस्करणमा पनि पुलिसले आर्मीलाई हराएको थियो।

दोस्रो संस्करणमा पनि च्याम्पियन बनेको पुलिसले लक्ष्य पछ्याउँदा रसिद खानले ८१ तथा कुशल भुर्तेलले ५१ रनको अर्धशतकीय योगदान दिए। रसिद र कुशलले तेस्रो विकेटका लागि ९४ रनको साझेदारी गर्दै जितको आधार खडा गरेका थिए। उनीहरूले १५.४ देखि ४०.१ ओभरसम्म ब्याटिङ गरी टोलीलाई ७१-२ बाट १६५-३ को स्थितिमा राखे। रसिदले १२८ बलमा आठ चौका र तीन छक्का प्रहार गरे। कुशलले ६४ बलमा पाँच चौका प्रहार गरेका थिए।

यसैगरी दिलसाद अलीले ५७ बलमा चार चौका र एक छक्का प्रहार गरी ३१ रनको नटआउट योगदान दिए। तेस्रो सत्रमा आर्मीका लागि पवन कार्की र साहब आलमले समान दुई विकेट हात पारे। आकाश चन्द र भीम सार्कीले समान एक लिए।। यसअघि आर्मी र पुलिस दुवैले पहिलो इनिङ्समा समान २२१ रन बनाएका थिए। आर्मीले तेस्रो दिन दिनको खेल १७८/८ बाट सुरु गरेको थियो। थप ४८ रन जोडेपछि आर्मी २२६ रनमा अलआउट भयो। आर्मीका लागि अन्तिम विकेटका लागि आकाश चन्द र सोमपाल कामीबिच महत्त्वपूर्ण ४९ रनको साझेदारी भएको थियो। आकाशले १०२ बलमा पाँच चौकाको सहयोगमा ३७ रन बनाए। सोमपालले अन्तिमसम्म नआउट भई ७६ बलमा तीन चौका प्रहार गरी २३ रन जोडेका थिए। आर्मीविरुद्धको दोस्रो इनिङ्समा पुलिसका सागर ढकालले १६.२ ओभरमा ४३ रन खर्चेर चार विकेट लिए।

ललित सर्वोत्कृष्ट र ईशान उत्कृष्ट ब्याट्सम्यान

पुलिसका बलर ललित राजवंशी सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। उनले चार खेलमा आठ इनिङ्स बलिङ गरी सर्वाधिक २६ विकेट लिए। यसैगरी बागमती प्रदेशका ईशान पाण्डे प्रतियोगिता उत्कृष्ट ब्याट्सम्यान घोषित भए। उनले प्रतियोगितामा ६ इनिङ्मा ६६ को औसतसहित ३३१ रन बनाएका थिए।

पिएम कप मूलपानीमा हुने

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत त्रिवि क्रिकेट रंगशालामा हुने खेलहरू तल्लो मूलपानी क्रिकेट मैदानमा हुने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ। क्यानले त्रिवि मैदानको स्तरोन्नतिका कारण खेल सारिएको जनाएको छ। प्रतियोगिता आगामी ७ चैतदेखि ४ वैशाखसम्म हुनेछ। 'विश्वकप लिग २ का लागि त्रिवि क्रिकेट मैदानको स्तरोन्नति कार्य गर्नुपर्ने भएको हुँदा मूलपानी मैदानमा पिएम कप हुने व्यवस्था गरिएको छ,' क्यानले भनेको छ।

२१औँ नेपाल ओपन प्याराग्लाइडिङ सुरु

कास्की/ चार वर्षपछि २१औँ नेपाल ओपन प्याराग्लाइडिङ च्याम्पियनसिप बुधबारदेखि पोखरामा सुरु भएको छ। नेपाल हवाई खेलकुद संस्था (ना)को आयोजनामा सुरु च्याम्पियनसिपको पहिलो चरणका खेल भएका छन्। यसअघि च्याम्पियसिपको उद्घाटन पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले खेलाडीलाई झन्डा हस्तान्तरण गर्दै गरेका थिए। च्याम्पियनसिपमा नेपालसहित नौ देशका ५२ पुरुष र ११ महिला गरी ६३ जनाले प्रतिस्पर्धा गरेका छन्। पहिलो दिन मौसमका कारण केही समस्या भएको थियो। प्रतिस्पर्धीले सराङकोटबाट उडान भरी खपौदीमा अवतरण गर्नेछन्। च्याम्पियनसिपबाट दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेशका प्याराग्लाइडिङ खेलाडीसमेत छनोट गरिनेछ।

आयोजक नाका अध्यक्ष अनिल केसीका अनुसार सहभागी पाइलटहरूले तीन विधामा प्रतिस्पर्धा गर्नेछन्। एफएआई क्याटोगरी २ अन्तर्गत सञ्चालन गरिएको च्याम्पियनसिपमा एक्युरेसी पुरुष (ओभरअल), एक्युरेसी महिला (ओभरअल) र टिम (ओभरअल) गरी तीन विधाका खेलहरू सञ्चालन हुने उनले बताए। तीन विधामध्ये पुरुषतर्फ पहिलो हुनेले एक लाख ५० हजार रुपैयाँ पाउनेछन्।

■ सूर्य नेपाल वेस्टर्न ओपन

भुवनले बनाए १ स्ट्रोकको अग्रता



नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२५/२६ अन्तर्गत सूर्य नेपाल वेस्टर्न ओपनको दोस्रो दिन बिहीबार भुवन नगरकोटी १ स्ट्रोकको अग्रतासहित शीर्ष स्थानमा रहेका छन्। भुवनले समग्रमा ३ अन्डर १३५ को स्कोर गरेका थिए। उनले दोस्रो स्थानमा रहेका शुक्रबहादुर राईलाई १ स्ट्रोकले पछि पारेका हुन्। शुक्रले समग्रमा २ अन्डर १३६ स्कोर गरेका थिए। जयराम श्रेष्ठ समग्रमा १ ओभर १३९ सहित तेस्रो स्थानमा झरेका छन्। समग्रमा २ ओभर १४० स्कोर गरेका सञ्जय लामा चौथो स्थानमा उक्लिए।

सञ्जयले लगातार दोस्रो दिन १ ओभर ७० को कार्ड बनाए। पहिलो दिन संयुक्त रूपमा शीर्ष स्थानमा रहेका भुबहादुर गुरुङ पाँचौं स्थानमा झरेका छन्। उनले समग्रमा समग्रमा ५ ओभर १४३ स्कोर गरेका छन्। समग्रमा ६ ओभर १४४ स्कोरसहित रमेश अधिकारीले दोस्रो दिनको खेल ४ ओभर ७३ मा सकाए। उनी छैटौं स्थानमा रहे। समग्रमा ९ ओभर १४७ स्कोर गरेका नेपालका नम्बर एक गल्फर नीरज तामाङ दसौं स्थानमा रहेका छन्।

भुवनको एकल अग्रता

लगातार दुई प्रतियोगिता जितेका भुवनले शीर्ष स्थानमा एकल अग्रता बनाउने क्रममा फ्रन्ट नाइन २ अन्डर ३२ मा सकाए। उनले तेस्रो, चौथो, पाँचौं र नवौं होलमा बर्डी निकाले। ब्याक नाइनमा उनले १ अन्डर ३४ स्कोर गरे। शुक्रले फ्रन्ट नाइन १ ओभर ३५ स्कोर गर्ने क्रममा पहिलो, तेस्रो र सातौं होलमा बोगी खेपे। ब्याक नाइनमा सम्हालिँदै उनले ३ अन्डर ३२ को स्कोर निकाले। जयरामले तेस्रो होलको बर्डीका विरुद्ध दोस्रो र चौथो होलमा बोगी प्रहार गर्दै फ्रन्ट नाइन १ ओभर ३५ खेले।

एमेच्योरतर्फ राहुल विश्वकर्मा ८ स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा रहेका छन्। उनले समग्रमा ३ ओभर १४१ को स्कोर निकाले। पहिलो दिन संयुक्त रूपमा शीर्षस्थानमा रहेका राहुल समग्रमा भने पाँचौं स्थानमा झरे। समग्रमा १२ ओभर १५० स्कोरमा कट लागू हुँदा १८ प्रो र दुई एमेच्योर गरी २० जनाले अन्तिम दिनका लागि स्थान सुरक्षित गरेका छन्।

खेल संक्षेप

दसौँ विश्व जुनियर उसुमा सहभागी हुँदै नेपाल

काठमाडौं/ दसौँ विश्व जुनियर उसु च्याम्पियनसिपमा नेपाली खेलाडीले प्रतिस्पर्धा गर्दै छन्। चीनमा ९ देखि १७ चैतसम्म हुने उसु च्याम्पियनसिपमा नेपालबाट ६ खेलाडीले भाग लिनेछन्। १० सदस्यीय नेपाली टोली शनिबार चीन जानेछ। प्रतियोगितामा रश्मि तामाङ, गिरीश पौडेल, ल्हाक्पा डोल्मा लामा, सारा तामाङ, सम्राट थापा र छिरिङ शेर्पाले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। प्रतियोगिता सेनेगलमा हुने डकार युथ ओलम्पिकको छनोटका रूपमा समेत रहेको छ। प्रशिक्षकमा लानम लामा र जंगबहादुर तामाङ रहेका छन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहतालेे टोलीको बिदाइ गरेका छन्।

कर्णालीको कप्तानी दिवानले गर्ने

सुर्खेत/ प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि कर्णाली क्रिकेट टोलीको कप्तानी दिवान पुनले गर्ने भएका छन्। आगामी ७ चैतदेखि सुरु हुने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोलीको सहभागिता रहनेछ। प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता काठमाडौं, जनकपुर र पर्सामा हुनेछ। यसैबिच, प्रतियोगितामा सहभागी हुने कर्णाली टोलीको बिदाइ कर्णाली प्रदेश क्रिकेट संघले गरेको छ। कर्णाली प्रदेश क्रिकेट संघका सचिव श्रीधर केसीले अनुशासन, आत्मविश्वास र टिमवर्कका साथ प्रतिस्पर्धा गर्ने बताए। कप्तान पुनले राष्ट्रिय प्रतियोगितामा कर्णाली प्रदेशका लागि उत्कृष्ट प्रदर्शन गर्ने बताए। उनले प्रतियोगिताका लागि सबैले मिहिनेत गरेको जनाए।

Invitation for Bids

Madhesh Province Government
Ministry of Health and population

Province Health Logistic Management Center

Janakpurdham
Date of publication: 20th March 2026

Invitation for Bids No: MP/PHLMC/NCB/GOODS-5/2082-83

1. The **Ministry of Health and population, Province Health logistic Management Center** invites **electronic** bids from eligible bidders for **The Procurement and Supply of Free Essential Medicine** and under National competitive bidding – Single Stage Two Envelope procedures.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Madhesh Pradesh, Dhanusha, E-mail: phlmc.province2@gmail.com, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank	: Rastriya Banijya Bank Limited
Name of Office	: Province Health Logistic Management Center
Office Code no.	: 3700317012
Office Account no.	: 1000100200010000
Rajaswa (revenue) Shirshak no.	: 14229
Dharauti A/C no.	: 1220100202030000
Bid Fee	: NRs. **5000**/-

4. Pre-bid meeting shall be held at **Province Health Logistic Management Center** at **02:00PM, 5th Apr. 2026**
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 noon** on **19th Apr. 2026**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **02:00 PM on 19th Apr. 2026** at the office of **Province Health Logistic Management Center**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs**. 553000 /-**, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. **120 days**)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

UPPER TAMAKOSHI HYDROPOWER LIMITED (UTKHPL)
UPPER TAMAKOSHI HYDROPOWER PLANT (UTKHPP)

Invitation for Bids (IFB)

Date of Publication: Chaitra 06, 2082 (March 20, 2026)

1. Upper Tamakoshi Hydropower Limited (UTKHPL), Upper Tamakoshi Hydropower Plant (UTKHPP) invites electronic bids from eligible Nepalese bidders under the Competitive Bidding procedure.

IFB No.	Description	Last Date of Bid Submission	Cost of Bid Documents	Bid Security
UTKHPP/NCB/MG/03-2082/83	Supply, Delivery, Installation and Commissioning of Automatic Sediment Monitoring Device at UTKHPP	2083-01-06 (19 April 2026) 12:00 hrs	NPR 3,000.00 (Three Thousand Only)	NPR 90,000.00 (Ninety Thousand Only)
UTKHPP/SQ/MG/01-2082/83	Supply, Delivery, Installation and Commissioning of HSD Fuel Dispenser at UTKHPP	2082-12-22 (05 April 2026) 12:00 hrs	NPR 1,000.00 (One Thousand Only)	NPR 20,000.00 (Twenty Thousand Only)
UTKHPP/SQ/CW/02-2082/83	Construction of Sheds for Generators	2082-12-22 (05 April 2026) 12:00 hrs	NPR 1,000.00 (One Thousand Only)	NPR 30,000.00 (Thirty Thousand Only)
UTKHPP/SQ/CW/01-2082/83 (Re)	Benching Works on Towers along Gongar-Khimti 220KV Transmission Line	2082-12-22 (05 April 2026) 12:00 hrs	NPR 1,000.00 (One Thousand Only)	NPR 20,000.00 (Twenty Thousand Only)

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bids electronically (only) through PPMO's National Electronic Government Procurement System portal www.bolpatra.gov.np/egp.

Address:

Upper Tamakoshi Hydropower Ltd.
Bishnudhan Niwas, Gyaneswor, Kathmandu, Nepal
Tel: +977-1-452-0268/0295/1694
email: office@utkhpl.org.np, website: www.tamakoshihydro.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com